actionaid

# एक्शनएड नेपाल

# आकस्मिक विपत्ती तथा प्रकोप व्यवस्थापन

# अभिमुखिकरण तथा तालिम म्यानुयल

अप्रिल २००७

## यस म्यानुयलको सर्न्दभमा

एक्शन एड नेपालले नेपालको गरिवी घटाउने कार्यमा विगत २५ वर्षदेखि काम गर्दै आएको छ। गरिवीको सवालमा कुरा गर्दा प्रकोप पनि गरिवीको एक कारक तत्वको रुपमा देखिएको छ । प्रकोपमा परेर गरिवहरु झन झन् गरिव हुदै गएका छन् भने धनी मानिसहरु पनि प्रकोपमा परेर गरीव भएका उदाहरुणहरु हाम्रो समाजमा छन् । प्रकोप सामना गर्न सक्ने ज्ञान तथा क्षमता नभएर प्रकोपबाट वर्षेनी ठुलो मात्रामा धन र जनको क्षति हुदै आएको छ । यही प्रकोपबाट हुने असरलाई कम गर्नकोलागि, प्रकोपको समयमा सहयोग प्रदान गर्न र प्रकोप पछि गरिनु पर्ने पुनस्थापना तथा पुननिर्माणको कार्यमा सघाउन एक्शन एड नेपालले प्रकोपलाई एउटा मुद्दाको रुपमा लिई स्थानिय स्तर देखि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरसम्म कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

प्रकोपको ज्ञान तथा सीपलाई धेरै भन्दा धेरै जनतामा पुरयाउन एक्शन एड नेपालले विभिन्न तालिमहरु, गोष्ठिहरु, वकालतका कार्यहरु पनि संचालन गर्दै आएको छ । यही ज्ञान र सीपलाई सम्वन्धित समुदाय, संस्था तथा सरोकारवालाहरु सम्म पुरयाउनकोलागि यो आकस्मिक तथा प्रकोप व्यवस्थापन म्यानुयल तयार गरिएको छ । राष्ट्रिय स्तरका सरोकारवालाहरु र एक्शन एडका कर्मचारीहरुको लीग प्रकोप सम्वन्धि ज्ञान दिने, संस्था स्तरका कार्यकर्ताहरुलाई ज्ञान र सीप दिने र समुदाय स्तरका सहभागीहरुलाई ज्ञान र सीपका साथै अभ्यास पनि गराउने उध्देश्य राखेर यस म्यानुयलाई तयार गरिएको छ । म्यानुयल तयार गर्ने विभिन्न तरिकाहरु भएता पनि यस म्यानुयललाई शुरुमा सहजकर्ताले कसरी सहजीकरण गर्ने, के विषयमा सहजीकरण गर्ने यसको उध्देश्यहरु, समय, विधी, आवश्यक सामाग्रीहरु तथा प्रक्रियाहरु के के हुन् भनी व्याख्या गरिएको छ भने त्यससंगै सहजीकरणकोलागि आवश्यक पर्ने हाते सामाग्रीहरु, उदाहरणहरु, अडियो तथा भिडियो क्यासेटहरुको नाम पनि राखिएको छ ।

प्रस्तुत म्यानुयल तीन स्तरमा प्रदान गर्ने उध्देश्यले तयार गरिएको छ। आकस्मिक तथा प्रकोपको परिचय तथा व्यवस्थापन, प्रकोपका कारणहरु, प्रभाव तथा असरहरु, प्रकोपमा प्रयोग हुने शव्दावलीहरु जस्तै खतरा, जोखिम, संकटाभिमुखता, प्रकोप व्यवस्थापन चक्र, प्रकोप र गरिवीको सम्वन्ध, प्रकोप अधिकार विश्लेषण र एक्शन एडको प्रकोप सम्वन्धि धारणा तथा कार्यक्रमहरु बारेमा एक्शन एडका बरिष्ठ कर्मचारीहरुलाई र अन्य निति सम्वन्धि योजना तय गर्ने सरोकारवालाहरुलाई ज्ञान दिने उध्देश्यल तयार गरिएको छ ।

आकस्मिक तथा प्रकोपको परिचय तथा व्यवस्थापन, प्रकोपका कारणहरु, प्रभाव तथा असरहरु, प्रकोपमा प्रयोग हुने शव्दावलीहरु जस्तै खतरा, जोखिम, संकटाभिमुखता, प्रकोप व्यवस्थापन चक्र, प्रकोप र गरिवीको सम्वन्ध, प्रकोप अधिकार विश्लेषण र एक्शन एडको प्रकोप सम्वन्धि धारणा तथा कार्यक्रमहरु आदि विषयका साथै संकटाभिमुखता विश्लेषण र स्फियर परियोजना बारे एक्शन एडका कर्मचारी, सरकारी निकाय तथा साझेदार संस्थाका कर्मचारीहरुलाई ज्ञान तथा सिप दिने उध्देश्यले तयार गरिएकोछ ।

त्यस्तै समुदाय तथा समुदाय स्तरमा कार्यरत कर्मचारीहरुलाई ज्ञान, सीप तथा अभ्यास गर्ने उध्देश्यले आकस्मिक तथा प्रकोपको परिचय तथा व्यवस्थापन, प्रकोपका कारणहरु, प्रभाव तथा असरहरु, प्रकोपमा प्रयोग हुने शव्दावलीहरु जस्तै खतरा, जोखिम, संकटाभिमुखता, प्रकोप व्यवस्थापन चक्र, प्रकोप र गरिवीको सम्वन्ध, प्रकोप अधिकार विश्लेषण र एक्शन एडको प्रकोप सम्वन्धि धारणा तथा कार्यक्रमहरु, संकटाभिमुखता विश्लेषण र स्फियर परियोजना साथै पिआरएका विधिहरु सामाजिक नक्शा, श्रोत नक्शा, मौसमी पात्रो, समय रेखा, प्रकोप स्तरिकरण सम्वन्धि ज्ञान, सीप र अभ्यास गर्ने उध्देश्यले तयार गरिएको छ ।

सर्वप्रथम यस म्यानुयल तयार गर्नकोलागि जिम्मा लिनुहुने एक्शन एड नेपालका आकस्मिक तथा प्रकोप व्यवस्थापनका सिनियर थिम लिडर श्री श्याम सुन्दर ज्ञवाली लाई धन्यबाद दिन चाहन्छु । यस म्यानुयल तयार गर्ने क्रममा आवश्यक सामाग्रिहरु उपलव्ध गराइदिनु हुने नेपाल रेडक्रस सोसाइटी केन्द्रिय कार्यालय कालिमाटीका प्रकोप विभागका प्रमुख श्री संजीव काफ्ले, र यस म्यानुयललाई टाइप गरि सहयोग गरिदिनु हुने श्री गिरिराज घिमिरे ज्यूलाई हार्दिक धन्यबाद दिन चाहन्छु । अन्त्यमा यस म्यानुयलको समग्र संम्पादन तथा लेखनका लागि सहयोग गर्नुहुने श्री सुनील सन शाक्यको सहयोग र परिश्रम प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा, यो म्यानुयल यौटा जीवित दस्तावेजको रुपमा रहने तथा यसको प्रयोग र विकास अनवरतरुपमा आवश्यक रहने हुंदा यसका त्रुटि, कमि कमजोरीहरु ओंल्याई यसको विकासमा सहयोग गर्नुनै हुनेछ भन्ने आशय सहित यस कममा सहयोग पु¥याउनुहुने सम्पुर्ण महानुभावहरुमा साधुवाद छ !

धन्यबाद

अनील पन्त
टोली प्रमुख
मानव सुरक्षा तथा सुशासन विभाग
एक्सनएड नेपाल, काठमाण्डौ ।

**शिर्षकः तालिमको उद्घाटन**

**उध्देश्यः**

यस शेसनको अन्त्यमा
तालिमको औपचारिक रुपमा शुरुवात भएको हुनेछ

**समयः** १५ मिनेट

**विधिः** सामुहिक कार्य

**सामाग्रीहरुः** व्यानर, मार्कर, वोर्ड, मास्किड. टेप

**सहजीकरणका प्रक्रियाहरुः**

- तालिम संग सम्वन्धित व्यानर भित्तामा टांसी छोपेर राख्ने
- सहभागीहरु मध्ये बाट एकापट्टी एकजना महिला र अर्को पट्टी एकजना पुरुष पहिला नै मिलाएर राख्ने
- सवै सहभागिहरुलाई उठन लगाउने र एक आपसमा हात समाउन लगाउने
- एकापट्टीबाट महिला र अर्को पट्टीबाट पुरुषले भित्तामा छोपेर राखिएको कागजलाई दुवैले एकैचोटी हटाई उदघाटन गर्ने
- उदघाटन गरिसकेपछि सहजकर्ताले सहभागिमूलक रुपमा उदघाटन भएको र तालिम अवधिभर सहभागिमुलक प्रक्रिया अपानाइने जानकारी दिने

**सहजकर्तालाइ सुझावः**

*सहजकर्ताले उदघाटनका विभिन्न उपायहरु अवलम्वन गरि रोचक वनाउन आफैले नयां नयां तरिका पनि अपनाउन सकिन्छ । उदघाटन भन्दा अगाडि सहजकर्ताले वा संस्थाको पदाधिकारी भए पदाधिकारीले सहभागिहरुलाई स्वागत गर्नु पर्दछ ।*

**शिर्षकः** परिचय

**उध्देश्यः**

**यस शेसनको अन्त्यमा सहभागीहरु वीच**

- एक आपसमा परिचय भई सहभागिहरुको नाम ठेगाना थाहा पाउनेछन् र तालिमको सहज वातावरण तयार हुनेछ

**समयः** ४५ मिनेट

**विधिः** व्यक्तिगत प्रस्तुती

**सामाग्रीहरुः** कापी,कलम, सेतो पाटी, बोर्ड मार्कर

**सहजीकरणका प्रक्रियाहरुः**

- सहजकर्ताले सहभागीहरुलाई परिचयमा सहभागिहरुको के के कुरा थाहा भयो भने तालिम प्रक्रियामा सहयोग पुग्दछ भनी प्रश्न गर्ने
- सहभागीले भनेको कुराहरु वोर्डमा टिप्दै जाने । सहभागीहरुको कुरालाई समेटदै सहजकर्ताले नामः ठेगाना, संस्था, पद, अनुभव साथै प्रकोप सम्वन्धि आफुले देखेको, भोगेको, सुनेको घटना भन्न लगाई सवैको परिचय गराउने

**सहजकर्तालाई सुझावः**

*सहजकर्ताले सहभागीहरुको स्तर र अवस्था अनुसार परिचयका विभिन्न तरिकाहरु अपनाउन सक्नेछन् । जस्तै सवैलाई उठन लगाई सवैले सवैको परिचय एक आपसमा हात मिलाउदै पनि गर्न सकिन्छ । आफनो चित्र आफै बनाएर सवैलाइ देखाउदै परिचय गर्ने, प्रकोप संग सम्वन्धित कोटेशनहरु लाई दुई भाग बनाई सवैलाई पुग्ने गरि वांडने र जोडी मिलेको दुइ दुइ जनाको समुह बनाई एकले अर्कोको परिचय दिने आदि ।*

**शिर्षकः** अपेक्षा संकलन र तालिमको उध्देश्य

**उध्देश्यः**

**यस शेसनको अन्त्यमा सहभागीहरु वीच**

सहभागीहरुबाट तालिमको अपेक्षा संकलन भई तालिमको उध्देश्य र सहभागीहरुको अपेक्षाबीच समानता छ भन्ने बुझाईको विकास हुनेछ ।

**समयः** ३० मिनेट

**विधिः** व्यक्तिगत अभ्यास र छलफल

**सामाग्रीहरुः** मेटाकार्ड, साइनपेन, मार्कर, सेतोपाटी

**सहजीकरणका प्रक्रियाहरुः**

- सहजकर्ताले सहभागीहरु प्रत्येकलाई तीन तीन वटा मेटा कार्ड दिने र यस तालिम बाट के सिक्ने अपेक्षा राख्नु भएको छ भनी एउटा मेटा कार्डमा एउटा गरी जम्मा तीन वटा अपेक्षाहरु लेख्न लगाउने
- सवै सहभागीहरुलाई पालै पालो आफनो अपेक्षाहरु भन्न लगाउने र बोर्डमा टांस्दै जाने
- सवैले भनिसकेपछि सहभागिहरुलाई सोध्दै अपेक्षाहरु बाट नै तालिमको उध्देश्य तयार गर्न लगाउने
- सहजकर्ताले तयार गरि राखेको तालिमको उध्देश्य र सहभागीहरुले बनाएको उध्देश्य बारे छलफल गर्ने र तालिमको एउटै उध्देश्य वनाउने
- सहभागीहरुको अपेक्षामा आएका कुराहरु तालिमको औपचारिक शेसन भित्र समेटन नसकिएमा अनौपचारिक शेसन जस्तो विहान बेलुका पनि छलफल गर्न सकिन्छ भनी बताउने । यदि तालिम संग सम्वन्धित नभएका अपेक्षाहरु आएमा यस तालिममा गर्न नसकिने बताउने

**सहजकर्तालाई सुझाव** : सहजकर्ताले तालिमको उध्देश्य आवश्यकता अनुसार न्युजप्रिन्ट वा ट्रन्सपरेन्सी सीट मा तयार गरेर पहिला नै राख्ने । सहभागीहरुले उध्देश्य बनाउंदा समुह वनाएर पनि वनाउन सकिन्छ र सवैको सहमतिमा सहजकर्ताले बनाइदिन पनि सकिन्छ ।

**शिर्षकः** तालिमका निती नियमहरु

**उध्देश्यः**

**यस शेसनको अन्त्यमा सहभागीहरुले**

तालिम व्यवस्थित तथा प्रभावकारी तरिकाले संचालन गर्न आवश्यक पर्ने निती नियमहरु तयार गर्नेछन्

**समयः** ३० मिनेट

**विधिः** छलफल

**सामाग्रीहरुः** न्यूज प्रिन्ट पेपर, मार्कर पेन, मास्किङ टेप

**सहजीकरणका प्रक्रियाहरुः**

- सहभागीहरुलाई तालिमलाई व्यवस्थित तीरकाले संचालन गर्न के के गर्न सकिन्छ भनी सहभागीहरुलाई सोध्ने
- सहभागीबाट आएका कुराहरु कागजमा लेख्तै जाने जस्तै सहभागीबाट समयमा उपस्थित हुने, हल्ला नगनै, पालैपालो बोल्ने आदि ।
- त्यस्तै सहजकर्ताले पनि सहभागीबाट नआएका बुंदाहरु थप्न सकिन्छ ।
- छलफलमा सक्रिय भएर भाग लिने, लाज नमान्ने, आफना अनुभवहरु राख्ने, एक आपसमा सम्मानपूर्वक व्यवहार गर्ने, नयां सिकाई हरु टिप्ने, जस्ता बुदांहरु थप्न सकिन्छ ।
- त्यस पश्चात तालिम कति बजे शुरु गर्ने, चिया, खाना, खाजा र कक्षा समाप्त कति वजे गर्ने तय गर्ने
- तालिमलाई व्यवस्थित गर्नकोलागि सहभागीहरु मध्येबाट तालिमको प्रतिवेदन र मूल्यांकन समुह, मनोरंजन समुह र व्यवस्थापन समुह वनाइ आ आफनो जिम्मा दिने । सहजकर्ताले समुहको जिम्मेवारी बताइदिने । जस्तो कि व्यवस्थापन समुहले कक्षा कोठाको व्यवस्थापन, सरसफाई, समयको पालना, तालिम सामाग्री आदि कस्तो छ हेर्ने, मनोरंजन समुहले कक्षा कोठामा अल्छि लागेमा वा वेला वेलाम मनोरंजन गरि रमाइलो र फुर्तिलो वातावरण वनाउने र प्रतिवेदन र मुल्यांकन समुहले प्रत्येक दिनमा के विषयमा छलफल भयो, के विधी अपानाइयो र के मुख्य सिकाई भयो भनी प्रतिवेदन वनाइ दोश्रो दिन सुनाउने साथै सहभागिहरुले सिके नसिकेको, सहभागीहरुको सहभागिता, तालिममा विषयवस्तु र विधी कस्तो भयो र के सुधार गर्नुपर्छ भनी मूल्यांकन गरि सुनाउने कार्य गर्ने भनी भन्ने

## शेसन एक
## शिर्षकः आकस्मिक तथा प्रकोप व्यवस्थापन सम्वन्धि परिचय

**उध्देश्यः**

**यस शेसनको अन्त्यमा सहभागीहरु वीच**

- आकस्मिक अवस्था र प्रकोप के हो भन्न सक्नेछन्
- प्रकोपका कारण, प्रकार र असरहरुबारे बताउन सक्नेछन्

**समयः २ घंटा**

**विधिः** व्यक्तिगत कार्य, समुह कार्य, ठुलो समुह छलफल

**सामाग्रीहरुः** मल्टि मिडिया, तथा ओभरहेड प्रोजक्टर, न्यूज प्रिन्ट, मार्कर, बोर्ड मार्कर, प्रकोप का नाम लेखिएका कागजका पानाहरु

**सहजीकरणका प्रक्रियाहरुः**

- सहभागीहरुलाई आकस्मिक तथा प्रकोप भनेको के हो रु भनी आ आफनो कपीमा लेख्न लगाउने
- सहजकर्ताले आकस्मिक तथा प्रकोप सम्वन्धि परिभाषा तथा प्रकोप व्यवस्थापन के हो भनी सर्न्दभ सामाग्रीमा भएका  बताइदिने
- सहभागीले लेखेको र सहजकर्ताले भनेको तुलना गर्ने र स्पष्टताको लागि छलफल गर्ने
- सहभागीहरुलाई तीन समुहमा विभाजन गर्ने र प्रत्येक समुहलाई प्रकोपका नाम लेखिएका कागजका टुक्राहरु तथा  तस्विरका टुक्राहरु (जस्तैः बाढी, भूकम्प, पहिरो, सुनामी, आगलागी, आंधीबेहरी, ज्वालामुखी, आणविक भट्टी दुर्घटना, माहामारी, युध्द)छयासमिस गरेर दिने
- सहभागीहरुलाई यि खतराहरु कुन प्रकोपहरु मानवका कारणले र कुन प्राकृतिक कारणले हुन्छन् भनी छुट्याउन लगाउने
- मानव सृजित र प्राकृतिक छुट्याई सकेपछि पुन फेरि भौगर्भिक वातावरणीय प्रविधिय, रासायनिक,  जन अशान्ति,  मौसमी , स्वास्थ्य, जैविक , आगलागी के मा पर्दछ भनी छुट्याउन लगाउने
- समुहले छुट्याइ सकेपछि प्रस्तुती गर्न लगाउने
- सहजकर्ताले उदाहरण सहित प्रकोपका विभिन्न प्रकारहरुका वारेमा र प्रकोपको कारणहरुको बारेमा सहभागीहरुलाई बताउने
- सहभागीहरुलाई प्रकोपले हाम्रो समाजमा के कस्तो असरहरु वा प्रभावहरु ल्याउंदछ भनी प्रश्न गर्ने
- सहभागीबाट आएका बुंदाहर सेतोपाटीमा टिप्दै जाने
- सहजकर्ताले प्रकोपले पार्ने असरहरु तथा प्रभावको वारेमा व्याख्या गरिदिने
- स्पष्टताको लागि सहभागीहरु विच केही समय छलफल चलाउने
- सहजकर्ताले आकस्मिक तथा प्रकोप, प्रकोपका प्रकारहरु, यस्का असरहुरु र प्रकोप व्यवस्थापन सम्वन्धि सारांस प्रस्तुती गर्ने

# सहजकर्ताकोलागि सन्र्दभ सामाग्री

## शेसन एककोलागि सन्र्दभ सामाग्री तथा हातेपत्रहरु

### आकस्मिक तथा संकटकाल (Emergency)

प्रकोपहरुको तात्कालीक परिणाम स्वरुप पीडाहरुको पराकाष्टाले (वा अपहेलना तथा सामाजीक द्धन्द तथा वातावरणीयहास वा विविध सामाजीक आर्थिक कारणले) श्रृजीत एउटा यस्तो विषम परिस्थिती जव ज्यानको जोखिम तथा मानविय सुरक्षा र जनजीवनमा प्रत्यक्ष संकट आइ पर्दछ । र प्रष्ट एवं थाहाहुने गरि एउटा समूदाय, समूह वा समाजको जीवननीर्वाहमा खस्कदो प्रभाव पार्न थाल्छ । त्यो अवस्थालाई आकस्मिक वा संकटकालको रुपमा बुझिन्छ ।

अक्सफोर्ड शव्दकोष अनुसार : एउटा अकस्मात, गंभिर तथा खतरायुक्त घटना तथा अवस्था हो जस्ले तुरुन्तै त्यसमा कार्य गर्नु पर्ने हुन्छ ।
(a sudden serious and dangerous event or situation, which needs immediate action to deal with it.)

आकस्मिक तथा संकटकाल यस्तो असाधारण अवस्था हो जाहां मानिसहरुले उनीहरुका आधारभूत आवश्यकताहरु परिपूर्ति गर्न सक्दैनन अथवा त्याहां मानिसहरुलाई गंभिर र तुरुन्त केही नगरि नहुने चुनौती हुन्छ ।

### प्रकोप (Disaster)

प्रकोप भन्नाले भूकम्प, आगलागी, वाढी पहिरो, अनावृष्टी, अतिवृष्टी, अनिकाल, माहामारी, युध्द, भोकमरी, आदिलाई प्रकोप भनिन्छ ।
प्रकोप विपत्तिपूर्ण परिस्थिती हो जुन अवस्थामा धेरै जस्तो जन जीवन अकस्मात, अस्तव्यस्त हुन पुग्छ । यस्तो परिस्थितीमा मानिसहरुले धेरै दुःख पाउाछन् । यसको परिणाम स्वरुप सुरक्षा, खाना, नाना, छाना (आवास), औषधि उपचार तथा सामाजिक सेवा जस्ता मान्छेलाई जीवनमा नभई नहूने अन्य आवश्यक्ताहरुको पूर्ति गर्नु आवश्यक हुन्छ ।

अक्सफोर्ड शव्दकोष अनुसार : एउटा आशा नगरिएको दुखद घटना, जस्तो कि ठुलो दुर्घटना, बाढी, आगलागी जस्ले धैरै मान्छेको ज्यान लिने र धनजनको क्षती हुने कारक वन्दछ।

(an unexpected event, such as a very bad accident, a flood or a fire, that kills a lot of people or causes a lot of damage. )

दैवी प्रकोप उध्दार ऐन २०३९ मा दैवी प्रकोप (प्रकोप) लाई यस प्रकार परिभाषित गरिएको छ :

प्रकोप भन्नाले भूकम्प, आगलागी, आंधीवेरी,बाढी, पहिरो, अतिवृष्टि, अनिकाल, माहामारी तथा यस्तै अन्य प्राकृतिक प्रकोपलाई सम्भनुपर्छ र सो शव्दले औधोगिक दुर्घटना विस्फोटक वा विषाक्त पदार्थध्दारा हुने दुर्घटना तथा यस्तै कुनै पनि प्रकारको प्रकोपलाई समेत जनाउने छ ।

तत्कालिन लिग अफ रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटिजले गरेको परिभाषाः प्रकोप भनेको यस्तो परिस्थिति हो , जुन परिस्थितिमा धेरैजसो मानिसहरुले दुःख पाउंछन र यसको पीरिणामस्वरुप सुरक्षा, खाना, लुगा फाटो

आवास, औषधी उपचार तथा सामाजिक सेव जस्ता मान्छेलाई जीवनमा नभै नहुने अन्य आवश्यकताहरुको पूर्ति गर्नु आवश्यक हुन्छ ।

## प्रकोपको विशेषता

- प्रकोप अचानक उत्पन्न हुने विपतपूर्ण अवस्था हो
- प्रकोपले मानिसको नियमित जीवनपध्दतीलाई असामान्य र अस्तव्यस्त वनाउंदछ ।
- प्रकोपका कारण मानिस मर्दछन्, घाइते हुन्छन् र धन सम्पतिको हानी नोक्सानी हुन्छ
- प्रकोप उत्पन्न भएको अवस्थामा खाना, बसोबास, लुगाफाटो, औषधी उपचार र सामजिक सुरक्षाको खांचो हुन्छ
- प्रकोपको अवस्थामा पिडित परिवार तथा समाजका तत्कालिन आवश्यकता पुरा गर्न उपलव्ध श्रोत साधन र क्षमता अपर्याप्त हुन्छ ।
- प्रकोपबाट वच्न र त्यसबाट भएको क्षती र पिडाबाट मुक्ति पाउन व्यक्ति वा समुदायलाई तत्कालिन राहत, उध्दार र पुर्नस्थापनाको लागि छरछिमेक, सरकार तथा विदेशीको समेत आवश्यकता पर्न सक्दछ ।

साभार : प्रकोप ज्ञानमाला, इको नेपाल काठमाण्डौ

## प्रकोप व्यवस्थापन (Disaster Management )

प्रकोप व्यवस्थापनले समष्ठिगतरुपमा प्रकोपको विषयलाई मध्यनजर राखी अवलम्वन गरिने योजनाहरु तथा सो को पहलका लागि, प्रकोप पूर्व वा पश्चात अपनाइने उपाय एवं गतिविधीहरुलाई वुझाउंद छ । यसले दुवै अवस्था, प्रकोपका जोखिमहरु तथा प्रभाव तथा असरहरुको व्यवस्थापनको विषयलाई समेटेको हुन्छ ।

प्रकोपजन्य घटना उत्पन्न हुन सक्ने अवस्थामा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न, प्रकोपको प्रभाव यथासम्भव नियन्त्रण गरि जनधनको क्षति घटाउन, आपतकालिन राहत उध्दार र प्रकोपपछि गरिने पुर्ननिर्माण, तथा पुर्नस्थापना जस्ता कार्यहरुको व्यवस्थित स्वरुपलाई प्रकोप व्यवस्थापन भनिन्छ । प्रकोपको व्यवस्थापनको लागि संभावित प्रकोपको पहिचान, जोखिम नक्शांकन, खतराको विश्लेषण तथा संभावित क्षतिको न्यूनतम तथा अधिकतमा स्तरको अनुमान गर्नुपर्दछ । प्रकोपको विगतको अवस्थाको आधारमा गरिएका अध्ययन र विश्लेषणलाई आधार मानेर प्रकोपपूर्व, प्रकोप भइरहेको अवस्थामा र प्रकोप भइसकेपछि व्यवस्थित रुपमा विभिन्न कार्यहरु गर्नुपर्दछ ।

प्रकोप ज्ञानमाला

प्रकोप व्यवस्थापन भन्नाले दैवीप्रकोप पर्नु अगाडी न्यूनीकरण र पूर्व तयारी, परिरहेको बेला राहत र उद्धार र परिसकेपछि पुनःस्थापना र पुनःनिर्माणका गतिविधीहरु सुव्यवस्थित तरिकाबाट संचालन गर्नका लागि अंगालिने सम्पूर्ण क्रियाकलापका उपायहरलाई नै दैवीप्रकोप व्यवस्थापन भनिन्छ ।

तालिम म्यानुयल, राम प्रसाद भट्टराई

## प्रकोपका कारणहरु

**प्रकोप दुई कारणबाट हुन्छ ।**

□**प्राकृतिक कारण (Natural Disaster)**

कुनै पनि प्राकृतिक कारणले घटेको घटनाबाट जनधनको क्षति भई सामाजिक जनजीवनमा असर पुऱ्याउछ भने त्यस्तो घटनालाई प्राकृतिक प्रकोप (Natural Disaster) भनिन्छ । उदाहरणः भूकम्प, ज्वालामुखी, त्सुनामी, बाढी इत्यादी ।

□**मानव निर्मित (Man Made Disaster)**

कुनै पनि मानवको कारणले उत्पन्न हुने घटनाबाट धन जनको क्षति भइ सामाजिक जनजीवनमा असर पुऱ्याउछ भने त्यस्तो घटनालाई मानव निर्मित प्रकोप (Man MadE Disaster) भनिन्छ। उदाहरणः
रासायनिक दुर्घटना, प्रविधिय दुर्घटना, वातावरणीय दुर्घटना, यातायात दुर्घटना, मरुभूमीकरण, ईत्यादि ।

यसवाहेक अर्को किसिमबाट पनि प्रकोपलाई हेर्न सकिन्छ ।

क. जमिनमुनी भएको हलचलको कारणबाट उत्पन्न हुने प्रकोप । जस्तैः भूकम्प, ज्वालामुखीको विस्फोटन, भूक्षय आदि ।
ख. पानीको कारणबाट उत्पन्न हुने प्रकोप । जस्तैः अतिवृष्टि, बाढी, खडेरी, अनिकाल, असिना आदि
ग. हावाको कारणबाट हुने प्रकोप जस्तै : आंधीवेरी, समुद्री तुफान आदि
घ. जमिनको सतहमा हुने प्रकोप जस्तैः सडक दुर्घटना, ओधोगिक दुर्घटना, माहामारी, आदि ।

## प्रकोपका प्रकारहरु -Types of Disaster

| | |
|---|---|
| ☐भौगर्भिक (Geological) | ☐वातावरणीय (Environmental) |
| ☐प्रविधिय (Technological) | ☐रासायनिक (Chemical) |
| ☐जन अशान्ति (Civil Unrest) | ☐मौसमी (Climatic) |
| ☐स्वास्थ्य (Health) | ☐जैविक (Biological) |
| ☐आगलागी (Fire) | ☐अन्य (Others) |

### भौर्गभिक *(GEOLOGICAL)*

- भूकम्प (Earthquake)
- त्सूनामी (Tsunami)
- पहिरो (Landslide)
- ज्वालामुखी (Volcano)
- हिम पहिरो (Avalanches)

### *मौसमी (CLIMATIC)*

- आँधीबेहरी (Cyclone)
- हिम आँधी (Snow Storm)
- असिना (Hailstorm)
- बाढी (Flood)
- हिले बाढी (Mud Flood)
- हिमताल बिस्फोटनबाट आउने बाढी (GLOF)
- खडेरी (Drought)
- चट्याङ० (Lightning)
- तातो वायु (Heat Waves)
- शितलहर (Cold Waves)

### *वातावरणीय (ENVIRONMENTAL)*

- वातावरणीय प्रदुषण (Environmental Pollution)
- वन विनाश (Deforestation)
- मरुभूमीकरण (Desertification)

### *स्वास्थ्य (HEALTH)*

- सरुवा रोग (Epidemic Disease**)**

### रासायनिक *(CHEMICAL)*

- **रासायनिक दुर्घटना** (Chemical Accident)
- **आणविक दुर्घटना** (Nuclear Accident)

### जैविक *(BIOLOGICAL)*

- **किट प्रकोप (Pest Infestation)**
- **वन्य जन्तुको आतंक ( Wild Life Threat )**

### *प्रविधिय (TECHNOLOGICAL)*

- औद्योगिक दुर्घटना (Industrial Accident)
- यातायात दुर्घटना ( Transport Accident )

### जन अशान्ति *(Civil Unrest)*

- सामाजिक कलह (Social Conflict)
- राजनैतिक कलह (Political Conflict)
- धार्मिक कलह (Religious Conflict)

*आगलागी* ***(FIRE)***
- भवन आगलागी (Building Fire)
- औद्योगिक आगलागी (Industrial Fire)
- वन आगलागी (Bush Fire)
- यातायात आगलागी (Transport Fire)

***अन्य (Others)***
- भिडमा किच्चिनु (Stampede)
- भोकमरी (Famine)

# प्रकोपका कारण

पूर्वपश्चिम करिब ८८५ किलोमिटर र उत्तरदक्षिण १९३ किलोमिटरभित्र फैलिएको भूपरिवेष्ठित मुलुक नेपाललाई क्षेत्रफलका आधारमा साने मानिन्छ । तथापि, समुद्रसतहबाट मात्र ६० मिटर अग्लो मैदानदेखि ८,८४८ मिटर अग्लो विश्वकै सर्वोच्च शिखर सगरमाथा तथा उच्च हिमाल, बेंसी, उपत्यका जस्ता धरातलिय विविधता भएकाले सानो भौगोलीक क्षेत्रभित्र पनि थुप्रै असमानता पाईन्छ । यही विषम भौगोलीक वितरण र जलवायु विविधताका कारण विभिन्न प्रकारका प्रकोपजन्य घटना उत्पन्न हुन्छन्, जसका प्रमुख कारण निम्न छन् :

## प्राकृतिक कारण

नेपालको कुल क्षेत्रफलको झन्डै ८३ प्रतिशत भाग पहाड र हिमाली क्षेत्रले ढाकेको छ । हिन्दकुश हिमालयक्षेत्रभित्र पर्ने एसिया महादेशको यो हिमालय शृङ्खला लगभग ५ करोड वर्षपहिले मात्र उत्पत्ति भएको हुादा संसारकै कान्छो पर्वत मानिन्छ । त्यसैले यहााको भूसतह ज्यादै कमलो र अस्थिर छ । नेपालको भौगोलिक स्वरुप र धरातलीय अवस्था विषम एवम् कमजोर भएकाले यहााको ढुङ्गामाटोको संयोजनमा सामान्य क्रियाकलापले पनि विचलन पैदा गर्दछ । यसै हुनाले नेपालमा प्रकोपजन्य घटनामा वृद्धि हुादै जानुमा भौगोलिक तथा धरातलीय अवस्थालाई प्रमुख कारण मानिन्छ । नेपालमा हुने प्रकोपका प्राकृतिक कारणलाई निन्नानुसार लिन सकिन्छ :

## भौगोलिक कारण :

नेपालको पहाडीक्षेत्र विश्वकै सबैभन्दा कान्छो पर्वतशृङ्खला भएकाले यहााको धरातल पूर्णरुपमा स्थिर भईसकेको छैन । सामान्य वर्षाद्वारा पनि यहााको कमजोर भूसतह खस्किने हुादा भूक्षय, पहिरो तथा भूईचालोको अत्यधिक जोखिम रहेको छ ।

## भौगर्भिक कारण :

नेपाल हिन्दुकुश हिमालयको करिब २,४०० किलोमिटर लामो चन्द्राकार पर्वतीय क्षेत्रको केन्द्रमा रहेको छ । यहााको भूगर्भमा उत्तरी क्षेत्रमा रहेको तिब्बती प्लेटभित्र दक्षिणी क्षेत्रमा रहेका भारतीय टेक्टोनिक प्लेट निरन्तर घुम्दै गईरहेको भूगर्भविद्हरुको भनाई छ । यसकारण यो क्षेत्रको भौगभिक अवस्था ज्यादै संवेदनशील मानिन्छ । यी भूगर्भीय चट्टानको गतिशीलताकै कारण नेपालमा सधै विनाशकारी भुइाचालोको सम्भावना रहेको छ । भुइाचालोको ऐतिहासिक अध्ययनबाट नेपालमा ७० देखि १०० वर्षको अन्तरालमा विनाशकारी भुइाचालो जानेगरेको देखिन्छ ।

## मनसुनी कारण :

दक्षिणतर्फ रहेको बङ्गालको खाडीबाट उठ्ने मनसुनी वायुबाट सिर्जित वर्षाको प्रभाव पनि यस क्षेत्रमै बढी पर्दछ । त्यहााबाट उठेर बहने मनसुनी वायु उच्चहिमशृङ्खलामा ठोक्किादा त्यसभन्दा तल्लो क्षेत्रमा अत्यधिक वर्षा हुन्छ । परिणमस्वरुप यहााको कमजोर भूसतहको माटो क्षयीकृत हुन्छ भने बाढी र पहिरोले जनधनको ठूलो क्षति गर्दछ ।

## वायुमण्डलीय कारण :

वायुमण्डलमा हुने क्रिया-प्रतिक्रियाका कारण असिना, चट्याङ, हुरीबतास, आाधीबेहेरी, हिमपात शीतलहर, अतिवृष्टि, खण्डवृष्टि खडेरीजस्ता घटनाले प्रकोपजन्य अवस्था उत्पन्न गर्दछन् ।

## मानवीय कारण :

कुनै पनि प्राकृतिक घटना आफैमा कुनै प्रकोप हुदैन । त्यस्ता घटनाबाट मानिसमाथि प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रतिकूल प्रभाव परे वा क्षति भएमा मात्र प्रकोप हुन्छ । यस तथ्यलाई हृदयङगम गर्दा प्रकोपको मुख्य कारकका रुपमा मानिस नै अगाडि आउाछ । प्राकृतिक घटनालाई प्रकोपमा रुपान्तरण गर्न मानिसका विकासे कार्य नै बढी जिम्मेवार हुन्छन् । प्रकोपका मानवीय कारणलाई निम्नानुसार लिन सकिन्छ ।

### अशिक्षा

प्रकोप उत्पन्न गर्ने सबैभन्दा जल्दोबल्दो कारणमा अशिक्षा तथा प्रकोपप्रतिको भ्रामक धारणलाई लिन सकिन्छ । नेपालको कुल जनसङ्ख्यामध्ये करिब ६० प्रतिशत साक्षर रहे पनि शिक्षित व्यक्तिमा समेत प्रकोपसम्बन्धी चेतनाको

**प्रकोपबाट बढी प्रभावित हुने समुदाय**

- आयआर्जनका वैकल्पिक उपाय नभएका गरीब समुदाय ।
- घरखेत नभएका र गरिबीका कारण नदीकिनार भीरपाखाजस्ता खतरायुक्त स्थानमा बसोबासस गर्न बाध्य परिवार वा समुदाय ।
- विकासको मूलप्रवाहमा नसमेटिएका तथा अधिकारबाट वञ्चित उत्पीडित, दलित, जनजाति ।
- शिक्षाको पहुँच नपुगेका वा शिक्षा आर्जन गर्न असमर्थ समुदाय
- बालबालिका, बूढाबूढी, अशक्त, गर्भवति वा सुत्केरी महिला ।
- आर्थिक, सामाजिक र साँस्कृतिक कारणले असुरक्षित स्थानमा बसोबास गर्न बाध्य वा सुरक्षित घर बनाउन असमर्थ समुदाय ।

अभाव रहेको पाइन्छ । प्रकोपलाई अझसम्म पनि ईश्वर वा भाग्यको खेल मान्ने भ्रमबाट नेपाली समाज बाहिरिन सकेको छैन ।

## गरिबी

गरिब व्यक्ति, परिवार तथा समुदायले प्रकोपको सामना गर्नसक्ने सम्भावना ज्यादै न्यून रहन्छ । त्यसैगरी, गरिब वर्ग नै प्रकोपको बढी जोखिम रहेको स्थानमा बसोवास गर्न पनि बाध्य हुन्छन् । प्रकोप न्यूनीकरण तथा नियन्त्रणका कार्य र प्रविधिमा पनि उनीहरुको पहुाच स्थापित हुन सक्दैन । त्यसैले गरिबीलाई पनि प्रकोपको प्रमुख कारण मान्नसकिन्छ ।

## अवैज्ञानिक भू-उपयोग :

नेपालको पर्वतीय क्षेत्रको भू-सतह आफैमा ज्यादै कमजोर छ । त्यसमाथि अवैज्ञानिक खेतीप्रणली अपनाइनाले यसबाट भूक्षयको सम्भावना झन् बढेको छ । भिरालो भूमिमा गरिने अवैज्ञानिक र अस्वाभाविक खेतीका कारण भू-क्षय, पहिरो, मरुभूकरण लगायतका समस्या थपिदै गएका छन् ।

## वनविनाश तथा खोरिया खेती :

बढ्दो जनसङख्याका लागि साधनश्रोत जुटाउनकै लागि नेपालमा अनियन्त्रितरुपमा वनफाडानी गरेर प्राकृतिक प्रणलीमाथि दबाब दिने कार्य तीव्ररुपमा चलिरहेको छ । भिरालो पाखामा खोरिया फााडेर गरिने खोरिया खेतीप्रणलीले पनि प्राकृतिक परिस्थितिकीय प्रणली अपकर्षित भईरहेको छ । यस्ता कारणले प्राकृतिक वातावरण र जैविक विविधतामाथि मात्र प्रभाव पारेको छैन, भूक्षय र पहिरोबाट उत्पन्न हुने प्रकोपको जोखिम बढ्दै गएको छ ।

## अनियोजित निर्माण :

विकासनिर्माण मानवीय आवश्यकता मात्र नभएर सभ्यताअनुसार अगाडि बढ्ने निरन्तर प्रक्रिया हो । तर, प्रकोपको सम्भावनालाई ध्यानै नदिई निर्माण गरिएका सढक, पुल, विद्युत् आयोजना, सिाचाइ नहर, भवन आदिले प्रकोपको जोखिम निकै बढाएका छन् । प्रकोपको सामना गर्ने क्षमतायुक्त संरचना निर्माण गर्न योजनाबद्ध कार्य नभएकाले नेपालमा सामान्य घटनाबाट पनि धेरै क्षति हुने गरेको छ ।

## औद्योगिक विकास :

प्रकोपको विस्तारमा सहयोग पुऱ्याउने अर्को मानवीय कारण औद्योगिक विाकास पनि हो मानिसलाई ठूलो परिमाणमा आवश्यका हुने वस्तुको उन्पादन गर्नेदेखि रासायनिक वस्तु, र ऊर्जा उत्पादन गर्ने उद्योगमा हुने दुर्घटनाका कारण विश्वव्यापीरुपमा जनधनको ठूलो क्षति पुग्ने गरेको छ ।

### प्रकोपबाट भइरहेको क्षति

नेपालमा प्रकोपका कारण मात्र प्रत्येक वर्ष कबि ८२ करोड मूल्य बराबरको धनसम्पत्ति नष्ट हुने गरेको छ । विगत २० वर्षको तथ्याङ्कले बाढीपहिरोबाट प्रतिवर्ष सालाखाला ३२० जनाको ज्यान गइरहेको देखाउँछ । १९९० सालको भूइँचालोमा परी ८,१५९ मानिसको मृत्यु भएको थियो भने २०४५ सालको भूइँचालोमा परी ७२१ जनाले ज्यान गुमाएका थिए । नेपालमा सबैभन्दा बढी मानिस महामारीबाट मर्नेगरेको पाइन्छ । महामारीले हरेक वर्ष सालाखाला ५६५ जनाको ज्यान लिने गरेको छ ।

## कृत्रिम बााधनिर्माण :

जलविद्युत् वा सिाचाइका लागि बनाइने ठूला बााधका कारण परिस्थितिकीय प्रणालीमा विचलन आएर विभिन्न प्रकारका प्रकोप उत्पन्न हुनेगरेका छन् । प्राविधिक त्रुटिका कारण बााधभन्दा माथिल्लो क्षेत्र डुबान हादा वा बााध फुटेर पानिको बहावमा एकाएक वृद्धि हादा अपूरणीय क्षति हुन्छ । तराईको सीमावर्तीक्षेत्रमा भारतले निर्माण गरेका बााधका कारण नेपालका तराईका अधिकांश जिल्ला हरेक वर्ष डुबानमा पर्दै आएका छन् ।

## सामाजिक द्वन्द्व र युद्ध :

मानवसभ्यतासागै प्रारम्भ भएको सामाजिक द्वन्द्वले यसवेला नेपालमा पनि प्रकोपको भयावह अवस्था सिर्जना गरेको छ । वर्तमान समयमा सामाजिक द्वन्द्व तथा युद्ध विश्वव्यापीरुपमै जनधनको क्षतिको कारक बनेको छ । प्रथम र द्बितीय विश्वयद्ध एवम् त्ससअघि  र पछिका असङ्ख्य यद्धले जनधनको क्षति मात्र गरेको छैन, मानवजीवनमा दीर्घकालीनरुपमा त्रासदी नै फैलाएको छ ।

## सरसफाइको अभाव :

बढ्दो जनसङ्ख्या, सहरीकरण, स्वास्थ्य शिक्षाको अभाव, दूषित खाना तथा पानी, कुपोषण, अप्राकृतिक यौनजन्य क्रियाकलाप, सरसफइको अभावजस्ता कारणले पृथ्वीमा हरेक दिन नयाा रोगको जन्म हुन थालेको

छ । एड्स, हैजा, झाडापखाला, कालाजार, मलेरिया र भाइरल इन्फलुएन्जा तथा बर्डफ्लु र सार्सजस्ता महामारीले पनि वर्षेनी हजारैं मानिसको ज्यान लिइरहेको छ ।

### वातावरण प्रदूषण :

जनसङ्ख्या वृद्धि, श्रोतमाथिको अतिक्रमण, औद्योगिक विकास, फोहोरमैला वृद्धिजस्ता कारणले वातावरणीय प्रदूषण निकै बढेको छ । बायुमण्डलीय प्रदूषणमा पृथ्वीबाट उत्सर्जन हुने कार्बनडाइअक्साइड, कार्बन मोनोअक्साइड, मिथेन, नाइट्रोजनका अक्साइड, क्लोरिनजस्ता ग्यासको प्रमुख हात रहेको छ । त्यस्तै रासायनिक पदार्थ जैविक हतियार, कीटनासक औषधि, प्लास्टिकजस्ता प्रदूषक रासायनिक पदार्थको उत्पादन र प्रयोगले पनि वातावरणीय प्रदूषण बढाएको छ । यस्ता प्रदूषकका कारण वातावरण अपकर्षण तथा प्रदूषण बढेर प्रकोपजन्य घटना वृद्धि गर्ने भएकाले वातावरण प्रदूषणलाई पनि प्रकोप उत्पन्न गर्ने कारकका रुपमा लिनसकिन्छ ।

## प्रकोपको प्रभाव

जनधनको क्षति गर्ने कुनै आकस्मिक घटनालाई प्रकोप मानिन्छ । प्रकोपको विनाशकारी अवस्था त्यसले पार्ने प्रभावका आधारमा निर्धारण हुन्छ । प्रकोपको स्तरअनुसार मानव समाजमा विभिन्न किसिमका प्रभाव पर्दछन् । प्रकोपबाट व्यक्ति, परिवार र समुदायमा तत्कालीन पीडा त हुन्छ नै त्यसको प्रभाव दीर्घकालसम्म पनि रहनसक्दछ । त्यसैले प्रकोपको मारबाट बच्न यसबाट के कस्ता तत्कालीन र दीर्घकालीन प्रभाव पर्दछ भन्ने बुझ्नु आवश्यक छ ।

### तत्कालीन प्रभाव

प्रकोपले मानिसको ज्यान लिने, घाइते बनाउने र धनसम्पत्ति नष्ट गर्ने हुादा तत्कालको जनजीवन कष्टकर हुन्छ । आफू र आफना परिवारका सदस्यलाई नै बचाउन कठिन हुने प्रकोपमय अवस्थामा धनसम्पत्ति जोगाउने सम्भावना ज्यादै कम हुन्छ । प्रकोपले छोपेको अवस्थामा पंभावित व्यक्ति तथा समुदायमा खाना, आवास, लुगाफाटो, औषधिउपचार, सुरक्षा र सामाजिक सेवालगायतका आधारभूत वस्तु र सेवाको अभाव हुन्छ । प्रकोपबाट पर्ने तत्कालीन प्रभाव निम्नानुसार छन् ।

### मानवीय क्षति

प्रकोपमा परेर मानिस मर्नु सबैभन्दा ठूलो क्षति हो । मानिस घाइते हुनुलाई दोश्रो ठूलो क्षति मानिन्छ । बााचेका मानिसका लागि आफन्त गुमाउनु नै तत्कालको सबैभन्दा ठूलो दुःख हुन्छ । यस अवस्थामा मृतकको सहादत गर्नु, घाइतेको उपचारको व्यवस्था मिलाउनु र वेपत्ता भएकाको खोजी गर्नु प्रमुख कर्तव्य बन्दछ ।

प्रकोपबाट उत्पन्न भयावह स्थितिमा बााचेकामध्येकै पनि कतिपय मानिसले पीडा सहन गर्न नसकेर प्राण त्याग गर्न सक्दछन् ।

## आर्थिक क्षति

प्रकोपबाट घरबार, धनमाल, खेतीपाती, पशुधन आदि नष्ट हुन्छन् । उद्योग, कलकारखाना, जग्गाजमिन, खाद्यवस्तु, सडक, पुल, विद्युत् उत्पादनकेन्द्र तथा वितरणप्रणाली, खानेपानीका संरचना, सार्जजनिक भवन, विद्यालय, अस्पताल आदि नष्ट हुादा प्रत्यक्ष आर्थिक क्षति हुन्छ । प्रकोपको समयमा आश्रयस्थल, औषधि, खाद्यान्नजस्ता आवश्यक वस्तुको अभाव हुने हुादा अशक्त, बिरामी, केटाकेटी, बूढाबूढी, गर्भवती र सुत्केरी महिला बढी प्रभावित हुन्छन् । प्रकोपबाट हुने आर्थिक क्षतिलाई निम्नानुसार लिन सकिन्छ ।

- **सञ्चित धनको क्षति** : खाद्यान्न, लुगाफाटो, गरगहना आदि ।
- **भौतिक संरचनाको क्षति** : घर, गोठ, खानेपानी, र ऊर्जासंयन्त्र आदि ।
- **भूमिको क्षति** : खेत, बारी, माछापोखरी आदि ।
- **बाली-नालीको क्षति** : अन्नबाली, तरकारी, बागबगैंचा आदि ।
- **पशुधनको क्षति** : गाई, भैंसी, गोरु, बाखा, कुखुरा आदि ।
- **सार्वजनिक सम्पत्तिको क्षति** : सार्वजनिक विद्यालय, पुस्तकालय, सरकारी कार्यलय, सडक, पुल, खानेुपानी, विद्युत्उत्पादन वा वितरण प्रणाली ।

## प्रकोपसिर्जित प्रकोप

एउटा प्रकोपको प्रभावबाट तत्कालै अर्को प्रकोप पनि उत्पन्न हुनसक्दछ । बाढी तथा डुबानप्रभावित क्षेत्रमा स्वच्छ खानेपानीको अभावमा महामारी फैलिएर प्रकोपको रुप लिनसक्दछ । भुइाचालोले भत्काएका घर-गोठमा पुरिएका मानिस र पशुको खोजी, उद्धार र सरसफाइ समयमै गर्न नसक्दा महामारी फैलने सम्भावना रहन्छ । खाद्यान्न, आवास र सुरक्षाको राम्रो व्यवस्था नभए सामाजिक द्वन्द्व, चोरीडकैती, भोकमरी आदि प्रकोप पनि थपिन्छन् । सन् २००५ मा अमेरिकामा गएको क्याट्रिना नामको आाधीपछि त्यहाा पनि लुटपाटका घटना भएका थिए । एउटा प्रकोपका कारण थपिनसक्ने यस्ता प्रकोपको नियन्त्रणका लागि पनि सतर्क रहनुपर्दछ ।

## दीर्घकालीन प्रभाव

प्रकोपले समाजमा तत्कालीन प्रभावसागै दीर्घकालीन असर पनि छोड्दछ । कतिपय अवस्थामा त प्रकोपको प्रभाव विश्वव्यापी नै हुनसक्दछ । सन् २००४ को डिसेम्बर २६ मा इन्डोनेसियाको सुमात्रामा गएको भुइाचालोका कारण उत्पन्न सुनामीले एसियाली मुलुकहरु इन्डोनेसिया, थाइल्यान्ड, श्रीलङ्का, भारत,

माल्दिभ्स हुदै अफ्रिकी मुलुक तान्जानीय र सोमालीयासम्म जनधनको क्षति पुऱ्याएको थियो । यस घटनाले विश्वअर्थतन्त्रलाई निकै पछाडि धकेलेको विश्लेषण अर्थशास्त्रीहरुले गरेका छन् । त्यस सुनामीले विश्वव्यापी जलवायु परिवर्तनमा समेत प्रभाव परेको विज्ञहरुको अनुमान छ । अतः प्रकोपबाट सामाजिक जनजीवनमा तत्काली र दीर्घकालीन दुवै प्रकारको प्रभाव पर्दछ । सन् १९४५ मा जापानमा खसालिएको आणविक बमको प्रतिकूल प्रभाव अझसम्म रहेको बताइन्छ । प्रकोपबाट निन्नअनुसार दीर्घकालीन प्रभाव पर्दछन् :

## मानसिक प्रभाव

प्रकोपमा परेर आफन्त, घरबार, धनसम्पत्ति गुमाएका व्यक्तिमा दीर्घकालसम्म मनेवैज्ञानिक असर पर्दछ । कुनै व्यक्ति शारीरिक वा मानसिकरुपमा अशक्त भएर निस्क्रिय तथा अनुत्पादक जीवन बिताउन विवश हुन्छ । मानसिकरुपमा तन्दुरुस्त भए पनि शारीरिक कारणले वा शारीरिक तन्दुरुस्ती भए पनि मानसिक अशक्तताले निस्क्रिय जीवन बिताउन बाध्य मानिसमा हीनताबोधसमेत उत्पन्न हुनसक्दछ ।

## आर्थिक प्रभाव

प्रकोपबाट कृषिभूमि, घरपालुवा जनावर, सञ्चित धनसम्पत्ति आदि नष्ट हादा परिवार र समुदाय नै विस्थापित हुनुपर्ने अवस्था आउादछ । प्रकोपका कारण कतिपय धनी परिवा एकाएक विपन्न बनेका धेरै उदाहरण पाइन्छन् । दीर्घकालीन आर्थिक प्रभावलाई तीन प्रकारले हेर्न सकिन्छ ।

## व्यक्तिगत प्रभाव

व्यक्तिको धनसम्पत्ति नष्ट भएपछि आयआर्जनको अन्य विकल्प नहादा व्यक्ति तथा परिवार गरिबीको चपेटामा पर्दछ । उसका व्यक्तिगत विकासका अधिकांश पूर्वाधार समाप्त हुन्छन् । मानसिकरुपमा कमजोर व्यक्ति र परिवार आर्थिक, प्राविधिक तथा सामाजिक विकासबाट विमुख बन्दछन् ।

## सामाजिक प्रभाव

सामान्य प्रकोपले व्यक्ति वा परिवार मात्र प्रभावित हुने भए पनि अधिकांश प्रकोपको असर समाजमाथि नै परेको हुन्छ । प्रकोपले व्यक्तिसहित समुदायकै सम्पत्तिको क्षति हुन्छ । प्रकोपप्रभावित समूहका व्यक्तिमा नैराश्यता र जीवनप्रति वितृष्णा बढ्ने तथा सामाजिक सद्भावमा आघात पर्ने सम्भावना धेरै हुन्छ । प्रकोपप्रभावित क्षेत्रको आर्थिक र सामाजिक जीवन कष्टकर हुनुका साथै खाद्यान्न र स्वच्छ खानेपानीको अभाव तथा बेरोजगारी समस्या बढेर सामाजिक अमनचयनमा खलल पैदा हुन्छ । खाद्यान्नको अभावमा बढ्ने

कुपोषण र स्वच्छ खानेपानी तथा सरसफाइको अभावले फैलिने महामारीले समुदायलाई सङ्कटमाथि सङ्कट थप्दछ ।

## राष्ट्रिय प्रभाव

प्रकोपले मानवीय उपयोगका भौतिक संरचना नष्ट गर्दा सरकारले पुनर्निर्माण गर्नुपर्ने र क्षतिपूर्ति दिनुपर्ने अवस्था आउाछ । त्यस्तै विस्थापित परिवारका लागि बसोवासको व्यवस्था मिलाउन र आयअर्जनका वैकल्पिक श्रोत तयार गर्न लगानी गर्नुपर्दा सार्वजनिक विकास-निर्माण अवरुद्ध हुन्छ । यस अवस्थाबाट मुलुकको नियमित आर्थिक विकासमा अवरोध आउाछ । परिणमस्वरुप विकासकार्य पछाडि धकेलिन्छ । यसबाट राष्ट्रिय उत्पादकत्व न्यून भएर आय ऋणत्मक हुने सम्भावना रहन्छ ।

## मानवसंसाधनमा प्रभाव

प्रकोपपीडित परिवारले आर्थिक हैसियत गुमाएपछि तिनको सामाजिक हैसियतमा पनि आघात पर्दछ । सामाजिक क्रियाकलापमा अग्रसर रहने स्थानीय विकास कार्यकर्ता नौ प्रकोपपीडित भएमा समाजमा मानवसंसाधन परिचालन हुनसक्ने सम्भाना न्यून भएर सामाजिका विकासको गति अवरुद्ध हुन्छ । त्यस्तै प्रकोपमा परेर डाक्टर, इन्जिनियरजस्ता प्राविधिक एवम् विशिष्ट विद्वान् गुमाउनुपर्दा समाजमा मानवसंसाधनको अभाव हुनजान्छ ।

अझसम्म पनि अशिक्षा र अज्ञानता कायमै रहेका समुदायमा प्रकोपलाई ईश्वरको कुदृष्टि, अघिल्लो जन्मको फल वा वर्तमान समयकै पापको परिणाम भन्ने मानसिकता छादैछ । प्रकोपकै कारण गााउघरको कुनै परिवारको आर्थिक हैसियत कमजोर भएमा वा शारीरिक क्षति भएमा समाजिकरुपमा प्रत्यक्ष-परोक्षरुपमा प्रताडित गर्ने प्रवृति पनि व्याप्त छ । यसबाट प्रकोपपीडित व्यक्तिमा अझ पीडा थपिन्छ । यस्तो अवस्थामा प्रकोपका कारण सबै सम्पत्ति समाप्त नभएको वा विस्थापित नै हुन नपरेको भएपनि सामाजिक कारणबाट विस्थापीत हुनुपर्ने बाध्यता आउनसक्ने सम्भावना रहन्छ । **साभार : प्रकोप ज्ञानमाला**

### ***प्रकोपबाट हुने असरहरु (Effects of Disaster)***

- ☐जन धन क्षति (Loss of Life & Property)
- ☐घाईते हुने (Injury )
- ☐कृषि बालीमा क्षति (Loss of Agriculture Crops )
- ☐उत्पादनमा ह्रास (Disruption of Production)
- ☐जीवन शैलिमा असर (Disruption of Lifestyle)
- ☐जीविकोपार्जनमा कमि (Loss of Livelihood )
- ☐अत्यावश्यक सेवाहरुमा अवरोध (Disruption of Essential Services )
- ☐पूर्वाधारहरुको क्षति (Damage of Infrastructure )
- ☐सरकारी संरचना प्रणालीमा अवरोध (Disruption to Government System
- ☐राष्ट्रिय अर्थिक क्षति (National Economic Loss )
- ☐सामाजिक असर (Sociological Effects )
- ☐मनोवैज्ञानिक असर (Psychological Effects )

**शेसन दुई**
**शिर्षकः प्रकोपको क्षेत्रमा प्रयोग हुने शव्दावलीहरु**

**उध्देश्यः**

**यस शेसनको अन्त्यमा सहभागीहरु वीच**

- प्रकोपको क्षेत्रमा प्रयोग हुने शव्दहरु जस्तै खतरा, जोखिम, संकटाभिमुखताको बारेमा व्याख्या गर्न सक्नेछन्
- खतरा, संकटाभिमुखता र जोखिम विचको भिन्नता छुट्याउन सक्नेछन्

**समयः** ९० मिनेट

**विधिः** मष्तिष्क मन्थन, छलफल, प्रश्न उत्तर र लघु प्रवचन

**सामाग्रीहरुः** बोर्ड मार्कर, सेतो पाटी,

**सहजीकरणका प्रक्रियाहरुः**

- सहभागीहरुलाई प्रकोपको क्षेत्रमा प्रयोग हुने मुख्य मुख्य शव्दहरु के के हुन सक्छन् भनी ठुलो समुहमा सोध्ने
- सहभागीबाट आएको जवाफलाई सेतोपाटीमा लेख्तै जाने र सवै लेखिसकेपछि त्यसको अर्थ पनि सोध्दै जाने
- सहजकर्ताले थप स्पष्टताको लागि सर्न्दभ सामाग्रीमा भएका खतरा, जोखिम तथा संकटाभिमुखताको अर्थ उदाहरण सहित स्पष्ट पार्ने

## शेसन दुईकोलागि सर्न्दभ सामाग्री तथा हाते पत्रहरु

### खतरा ज्व्श्ब्च्म

ब ज्व्श्ब्च्म ष्क ब चबचभ यच भहतचभ्मभ भखभलत ष्ल तजभ लबतगचबि यच जगफबल(बमभ भलखष्चयलक्ष्भलत तजबत बमखभचकभथि बााभअतक जगफबल षिभ, उचयउभचतथ यच बअतष्खष्तष्भक तय तजभ भहतभलत या अबगकष्लन ब म्क्ष्क्ष्बक्तभ्च

**खतरा** त्यस्तो अचानक तथा अतिवाहृय (चरमसीमा प्राप्त) मानव श्रृजीत वा प्राकृतिक( जन्य) घटना हो जसको विस्तार तथा फैलावले मानव जीवन, संम्पति तथा दैनिक जनजीवनमा प्रतिकुल असर पारी प्रकोपको कारकतत्व वन्दछ ।

### संकटाभिमुखता (Vulnerability)

संकटाभिमुखता एउटा व्यक्ति, समुह, समुदाय, संरचना, सेवा वा भौगोलीक अवस्थितिको संम्भावित हानी नोक्सानी वा नोक्सानोन्मूख अवस्था हो जुन कुनै खास खतरा वा जोखिम उर्धत्वको प्रभाव र असर स्वरुप त्यसको, संरचना, दुरी, प्रकृति आदिले नीर्धारण गरेको हुन्छ ।

#### संकटाभिमुखता विश्लेषण

कुनै निश्चित समयमा पहिचान गरिएका खतराहरुले व्यक्ति सम्पत्ति र वातावरणमा पार्न सक्ने प्रभावका सम्बन्धमा थाहा पाउने वा सूचना प्राप्त गर्ने प्रक्रिया नै संकटाभिमुखता विश्लेषण हो ।

(Vulnerability=People+Condition+Place+Time+Event)

#### संकटाभिमुखता विश्लेषण किन

संकटाभिमुखताको विश्लेषण गरी पूर्वतयारी र न्यूनीकरणका कार्यलाई प्रभावकारी ढंगले तयार गरी सञ्चालन गर्न वा कुशल ढंगबाट प्रकोप व्यवस्थापन गर्नका लागि यसको अवाश्यकता पर्दछ ।

#### गरिवी र संकटाभिमुखता

- गरिवि र संकटाभिमुखता एकै होइनन् तर एकआपसमा अविछिन्न रुपमा गांसिएका छन् ।
- ती परस्परमा उत्प्रेरक हुन्छन् र समान प्रकृतिका हुन्छन् ।
- सवै गरीव संकटाभिमुख हुन्छन् तर सवै संकटाभिमुखहरु गरीव नहुन पनि सक्छन् ।
- गरिवि संकटाभिमुखताको अविछिन्न पाटो हो ।

## संकटाभिमुखताका प्रकारहरु

<u>भौतिकः संकटाभिमुखता</u>

संकटाभिमुखताको एक पक्ष भौतिक र सामग्रीगत पक्ष पनि हो । जो मानिसहरुको थोरै भौतिक साधन हुन्छ तिनीहरु धनीको दांजोमा प्रकोपबाट बढी दुःख पाउंछन् । झन् त्यसमाथि गरीब हुनेहरुको जमीन अत्यन्त थोरै हुन्छ । यी तत्वहरुले तिनीहरुलाई बढी संकटाभिमुख बनाउंछ । यसको अर्थ आर्थिक दृष्टिकोणले सम्पन्न व्यक्ति भन्दा यस्ता व्यक्तिहरुमाथि प्रकोपले प्रभाव पारेमा बांच्न मुस्कील हुन्छ

सामाजिकःसंस्थागत संकटाभिमुखता :
संकटाभिमुखताको दोश्रो पक्ष सामाजिक र संगठनात्मक पक्ष पनि हो । अनुभवले के कुरा देखाएको छ भने सामाजिक र राजनीतिक दृष्टिकोणले अत्यन्त न्यून स्थितिमा रहेका व्यक्तिहरु संगठीत र एकत्रित रहेका वर्ग भन्दा प्रकोपबाट बढी पीडित हुन्छन् । सामाजिक र संस्थागत क्षेत्रमा कमजोरीका कारणले पनि धेरै प्रकोपहरुलाई निम्त्याउंछ । उदाहरणको लागि समाजमा एक आपस बीचको गहिरो विभाजनले द्वन्द्व र युद्धलाई निम्त्याउंछ ।

धारणगतः उत्प्रेरणागत संकटाभिमुखता
अन्त्यमा, अनुभवले के कुरा देखाएको छ भने परिवर्तनलाई प्रभाव पार्ने क्षमता कम वा आशा हराएकाहरु कुनै प्रकोपवाट पीडित भइसकेपछि तिनीहरुको सामना गर्ने क्षमता धेरै नै ह्रास भइसेकेको हुन्छ । यसका विपरित परिवर्तनलाई प्रभाव पार्ने क्षमता भएका व्यक्ति र आशावादी मान्छेहरु प्रकोपवाट पीडित अवस्थादेखि आफूलाई चाहेको अवस्थासम्म पुऱ्याउन सक्षम हुन्छन् ।

## जोखिम (Risk)

जोखिम भन्नाले खतराको कारणले अनुमान तथा आशा गरिएको क्षति हो । यतिजना मानिस मर्न सक्छन्, यति घरहरु भत्कन सक्छन्, यतिजना मानिसहरु घाइते हुन सक्छन्, आर्थिक, सामाजिक तथा जिविकोपाजर्नको अवस्थामा यस्तो खालको प्रभाव पार्न सक्छ भन्ने पूर्वानुमानको अवस्था नै जोखिम हो ।

जोखिमले एउटा विशिष्ट समयावधिमा जोखिमयुक्त तत्व माथि परेको खतराको असरबाट उत्पन्न अपेक्षित वा अघिबाटै विचार गरिएको क्षति (जीउधनको क्षति, चोटग्रस्त जनसाधारण, क्षतिग्रस्त सम्पत्ति र अवरोधित आर्थिक कियाकलाप वा जीवन यापन) लाई इंगित गर्दछ ।
जोखिमलाई भिन्न परिस्थितिमा भिन्न भिन्न रुपमा परिभाषित गरिन्छ , एक बैज्ञानिक, एक बीमा अभिकर्ता वा एक भूकम्प क्षेत्रमा बसोबास गर्ने परिवारले जाने बुझेको जोखिम र राजनीतिज्ञ वा प्रकोप व्यवस्थापकले सम्झे बुझेको जोखिम फरक हुन्छ ।

पाहाडबाट खस्दै गरेको ढुड.गा खतरा हो । घर, मानिस तथा बालबालिका संकटभिमुख छन् । संकटभिमुखमा रहेका घर र मानिसलाई ढुड.गाले थिचमा जनधनको क्षति हुन्छ जसलाई प्रकोप भनिन्छ । त्यो अवस्था नै जोखिम हो । तर ढुड.गा हटाएमा जोखिम घट्छ र संकटाभिमुख दुवै समाप्त भएर प्रकोपको जोखिम पनि कम हुन्छ ।

त्यस्तै बग्दै गरेको नदी खतरा हो । नदिको किनारमा रहेका घरहरु र मानिसहरु संकटभिमुख छन् । नदिमा वाढी आएर धनजनको क्षति भयो भने प्रकोप भनिन्छ । नदिका किनारमा वसेका मानिसहरु र घरहरुको क्षति हुने अवस्था जोखिम हो । नदिमा बांघ वांधेर वा तटवन्ध लगाएर नदि किनारमा वसेका मानिसहरुको संकटाभिमुखता  र खतरा हटाएर जोखिम कम गर्न सकिन्छ वा बाढीको समयमा सुरक्षित स्थानमा वसाइ सारेर पनि जोखिम कम गर्न सकिन्छ ।

**शेसन तीन**
**शिर्षकः प्रकोप व्यवस्थापन चक्र**

**उध्देश्यः**

**यस शेसनको अन्त्यमा सहभागीहरुले**

- प्रकोप व्यवस्थापनका विभिन्न पक्षहरुको बारेमा भन्न सक्नेछन्
- प्रकोप पूर्वतयारी, प्रकोप असर न्यूनिकरणमा के के गर्नुपर्दछ बताउन सक्नेछन्

**समयः** २ घंटा

**विधिः** समुह छलफल र प्रस्तुती, लघु प्रवचन, छलफल

**सामाग्रीहरुः** न्यूज प्रिन्ट पेपर, मार्कर, मास्किङ टेप,

**सहजीकरणका प्रक्रियाहरुः**

- सबै सहभागीहरुलाई तीन समुहमा विभाजन गर्ने
- एक समुहलाई प्रकोपको असर कम गर्न प्रकोप पूर्व के के गर्न सकिन्छ छलफल गरि लेख्न लगाउने
- एक समुहलाई प्रकोपको समयमा के के गर्न सकिन्छ छलफल गरि लेख्न लगाउने
- अर्को एक समुहलाई प्रकोपपछि के के कार्यहरु गर्नुपर्दछ भनी छलफल गरि लेख्न लगाउने र प्रस्तुत गर्न लगाउने
- समुहले प्रस्तुत गरिसकेपछि प्रकोप अगाडि पूर्व सूचना, पूर्व तयारी, प्रकोप न्युनिकरण र रोकथाम, प्रकोपको समयमा उद्धार तथा राहत, क्षति आकंलन र निरन्तर सहयोग र प्रकोप पछि उद्धार तथा राहत, पुर्ननिर्माण तथा पुर्नस्थापना जस्ता कार्यहरु गर्न सकिन्छ भनी सहजकर्ताले व्याख्या गर्ने र यसलाई नै प्रकोप व्यवस्थापन चक्र भनिन्छ भनेर स्पष्ट पार्ने
- सहजकर्ताले प्रकोप पूर्वतयारीका तत्वहरु, प्रकोप न्युनिकरणका मार्गदर्शक सिध्दान्तहरु, प्रकोपछि गरिने पुनस्थापना तथा पुननिर्माणका कार्यहरुमा के के गरिन्छ छलफल गर्दै स्पष्ट पार्ने

# शेसन तीनको लागि सन्दर्भ सामाग्रीहरु र हाते पत्र

## पूर्वसूचना तथा सुरक्षित स्थानान्तरण

प्रकोप हुने संभावना बढेपछि पूर्व सूचना वा चेतावनी दिने तथा तत्कालै सुरक्षित स्थानमा सर्ने कार्य गर्नु पर्दछ । प्रकोपजन्य घटना हुन सक्ने संभावना नजिकिएमा पूर्व तयारीको आधारमा परिवार र छरछिमेकलाई प्रकोपजन्य घटना हुन लागेको जानकारी गराउने कार्यलाई पूर्व सूचना वा चेतावनी भनिन्छ । यस्तो चेतावनी प्राप्त हुंदा नहुँदै प्रकोपजन्य घटना हुन सक्ने भएकोले सवैले छिटो भन्दा छिटो आफनो र छरछिमेकको बचाउकोलागि आवश्यक पर्ने कार्य गर्नुपर्दछ । यस्तो अवस्थामा अशक्त केटाकेटी, बुढाबुढी, विरामी र महिलालाई प्राथमिकता दिएर सुरक्षित स्थानमा पुर्‍याउने प्रयत्न गर्नुपर्दछ । तत्कालै हुन लागेको प्रकोपबाट समुदायका सदस्यलाई बचाउन सुरक्षित स्थानमा लैजाने कार्यलाई सुरक्षित स्थानन्तरण भनिन्छ ।

## प्रकोप पूर्व तयारी, ( Disaster Preparedness)

प्रकोप पूर्वतयारी भन्नाले सामान्यतया प्रकोपवाट उत्पन्न हुने परिस्थितिका लागि पहिलेनै नै तयार भएर बस्नु हो । जस्तै : प्रकोप सम्बन्धमा पूर्वानुमान (भविष्यवाणी) गर्न, रोकथाम गर्न, यसवाट हुने असरको न्यूनीकरण तथा प्रकोप परिरहेको एवं त्यसवाट उत्पन्न परिस्थितीको सामना गर्न तयार भएर बस्नु हो ।

प्रकोप बारे समयमै सचेत भएर त्यसको सामना गर्न तयार भएर वस्ने हो भने धनजनको ठुलो क्षति हुनबाट जोगाउन सकिन्छ । त्यसैले प्रकोपजन्य क्षेत्रमा बसोबास गर्ने व्यक्तिले प्रकोप व्यवस्थापनका मुलभूत पक्षहरुको जानकारी राख्नुपर्दछ। प्रकोप भइहालेमा आफु परिवार र छरछिमेक र वहुमूल्य सम्पतिहरुको सुरक्षा गर्न पूर्व तयारी गर्नुपर्ने हुन्छ । संभावित प्रकोपको पूर्व जानकारी प्राप्त हुने प्रविधि वा स्थानिय तौर तरिकाको प्रयोग, प्रकोप भएको समयकालागि अति आवश्यक वस्तुको व्यवस्था मिलाउने, त्यस्ता बस्तुलाई सुरक्षित स्थानमा राख्ने र सुरक्षित स्थानसम्म जान सकिने बाटो वा वन्न सकिने स्थानको पहिले पहिचान गर्ने, तालिम,जनचेतना, सामुदायिक सहभागिता, छलफल र कार्य विभाजन आदि सवै पूर्वतयारी अर्न्तगत गरिने कार्यहरु पर्दछन् ।

त्यसैले प्रकोप पूर्वतयारी भन्नाले सामान्यतया प्रकोपवाट उत्पन्न हुने परिस्थितिका लागि पहिला नै तयार भएर वस्नु हो,आवश्यक वस्तुको तयारी साथ सामाना गर्ने , जोखिम तथा संकटभिमुखको पहिचान गर्नु , योजना तर्जुमा गर्नु , संगठनात्मक स्वरुप तयार गर्नु , सुचना प्रणाली निश्चित गर्नु , श्रोत व्यावस्थापन , पूर्व चेतनावली प्रणाली, उद्धार तथा राहत व्यावस्थापन , जनशिक्षा तथा तालिम र अभ्यास हो ।

## पूर्वतयारीका तत्वहरु

### क. खतरा र संकटाभिमुखताको पहिचान

पूर्व तयारी कार्यक्रमको तर्जूमा एवं कार्यान्वयनकालाीग विभिन्न प्रकोपको दृष्टिकोणले संकटाभिमुखता एवं जोखिममा परेकोहरुको पहिचान हुनु जरुरी हुन्छ । यस्तै संकटाभिमुखताको पहिचान गर्दा यसका कारणहरु जस्तै विकासका पूर्वाधारहरुको कमी, ज्ञान एवं शिक्षाको कमी आदिको अध्ययन एवं विश्लेषण हुनु पर्दछ । यसको अध्ययन एवं विश्लेषणबाट मात्र कुन कुन तहबाट के कस्ता र के कति समाग्री एवं साधनहरुको व्यवस्था गर्ने भन्ने स्पष्ट हुन्छ ।

### ख. योजना तर्जुमा

पूर्वतयारी कार्यक्रम संचालन गर्ने कुनै पनि निकायबाट व्यवहारिक र संचालन योग्य योजना तर्जुमा हुनु जरुरी हुन्छ जसका लागि प्रतिवध्दता र उपलव्ध एवं संभावित श्रोतमा आधारित हुन पनि त्यत्ति नै आवश्यक हुन्छ भने उध्देश्य र गतिविधीहरु स्प्ष्ट भएमा मात्र पूर्वतयारी कार्यक्रमको संचालन प्रभावकारी ढंगबाट हुन सक्तछ ।

### गं संगठनात्मक स्वरुप

पूर्व तयारी कार्यक्रम सम्वन्धि नीति निर्मार्ण एवं कार्यान्वयनकालागि समेत राष्ट्रिय एवं स्थानिय स्तरमा संगठनात्मक स्वरुपलाई स्पष्ट गरी सम्वध्द निकायसंग तह अनुरुप सम्वन्ध स्थापना हुनु जरुरी हुन्छ । आवश्यकताअनुसार अन्य स्तरमा पनि संगठनात्मक स्वरुपको निर्धारण गरी प्रत्येक तह वा स्तरबाट सम्पादन हुने कार्य पनि स्पष्ट हुनु पर्दछ । राष्ट्रिय देखि स्थनिय स्तरसम्म गठित संघ संस्थाले राष्ट्रिय स्तरका सम्वन्धित अन्य संघ संस्था संग निति निर्माणसम्वन्धि कार्यमा र स्थानिय स्तरका निकायले स्थानिय स्तरकै सम्वन्धित अन्य संघ संस्थासंग कार्यान्वयनकालागि आवश्यकताअनुसार सिधै सर्म्पक एवं समन्वय र एउटै संघ संस्था भित्र राष्ट्रिय देखि स्थनियस्तरसम्म मात्र गठित समुह वा संघ संस्थाले स्थानिय स्तरमा सम्पादन गरिने कार्यकालाीग निर्णय स्थानियस्तरमा लिएता पनि अन्य संघ संस्थासंग समन्वय गर्नुपर्ने भएमा आवश्यकता अनुसार स्थायि स्तरर्क नियक मार्फत सर्म्पक एवं समन्वय गरिनु पर्दछ ।

### घ. सूचना प्रणाली

पछि पर्न सक्ने प्रकोपका लागि तथ्यांक संकलन, पूर्वानूमान, पूर्व चेतावनी लगायत संभावित प्रकोपबाट वच्न सुरक्षित स्थान आदिको जानकारी सम्वन्धित समुदाय र तयारीका लाीग सम्वन्धित निकायलाइ जानकारि गराउने कार्य यो सूचना प्रवाह प्रणाली अर्न्तगत पर्दछ । यसले क्षतिलाई कम गराउन र उद्धारलाई प्रभावकारी वनाउन मद्दत गर्दछ ।

### ङ. श्रोत व्यवस्थापन

प्रकोपको घटनाबाट उत्पन्न विषम परिस्थिति एवं त्यसबाट प्रभावित मानिसलाई तत्काल उपलव्ध गराउनु पर्ने उद्धार तथा राहतकालगि सामाग्रीको व्यवस्था गरिराख्नु पर्ने देखिन्छ । प्रकोपको घटनाले उत्पन्न परिस्थितिमा के कस्ता सामाग्री आवश्यक पर्दछ भनि पहिले नै एकिन गर्न त सकिदैन तापनि सामान्य रुपमा आवश्यक पर्ने सामाग्री व्यवस्था, त्यसको उचित भण्डार एवं वितरण हुन सक्ने गरी पूर्व व्यवस्था मिलाई राख्नु त्यत्तिनै जरुरी हुन्छ । यस्ता सामाग्रीमा खास गरेर उद्धरा सामाग्री एवं औषधी व्यवस्था लगायत यसको प्रयोग गर्न दक्ष जनशक्ति र

राहत समाग्रीमा खाना, आवास, लुगाफाटा एवं भांडाकुंडा पर्दछ भने संचार, यातायात जस्ता साधन सम्वन्धमा पनि पहिले तयार हुनु पर्दछ । यस्ता सामाग्री के कति मात्रामा जुटाई राख्ने भन्ने कुरा कुन तहबाट प्रकोपको व्यवस्थापन गरिने हो त्यसमा भर पर्ने र समाग्री तथा साधनको व्यवस्था व्यवहारिकतालाई दृष्टिगत गरी गर्नु पर्ने पनि आवश्यक हुन्छ । जस्तै समुदायस्तरबाट संचालन हुने कार्यका लागि यातायात साधन व्यवस्था तत्काल आवश्यकता एवं उपलब्धताको आधारमा हुनु पर्दछ ।

**च. पूर्व चेतावनी प्रणाली**

एक्कासी तथा विस्तारै आउने प्रकोप सम्वन्धमा समयमै चेतावनी अर्थात सूचना दिने व्यवस्था हुन सके क्षतिको मात्रामा धेरै कमी ल्याउन सकिन्छ । तर एक्कासी आउने प्रकोप सम्वन्धमा संभावित प्रभावित जन समुदायलाइ्र स्थानिय रुपमा उपलब्ध साधन जस्तै घण्टी, फोन, माइक जस्ता के कस्ता साधन प्रयोग गर्दा चेतावनी दिन सकिन्छ त्यसको उचित प्रयोग गरी संचारलाई प्रभावकारी वनाउन जरुरी हुन्छ ।

**छ. उद्धार तथा राहत व्यवस्थापन**

प्रकोप पूर्व तयारी योजना तर्जुमा गर्दा कुन कुन अवस्थामा के कस्ता कार्य सम्पादन गर्नु पर्ने हो सो कुरा स्पष्ट उल्लेख हुनु पर्दछ भने प्रकोप सम्वन्धमा दिइने पूर्व सूचना तथा उद्धार एवं राहत कार्यको प्रभावकारिता नै पूर्वतयारी योजनाको कसी हो ।

**ज. जनशिक्षा तथा तालिम**

पूर्वतयारी योजनाको तर्जुमा तथा कार्यक्रमको संचालन गर्दा महत्व दिनु पर्ने एउटा क्षेत्र प्रकोप व्यवस्थापन सम्वन्धि ज्ञानको व्यापक प्रचार प्रसार र विशेष किसिमका तालिमहरु पनि हो । धेरै भन्दा धेरै मानिसलाई यस सम्वन्धमा जानकारी दिन संचारका माध्यमको प्रयोग, विधालयस्तरका पाठयक्रममा यो विषयवस्तु समावेश लगायत समारोहहरुमा प्रचार प्रसार जस्ता माध्यम प्रभावकारी हुन सक्तछ । यस्तै प्रकोप उद्धार तथा राहत लगायत प्रकोप व्यवस्थापनलाई प्रभावकारी एवं व्यवस्थित बनाउन विभिन्न तहमा विशेष एवं व्यवस्थापन सम्वन्धि तालिम र समय समयमा पुर्नताजगी गर्ने कार्य भइरहनु पर्दछ । सामान्यतया यस्ता तालिम बयस्कलाई दिइयता पनि प्रकोप व्यवस्थापनसंग सम्वन्धित सबै पक्षको पूर्ण तालिम आयोजना हुन नसक्ने भएकोले उपलब्ध दक्ष जनशक्ति एवं श्रोत साधनको उचित परिचालन हुन जरुरी हुन्छ ।

**झ. अभ्यास**

कुन प्रकोपको असर के कस्तो हुन्छ भन्ने पहिले नै ठोकुवा गर्न सकिंदैन तापनि पूर्वतयारी योजनाको समय समयमा अभ्यास भएमा मात्र सो को प्रयोग प्रभावकारी रुपमा हुन सक्तछ । यस्तो अभ्यासले नै पूर्व तयारी योजनामा रहेको कमी कमजोरीलाई कम गराउन मद्दत पुग्दछ ।

## प्रकोप असर न्यूनिकरण ( Disaster Mitigation)

कुनै राष्ट्र वा समुदायमा प्राकृतिक वा मानवजन्य प्रकोपको असर कमगर्ने उद्देश्यका लागि अंगालिने उपायहरुलाई नै प्रकोप असर न्यूनीकरण भनिन्छ ।

### प्रकोप न्यूनीकरण योजनाका मार्गदर्शक सिद्धान्तहरु :

विगतमा भएका आर्थिक तथा सामाजिक विकासका प्रयासहरुले विकास कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि नभइनहुने केही निश्चित मापदण्ड र सिद्धान्तहरुको प्रतिपादन गरेको छ । ती मार्गदर्शक सिद्धान्तहरुवाट न्यूनीकरण योजना निरपेक्ष रहन नसक्ने हुंदा तिनको चर्चा गर्ने आवश्यकता महसुस गरिएको छ ।

- **सहभागिता :**

न्यूनीकरण योजनामा सबै धर्म, जातजाति, सम्प्रदाय, समुदाय र लिङ्ग व्यक्तिहरको समान र न्यायोजित सहभागिता हुनु आवश्यक हुन्छ । योजना तर्जुमाका सबै चरणहरुमा संकटाभिमुख व्यक्ति र परिवारहरुले सक्रिय सहभागिता जुटाउनमा मात्र बस्तुपरक योजना तयार हुन र कार्यान्वयन हुन सक्दछ ।

- **सशक्तीकरण :**

गरीब र विपन्न वर्गहरुको जीविकोर्पाजनमा सुधार ल्याउने उद्देश्यले योजना तर्जुमा गर्दा उनीहरुलाई निर्णय प्रक्रियामा समानरुपले सहभागिता जुटाउन पाउने गरी समावेश गर्नु आवश्यक हुन्छ । सशक्तीकरण नै मूल रुपमा सङ्कटाभिमुखता घटाउने जग हो ।

- **साझेदारिता**

के स्थानीय, के राष्ट्रिय, सबै स्तरका सरकारी तथा गैर-सरकारी निकाय र समुदायको सहकार्यबाट मात्र जोखिमलाई कम गर्न सकिन्छ । स्थानीय श्रोत साधनको माध्यमबाट जोखिमलाई कम गर्न सक्ने गरी सम्बन्धित व्यक्ति निकाय तथा संस्थालाई क्षमतावान बनाउन साझेदारिताले मद्दत पुऱ्याउंदछ ।

- **सूचना तथा शिक्षा**

दैबी प्रकोप न्यूनीकरणका लागि रणनैतिक चिन्तन गर्ने परिपाटीको विकास गर्न सूचना प्रवाहको आवश्यकता हुन्छ । नयां प्रविधि, सिकिएका पाठहरु तथा अनुसन्धानवाट प्राप्त निष्कर्षहरुलाई सम्बन्धित व्यक्ति निकाय, संघसंस्थाहरुमा प्रभावकारी किसिमले पुऱ्याउन सकेमा कार्यक्रमको दीगोपना सुनिश्चित हुन सक्छ ।

▶ **संस्कृति तथा परम्पराको सम्मान :**

न्यूनीकरण योजनामा व्यक्ति, समूह र समुदायहरुले अवलम्बन गर्दै आएका स्थानिय मूल्य, मान्यता, परम्परा तथा रीतिरिवाजलाई उचित स्थान दिनु पर्दछ । उनीहरुकै सहभागितामा न्यूनीकरणका उपायहरुको सामूहिक खोजी गर्नुपर्दछ ।

▶ **संस्थागत विकास :**

न्यूनीकरणका उपायहरुले जीवन्तता पाउन समुदायहरु साचो अर्थमा योजनाको तयारी तथा कार्यान्वयनमा दक्ष भएको हुनु आवश्यक छ । तसर्थ न्यूनीकरण योजना तयारी गर्दा त्यसले दीर्घकालीन महत्व राखोस् भन्ने हेतुले संस्थागत क्षमताको विकासमा जोड दिनु पर्दछ ।

▶ **दीगोपना :**

प्रत्येक समाज र समुदायका व्यक्तिहरुको आफ्नै खालको सामाजिक, आर्थिक र वातावरणीय परिवेश हुने हुंदा तिनका आवश्यकताहरुको गुणस्तर, परिमाण, महत्व र सन्तुलन समुदाय पिच्छे फरक हुन सक्दछ । तसर्थ यी समुदायका आवश्यकताहरुलाई समग्ररुपमा सामाजिक, आर्थिक र वातावरणीय क्रियाकलापहरुसंग एकीकृत गर्न सकेमा मात्र कार्यक्रमको दीगोपना बढाउन सकिन्छ ।

▶ **गरीब, असुरक्षित र असहाय केन्द्रित :**

दैवी प्रकोप न्यूनीकरणमा असुरक्षित तथा असहाय व्यक्ति परिवार र समुदायहरुले जहिले पनि पहिलो प्राथमिकता पाउनु पर्दछ । यस्ता व्यक्ति तथा समुदायहरुको जीवनस्तरमा आउने सुधारवाट मात्रै न्यायोचित र दीगो विकासको सम्भव हुन्छ ।

▶ **अधिकार उन्मुख :**

नागरिकहरुको सुरक्षित बांच्न पाउने अधिकारको सुनिश्चितताका लागि संवेदनशील हुनु पर्दछ । स्थानीय सरकार तथा अन्य निकायहरुलाई व्यवस्थित गरी जनतालाई आवश्यक सेवा प्रदान गर्न केन्द्रीत तथा स्थानीय सरकार पूर्ण रुपमा प्रतिबद्ध हुनु पर्दछ । यस अन्तर्गत सुरक्षित बांच्न पाउने समुदायको अधिकार प्रत्याभूति भएको कानुनी शासन, सामाजिक तथा भौतिक पूवार्वधारहरुको विकास र सामाजिक, आर्थिक, मान्यताहरुलाई निरन्तरता प्रदान गर्ने ठोस कार्यहरु पर्दछन् ।

**न्यूनीकरणका उपायहरुको केही उदाहरणहरु :**

- ▶ बाढी अथवा भूकम्प निरोधात्मक भवन निर्माण र सुदृढीकरण ।
- ▶ नयां विकास परियोजनामा प्रकोप निरोधात्मक संरचना वा प्रक्रिया समाविष्ट गर्ने ।
- ▶ विशेष खालका र प्रकोपबाट कम प्रभावित हुने जातका अन्न खेती गर्ने ।

- अन्नचक्र परिवर्तन गर्ने जसबाट अन्न समयमै पाकेर बाढी आदी प्रकोपको ऋतु पूर्व नै काट्ने ।
- निर्माणआचारंसहिता र भू-उपयोग योजनाको कार्यान्वयन तथा उच्च जोखिम क्षेत्रमा निषिद्ध क्रियाकलापहरको नियन्त्रण गर्ने ।

## प्रकोपको समयमा गर्नुपर्ने कार्यहरु

प्रकोप पहिले पूर्वतयारी तथा न्यूनिकरणका कार्यहर गरेतापनि प्रकोपबाट प्रभावित हुने संभावना भने रहिरहन्छ । प्रकोप भइहालेको अवस्थामा आपतकालिन रुपमा विभिन्न काम गर्नुपर्ने हुन्छ । प्रकोप भइरहेको समय र त्यसको लगत्तै गर्नुपर्ने कतिपय कामलाई प्रकोप व्यवस्थापनको लागि गर्नुपर्ने कार्यको प्राथमिकतामा राखिन्छ ।

### उद्धार तथा राहत

उद्धार तथा राहत (सेवा) भन्नाले जीवन रक्षा तथा उद्धार/उपकारमा त्यस्ता कार्यहरु पर्दछन् जुन प्रकोप पर्ना साथ र परेपछि पनि मानव जीवन बचाउने, धन सम्पत्तिको सुरक्षा गर्ने तथा प्रकोपबाट तत्काल हुने क्ष्ज्ञति वा धनजनको विनासलाई रोक्ने वा घटाउने (कमि गराउने) उद्देश्यले गरिएका हुन्छन् ।

प्रकोप भएको स्थानमा सरकारी तथा गैर सरकारी क्षेत्रबाट परिचालित उद्धार टोली समयमै पुग्ने संभावना कम हुन्छ । यस अवस्थामा समुदायकै सदस्यले उद्धार र राहतमा जुटन सके धनजनको क्षति कम हुन्छ । प्रकोपमा मारिएका वा हराएकाको खोजी गर्ने, घाइते भएकाको उद्धार र आपतकालिन उपचार गर्ने, घरबार गुमेकालाई बस्ने खाने व्यवस्था मिलाउने, काममा समुदायको संलग्नता प्रभावकारी र भरपर्दो हुन्छ । समुदायका व्यक्तिहरुको कार्य विभाजन गर्नुपर्दछ । उद्धार तथा राहतका कार्य संचालन भइरहंदा प्रकोपको अवस्था अनुसार आफन्त, छिमेकी, उद्धारकर्मी र सहयोगी संस्थाका प्रतिनिधीलाई सुचना दिने र सहयोगको लाीग अनुरोध गर्ने कार्य पनि गर्नु पर्दछ ।

### क्षति आंकलन

प्रकोपबाट भएको जनधनको क्षति तत्कालै आंकलन गर्नुपर्दछ । प्रकोपपछिका व्यवस्थापन कार्यलाई प्रभावकारी वनाउन र तत्काल आवश्यक पर्ने राहतको थप व्यवस्थाकोलाीग कति मानिसको ज्यान गयो, कति हराइरहेका छन्, कति घाइते भएका छन् , कतिको अवस्था चिन्ताजनक छ , कतिको घरबार नष्ट भयो, कतिलाई अस्थायी बसोबास र खानपिनको व्यवस्था मिलाउनुपर्दछ, लगायतका जानकारी संकलन गरेर सोही अनुसार तत्कालिन र दिर्घकालिन कार्यक्रम बनाउनु पर्दछ ।

### सहयोगको निरन्तरता

प्रकोपबाट प्रभावित समुदायलाई उनीहरुको आफनो क्षमताले आर्जन गरेर जिविकोपार्जन गर्न सक्ने अवस्था नभएसम्म निरन्तर रुपमा सहयोग चाहिन्छ । घरबार र खेतीपाटी नष्ट भएर विस्थापित हुन वाध्य भएका समुदायलाई तिनको आधारभूत आवश्यकता पूर्ति गर्न वैकल्पिक आयश्रोतको व्यवस्था

मिलाइदिने र दिर्घकालिन पुर्नस्थापनाकालागि सघाउने कार्यलाई पनि प्रकोप व्यवस्थापन योजनामा समावेश गर्नुपर्दछ ।

**प्रकोपपछि गर्नुपर्ने कार्यहरु**

प्रकोप व्यवस्थापनमा प्रकोपपछि लामो अवधिसम्म गर्नुपर्ने कार्यलाई पनि समाबेश गर्नुपर्दछ । प्रकोपका कारण भएको क्षतिको पुर्नस्थापना तथा पुर्ननिर्माणका कार्यहरु गर्नुपर्दछ ।

**पुनःस्थापन** :

पुनःस्थापन भन्नाले मानव, उद्योग, यन्त्र, कुनै कार्य, विषय, परम्परा, मूल्य आदिलाई फेरि नडगमगाउने हिसाबले आवश्यक ठाउंमा बसाउने, जडान गर्ने वा फेरी नयां रुपमा परिणत गर्ने कार्य भन्ने बुझिन्छ । अथवा प्रकोपपछि समुदायको अवस्थालाई पूर्वाअवस्थामा ल्याउन गरिने कार्यलाई पुर्नस्थापन भनिन्छ । यसमा सामान्य क्षति भएको घरको मर्मत संभार, रोजगारी वा आय आर्जनको बैकल्पिक व्यवस्था, सार्वजानिक तथा निजी भौतिक संरचनाको मर्मत संभार गरेर प्रयोगयोग्य वनाउने कार्य पर्दछन् । सुरक्षित स्थानमा बस्न पाउनु तथा औषधी उपचार तथा अन्य आधारभूत आवश्यकतालागि सहयोग पाउनु प्रकोप पिडितको मानव अधिकार नै हो

**पुनःनिर्माण :**

प्रकोपबाट क्षतिग्रस्त भएका भौतिक संरचनाको स्थायी निर्माण गर्न सवै प्रकारका सेवा र आधारभूत संरचनालाई पूर्णतया पहिलेकै अवस्थामा ल्याउन र प्रभावित क्षेत्रका मानिसहरुलाई कृषि लगायतका आर्थिक क्षेत्रमा नयां जीवन दिनकोलागि गरिने सम्पूर्ण कार्यलाई पुर्ननिर्माण भनिन्छ ।

- प्रकोपबाट पीडित समुदायमा आपतकालिन सेवाहरुको सञ्चालन पश्चात पुननिर्माण कार्य सञ्चालन गरिन्छ।
- पुननिर्माण कार्य भविष्यमा हुन सक्ने प्रकोपको खतरालाई समेत ध्यानमा राखी समुदायको पहिलेको अवस्था भन्दा एक कदम अगाडी बढेर कार्यक्रम सञ्चालन गरिन्छ ।

**पुननिर्माण गरिने क्षेत्रहरु**

१. भौतिक संरचनाको निर्माण (सडक, भवन, संचार, घर विधुत, पुल आदि)
२. आर्थिक अवसरहरु (कृषि, उधोग, व्यवसाय रोजगार आदि)
३. रोजगारिको अवसरको पुर्नबहाली
४. सामाजिक संरचनाको निर्माण (मन्दिर, धार्मिक क्षेत्र, परिवारका सदस्यहरुलाई एकिकृत, हराएका मानिसहरुको खोजी)
५. मनोबैज्ञानिक असरहरु हटाउने (हिनताबोध, डर, असुरक्षा, निर्वलता,आशंका, दलित भावना आदि
६. अन्य (सरकारी सेवा, गैर सरकारी संस्था एवं अन्य सामाजिक सेवाहरु)

**शेसन चार**
**शिर्षकः** प्रकोप र  गरिवीको सम्वन्ध र अधिकार सम्वन्धि दृष्टिकोण

**उध्देश्यः**

**यस शेसनको अन्त्यमा सहभागीहरुले**

- प्रकोप र गरिवी वीचको अन्तर सम्वन्ध बताउन सक्नेछन्
- प्रकोप सम्वन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा भएका अधिकारको वारेमा बताउन सक्नेछन् ।

**समयः** ६० मिनेट

**विधिः** मष्तिष्क मन्थन, वादविवाद , लघु प्रवचन

**सामाग्रीहरुः** सेतो पाटी, ओभरहेड वा मल्टिमिडिया, बोर्ड मार्कर

**सहजीकरणका प्रक्रियाहरुः**

- सहभागिहरुलाई प्रकोपले गरिव वनाएका केही घटनाहरु छन् भने दूई तीन जनालाई भन्न लगाउने
- सहजकर्ताले प्रकोप र गरिवीको सम्वन्धको वारेमा सर्न्दभ सामाग्रीमा भएका कुराहरु बारे व्याख्या गरिदिने प्रकोपले धनीलाई भन्दा गरिवलाई बढी असर गर्ने कुरा बताउने
- प्रकोपमा परेका व्यक्तिहरुले राहत पाउनु राहतमुखी कार्यक्रम हो कि अधिकारमुखी कार्यक्रम हो भनी दूइ समुह विच वादविवाद गर्न लगाउने
- बादविवाद पछि अन्तराष्ट्रिय तथा राष्ट्रिय स्तरमा के के कानूनहरु निर्माण भएका छन् तीन चार जनालाई महिला पुरुष मिलाएर सोध्ने
- त्यसपछि सहजकर्ताले सहभागिहरुको भनाईमा थप गर्दै सर्न्दभ सामाग्रीमा उल्लेख भएका अन्तराष्ट्रिय तथा राष्ट्रिय स्तरमा भएका व्यवस्थाहरुको वारेमा स्पष्ट पार्ने र यस संग सम्वन्धित पर्याप्त कानूनको अभाव भएकोले पैरवी गर्नुपर्ने कुरा सहभागीसमक्ष राख्ने

## शेसन चारको लागि सन्दर्भ सामाग्री तथा हाते पत्र

प्रकोपको प्रभाव अधिकांश गरिव समुदायमा परेको हुन्छ ।प्रकोप तथा संकटाभिमुखता बढनुमा गरिवी एका प्रमुख कारण हो । प्रकोपले गरिव देश तथा गरिव जनतालाइ नै बढी प्रभाव पारेका कुरा विभिन्न अनुभव हरुले देखाएको छ । गरिवीको कारणले गर्दा गरिव समुदायका मानिसहरु निम्न स्तरको प्रकारले बनेको घरमा बस्न बाध्य हुनुपर्ने, खोला किनारको छेउछाउ, ठाडो भिर परको ठाउं, बजारको छेउ आदि स्थानमा बस्दछन् र प्रकोपको समयमा यस्तो स्थानमा वसोबास गर्ने समुदायलाई बढी असर गर्दछ । बाढी, पहिरो, आगलागि तथा भूकम्पले यस्तो स्थानमा बसोबास गर्ने गरीव जनतालाई बढी असर गर्दछ ।

गरिवहरु प्रकोपको मारमा परेपर्छि झन गरिव हुदै जान्छन् ।  धनी परिवारको बासस्थान अन्य सुरक्षित स्थानमा समेत हुने वा आय आर्जनका श्रोत उपलव्ध हुने भएकाले गरिव परिवारमा परेजस्तै ठुलो प्रभाव परेको हुदैन । गरिव समुदाय प्रकोपको कारण विस्थापित भएपछि पुन प्रकोप हुन सक्ने जोखिमपूर्ण स्थानमै वस्न वाध्य हुन्छन् । यस्तो अवस्था निरन्तर दोहरिरहने हुने भएकोले राज्यको गरिवी निवारण लक्ष संकटापन्न बन्दै गएको छ । कतिपय धनी परिवार पनि प्रकोपपछि गरिव बनेका उदाहरण पनि पाइन्छन् । यस अवस्थाले देशको गरिवी निवारण कार्यक्रम समेत प्रभावित भएको छ ।

गरिवीको कठोर चक्रभित्र बढदो प्रकोपक प्रवृत्तिहरुको प्रत्यक्ष परिणाम गरिवी हो । प्रकोप राष्टूमा गरिवी बढाउने प्रमुख कारकका रुपमा प्रकट भइरहेको छ । प्रकोपका नकारात्मक असरहरु धेरैजसो गरिब, गृहीणी, वालवालिका र श्रमिक वर्गमा देख्न सकिन्छ । गरिवीको कठोर चक्रलाई तल  उल्लेखित रेखा चित्रमा संक्षेपीकृत गरिएको छ।

एक्शन एड नेपालले नेपालको गरिवी घटाउने कार्यमा विगत २५ वर्षदेखि काम गर्दै आएको छ। गरिवीको सवालमा कुरा गर्दा प्रकोप पनि गरिवीको एक कारक तत्वको रुपमा देखिएको छ । प्रकोपमा परेर गरिवहरु झन झन्  गरिव हुदै गएका छन् भने धनी मानिसहरु पनि प्रकोपमा परेर गरीव भएका उदाहरुणहरु हाम्रो समाजमा छन् । प्रकोप सामना गर्न सक्ने ज्ञान तथा क्षमता नभएर प्रकोपबाट वर्षेनी ठुलो मात्रामा धन र जनको क्षति हुदै आएको छ । यही प्रकोपबाट हुने असरलाई कम गर्नकोलागि, प्रकोपको समयमा सहयोग प्रदान गर्न र प्रकोप पछि गरिनु पर्ने पुनस्थापना तथा पुनर्निर्माणको कार्यमा सघाउन एक्शन एड नेपालले प्रकोपलाई एउटा मुद्दाको रुपमा लिई स्थानिय स्तर देखि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरसम्म कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

**कारण**

- बनजन्य साधन श्रोतको उचित प्रयोगसम्वन्धि नितिको अभाव
- दीर्घकालिन प्रकोप व्यवस्थापन सम्वन्धि स्पष्ट नितिको अभाव
- न्यून आय
- बाढी प्रकोप
- कृषियोग्य जमिन र बनजन्य श्रोतको अवनति
- जनसंखया दवाव
- चेतनको अभाव
- महिला पुरुषको असमानता
- आर्थिक श्रोतको अभाव
- राजनितिक प्रतिवध्दतामा कमी वा अभाव
- कुशासन
- अपर्याप्त खाद्द

**प्रभाव**

- न्यून आय
- न्यून उत्पादकत्व
- बलौटे कृषियोग्य जमिन
- भू-स्खलन
- सम्पतिको क्षति
- बसाइसराइ
- महिलामा कार्यबोझ वृध्दि
- ऋणमा वृध्दि
- खराव पारिवारिक स्वास्थय
- मानविय द्वन्दमा वृध्दि
- न्यून सरकारी सेवा
- सुरक्षाको अभाव
- अधिकारहरुको निषेध
- भयावहतामा वृध्दि

**असर**

प्र

को

प

असर र प्रभावको समिश्रणबाट गरिवी र गरिवीबाट यी असर र प्रभाव सृजित हुन्छन्।

## अधिकार सम्वन्धि दृष्टिकोण

अन्तराष्ट्रिय मानवअधिकार कानूनले प्रकोपबाट सुरक्षा र उद्धार सम्वन्धि अधिकारका सम्वन्धमा प्रष्ट रुपमा बोलेको पाइंदैन तर परोक्ष रुपमा भने स्पष्टत समावेश गरेका पाइन्छ । मानव अधिकार सम्वन्धि विश्वव्यापी घोषणापत्रको धारा ३ मा भनिएको छ प्रत्येक व्यक्तिलाई जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार हुनेछ । त्यसैगरि सोही घोषणापत्रको धारा २५ मा भनिएको छ : प्रत्येक व्यक्तिलाई आफनो र आफनो परिवारको स्वास्थ्य र हितका साथै खाद्द, लत्ताकपडा, आवास, चिकित्सा तथा आवश्यक सामाजिक सेवा सहितको उन्नत जीवनस्तरको अधिकार र आफनो नियन्त्रण बाहिरको स्थितिमा बेरोजगारी, अस्वस्थ्यता, अशक्तता, विधवा अवस्था वा वृध्दाअवस्था व जीवनयापनक अन्य अभावहरुवाट सुरक्षासम्वन्धि अधिकार हुनेछ ।

प्रकोपहरु व्यक्तिको नियन्त्रण भन्दा बाहिरको अवस्था हुन् । प्रकोपका अवस्थामा समेत उन्नत जीवनको अधिकार कुण्ठित हुदैनन् । यी अधिकार मानवअधिकार सम्वन्धि सम्झौता विशेषतः सामाजिक तथा सांस्कृतिक अधिकारसम्वन्धि अन्तराष्ट्रिय अनुवन्धमा विस्तारपूर्वक समावेश गरिएका छन् । राष्ट्रिय सरकारहरुको यी अधिकारका सम्वन्धमा सिमित क्षमता हुन्छ भन्ने कुरा प्रष्ट बुझन सकिन्छ । जे होस्, सवै सरकारहरुले आफना सिमित साधन श्रोतका बावजुद सामान्य अवस्थामा मात्र होइन कि गंभिर संकटको अवस्थामा समेत जनधन रक्षाका लागि सत्प्रयास गर्ने र उन्नत जीवनस्तर प्रत्याभूत गर्ने दायित्व भने बहन गरेका हुन्छन् ।

## सुरक्षा र रक्षाको अधिकार

सवै व्यक्तिको प्रकोपबाट सुरक्षित हुने अधिकार हुन्छ र साथै सरकारको पनि तिनीहरुको रक्षा गर्ने दायित्व हुन्छ । आधारभूत प्रकोप उद्धार दया र करुणाको विषय होइन । प्रकोपबाट सुरक्षित हुने मानव अधिकारको अर्थ जनतामा अर्न्तनिहित केही निश्चित सेवा प्राप्त गर्ने हक हो । यदि राष्ट्रिय सरकारहरुको पर्याप्त तयारी नभएको अवस्थामा त्यसप्रति जिम्मेवारी वोध गराउन संस्थाहरु हुनुपर्दछ । संगठन र तालिम प्राप्त जनशक्ति, संकटग्रस्त क्षेत्रहरु खाली गराउने योजना, आपतकालिक चिकित्सा सुविधा, पानी तथा खाद्द सामाग्रीको व्यवस्था गरिनुपर्दछ ।

नेपालको अन्तरिक संविधान २०६३ ले सवै नागरिकको मौलिक तथा आधारभूत अधिकारहरुको प्रत्याभूत गरेको छ। अन्तरिक संविधानको धार १६ को वातावरण तथा स्वास्थय सम्वन्धि हकमा प्रत्येक नागरिकलाई कानूनमा व्यवस्था भएबमोजिम आधारभूत स्वास्थय सेवा निशुल्क पाउने, धारा १८ रोजगारी तथा समाजिक सुरक्षा सम्वन्धि हकमा महिला, श्रमिक, वृध्द, असहाय तथा अशक्त नागरिकलाई कानूनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षाको हक र खाद्द सम्प्रभुताको हक हुनेछ भनी व्यवस्था गरिएको छ। तर पनि प्रकोपको सिलसिलामा नेपालमा पर्याप्त मात्रामा कानूनहरु वनेका छैनन् । दैवि प्रकोप (उद्धार ) ऐन २०३९ पुराने छ र समयअनुकुल छैन । आकस्मिक तथा प्रकोप व्यवस्थापन गरिव तथा असहायको अधिकार संरक्षणसंग सम्वन्धित अपरिहार्य विषयबस्तु बन्न पुगेको छ । प्रेत्यक वर्ष प्रकोपबाट विश्वभर बीस लाख, एशियामा मात्र पचास हजार र नेपालमा करिव एक हजार प्रभावित वा मारिन्छन् । अतः प्रकोप व्यवस्थापनको उध्देश्य सामुदायिक तयारी, क्षमता अभिवृध्दि, गरिव तथा पिडित वर्गको प्रकोप सामना गर्ने क्षमता, उद्धार तथा पुर्नस्थापना र संकटको अवस्थामा गरिव तथा असहाय खासगरी महिला तथा बालवालिकाको अधिकार संरक्षणतर्फ लक्षित हुनुपर्दछ।

**मानविय सहायताको अधिकार**

प्रत्येक अत्यधिक खांचोमा परेका व्यक्तिहरुलाई सहायता पाउने अधिकार हुनेछ ।

१. राज्यहरुको आफनो क्षेत्रमा वा आफु नियन्त्रित क्षेत्रमा पिडितहरुलाई मानविय सहायता प्रदान गर्ने कर्तव्य हुनेछ ।

२. राज्यहरु, अन्तराष्ट्रिय तथा राष्ट्रिय संघ संस्थाहरुलाई अन्य राज्यमा मानविय सहायताको प्रस्ताव प्रस्तुत गर्ने अधिकार हुनेछ ।

३. राज्यहरु, अन्तराष्ट्रिय तथा राष्ट्रिय संघ संस्थाहरुलाई सम्वन्धित अर्का राज्यहरुको सहमतिमा अर्का राज्यका पिडित व्यक्तिहरुलाई सहायता प्रदान गर्ने अधिकार हुनेछ । शासन सत्ताको विखण्डन वा गृहयुध्दको अवस्थामा सम्वध्द अधिकारीहरुको सहमतिमा यस्तो अधिकार प्राप्त हुनेछ ।

४. राज्यहरुको अन्य राज्यका पिडितहरुलाइ मानविय सहायता प्रदान गर्ने कर्तव्य हुने छैन तर अन्य राज्यहरु अन्तराष्ट्रिय तथा राष्ट्रिय संघ संस्थाहरुबाट उपलव्ध गराइएका मानविय सहायतालाई सहज बनाउनु तिनीहरुको कर्तव्य हुनेछ । यदि कुनै राज्यका विरुध्द दवावका उपायहरु अवलम्वन गरिएको रहेछ भने तिनीहरुबाट अत्यावश्यक मानविय आवश्यकताका बस्तुहरु आपूर्ति गर्न वर्जित गरिनेछ ।

५. संयूक्त राष्ट्रसंघको बडापत्रको परिच्छेद ७ का आधारमा सुरक्षा परिषदले अन्तराष्ट्रिय शान्ति र सुरक्षामा मानविय वियोगले पारेको असरको परिमाण निर्धारण गर्न सक्तछ र पिडितहरुलाई मानविय सहायता पुरयाउनकालागि आवश्यक सवै उपाय अवलम्वन गर्न राज्यहरु वा संयूक्त राष्ट्रसंघीय सेनालाई अख्तियार प्रदान गर्न सक्नेछ। ।

६. अन्तराष्ट्रिय कानून बमोजिम राज्यहरुको अन्य राज्यहरु, अन्तराष्ट्रिय तथा राष्ट्रिय संघ संस्थाहरुबाट प्रदान गरिएका मानविय सहायता ग्रहण गर्ने कर्तव्य हुनेछ । तिनीहरुले स्वेच्छाचारी ढंगले आफनो पूर्व सहमतिलाई इन्कार गर्न हुंदैन ।

७. राज्य, जसको नियन्त्रणमा व्यक्तिहरुले पाउने मानविय सहायता रहेको हुन्छ, त्यस राज्यविरुध्द व्यक्तिहरुको अधिकार हुनेछ । त्यसैगरि राज्यको मानविय सहायता उपलव्ध गराउने वा नियम ३,४ र ६ बमोजिम मानविय सहायता वितरण गर्ने अनुमति प्रदान गर्ने कर्तव्य हुनेछ ।

(मानविय सहायताको अधिकार,संयूक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक परिषद्, पेरिस १९९५)

.

**शेसन पांच**
**शिर्षकः** एक्शन एडको प्रकोप सम्वन्धि दृष्टिकोण

**उध्देश्यः**

**यस शेसनको अन्त्यमा सहभागीहरुले**

- एक्शन एडको प्रकोप सम्वन्धि दृष्टिकोण तथा कार्यक्रम कार्यान्वयनका सिध्दान्तहरुको बारेमा व्याखया गर्न सक्नेछन्
- एक्शन एडको अधिकार विश्लेषण र रणनितिक उध्देश्यको वारेमा भन्न सक्नेछन्
- एक्शन एडको प्रकोप व्यवस्थापन रणनिती बताउन सक्नेछन्

**समयः** ९० मिनेट

**विधिः**छलफल **र** प्रवचन

**सामाग्रीहरुः** मल्टिमिडिया वा ओभरहेड प्रोजेक्टरबाट प्रस्तुती

**सहजीकरणका प्रक्रियाहरुः**

- एक्शन एडले समुदायमा प्रकोप सम्वन्धि के के कार्यहरु गर्दै आएको छ भनी सहभागीहरुलाई सोध्ने
- सहभागिले भनेको कुराहरु सेतो पाटीमा टिप्दै जाने
- सहजकर्ताले सर्न्दभ सामाग्रीमा भएका एक्शन एडको प्रकोप सम्वन्धि दृष्टिकोण, कार्यान्वयनका सिध्दान्तहरु, अधिकार विश्लेषण, रणनितिक उध्देश्यहरु र प्रकोप व्यवस्थापन रणनिति व्याख्या गर्ने
- स्पष्टताको लागि केही समय छलफल गर्ने

## शेसन पांचको लागि सन्दर्भ सामाग्री तथा हाते पत्र

एक्सनएड नेपाल अन्य कर्ताहरुको सहकार्यमा,नेपालका गरीव, नीमूखा र सीमान्त समूदायहरुको संकटाभिमूखता र खतराको सवालमा क्षमता अभिवृद्धिको माध्यमले जोखिम घटाउन प्रतिवद्ध छ। यी प्रतिवद्धताहरु विभिन्न मानविय तथा मानवअधिकार कानुनहरुको जडमा आधारित छन् र हाम्रा आफ्नै लैंङ्गिकसमता एवं अधिकारमूखि तथा सहभागितामूलकपद्धतिहरुको अभ्यासद्वारा पोषित र समृद्ध छन् ।

नेपालमा एक्शन एडले स्थापनाकाल देखि नै रेडक्रस र स्थानिय गैर सरकारी संघ संस्थासंग मिली संयूक्त रुपमा प्रकोपका प्रत्येक घटनाका आधारमा राहत कार्यमा सरोकार राख्ने प्रयत्न गरिआएको छ । यस अर्न्तगत आगजनी, बाढी, पहिरो, मानविय दुर्घटना, माहामारी आदि पर्दछन्। पुनस्थापन कार्यमा एक्शन एडले आफना कार्यगत क्षेत्रहरुमा स्थानिय सरकार र जनताका संघ संस्थासंग मिली काम गरेको छ । यसैगरि कार्यक्रम कार्यान्वयनका क्षेत्रहरुमा केही पूर्व तयारी सम्वन्धि क्रियाकलाप जस्तैः तालिम, कार्यशाला, संभावित प्रकोप सम्वन्धि सडक नाटक गरिआएको र गा.वि.स तथा जि.वि.स स्तरमा प्रकोप व्यवस्थापन समितिलाई सुदृढीकरण गर्दै आएको छ ।

### आकस्मिक तथा प्रकोप व्यवस्थापन कार्यक्रम कार्यान्वयनका सिद्धान्तहरु

सरकार, दातृ निकायहरु, गैर सरकारी संस्थाहरु र सर्बसाधारण समक्ष प्रकोप सरोकार सम्बन्धी प्रभावकारी अल्पकालीन र दीर्घकालीन योजनाको आवश्यक्ताको पक्षपोषण गर्ने ।

- प्रकोप ग्रस्त क्षेत्रको नक्सांकन र भयावहताको आकलन र आवश्यक निबारणका उपायहरुको पक्ष पोषण गर्ने ।
- प्रकोप व्यवस्थापनमा कार्यरत निकायहरुका वीच समन्वय प्रणाली स्थापना गर्ने ।
- एक्सन एड नेपालले रेडक्रसद्वारा निर्दिष्ट मापदण्ड, आफ्नो संचालन कार्य योजना र नेपाल सरकारको नीति नियमको पालना र प्रयोग गर्नेछ ।
- एक्सन एड प्रकोपका असरहरु न्यून गर्नका लागि पूर्ब तयारी एक प्रमुख क्रियाकलाप हो भन्ने कुरालाई मान्यता प्रदान गर्दछ ।
- प्रभावकारी प्रकोप पूर्बतयारीका लागि राष्ट्रिय र स्थानीय तहमा संस्थागत क्षमता सुदृढीकरणगर्ने ।
- समुदायमा आधारित प्रकोप पूर्बतयारी रणनीतिका माध्यमबाट पीडित समुदायको प्रकोप सामना गर्ने क्षमतामा सुधार गर्ने ।

### दृष्टिकोण

□प्रकोपका जुनसुकै अवस्थामा पनि प्रत्येक व्यक्ति र समुदायको जीवन र जीवन यापन (खाद्य, आवास, स्वास्थ्य र पोषण, पानी, लत्ताकपडा आदि) को अधिकारलाई सुनिश्चित गर्ने ।
□संकटको अवस्थामा सरकारलाई निश्चित रुपमा तुरुन्त कार्य गर्ने गरी उत्तरदायी बनाउन आवश्यक प्रक्रियाहरुलाई सहज बनाउने ।

□प्रकोप सरोकारको समयावधिमा मानवाधिकार र मानवीय कानूनहरुको कडाईका साथ पालना गर्ने ।
□प्रकोप सरोकारका अवस्थामा न्यूनतम कार्य मापदण्डलाई सुनिश्चित गर्ने ।
□प्रकोप पीडित गरिब जनताको अधिकारका लागि नीतिगत विषयहरुमा अन्य सम्बद्ध पक्षसंग साझेदारीमा कार्य गर्ने ।
□प्रकोप सामना गर्ने समुदाय र अन्य सम्बद्ध पक्ष ( सरकारी निकाय तथा गैर सरकारी संस्था)को क्षमता सुनिश्चित गर्ने ।
□पूर्ब तयारी, संकट निवारणका माध्यमबाट जोखिम न्यून गर्ने दिशा तर्फ जनतालाई जागृत, संगठित र परिचालित गर्ने र मर्यादित जीवनका साथ दिगो जीवनयापनलाई सुनिश्चित गर्ने ।
□एक्सन एडका सबै कार्यक्रममा संकट तथा प्रकोप व्यवस्थापन मूलभूत अवधारणाका रुपमा रहने ।
□जल उत्पन्न प्रकोप न्युनीकरण कार्यक्रमलाई प्राथमिकता दिईने ।
□एक्सन एड नेपालले प्रकोप सरोकारको अवधिमा लिङ्गीय विषयबस्तुहरुमा विशेष ध्यान दिने ।
□कार्यक्रम कार्यान्वयन गर्दाका बखत अधिकार विश्लेषणलाई उच्च रुपमा ध्यान दिईने, र
□सरकारद्वारा कार्यान्वयन गरिएका सबै नयाा परियोजनाहरुमा र अन्य विकास परियोजनाहरुमा वातावरणीय असर मूल्यांकलाई सुनिश्चित गर्ने ।

## एक्सनएडको अधिकार विश्लेषण

१. अधिकारमा आधारित विश्लेषणले संकटबाट प्रभाव जनसाधारणलाई अधिकार तथा उत्तरदायित्वयुक्त नागरिकका रुपमा स्वीकार्दछ । जनतालाई रक्षा, मानवीय सुरक्षा र आफ्नो आवश्यक्तामा आधारित सहायताको अधिकार हुनेछ ।

२.हाम्रो शक्ति वितरणको विश्लेषणले अधिकार विश्लेषणका सबै पक्षहरुलाई सूचित गर्नेछ । यस्ले प्रकोपबाट पीडित गरिव जनतालाई कहाा र कसरी तिनको शक्तिको हिस्सामा बृद्धि गर्न सकिन्छ भन्ने पहिचान गराउनेछ ।

३.अधिकारमा आधारित विश्लेषणले आधारभूत साधन श्रोत र सेवाहरुमा को कस्को पहाुच वा नियन्त्रण छ वा छैन भन्ने वारे दृष्टिगत गर्दछ । प्राय यस्ले असमान नीति तथा अभ्यास जस्तै महिलाहरुलाई जमीनमाथि अधिकार नदिइएको राज्यहरुमा प्रकोपबाट महिलाहरु अझ बढी पीडित हुने तथ्यलाई प्रतिविम्बित गर्दछ ।

४.हाम्रो विश्लेषणले सबै तप्काका व्यक्ति वा संस्थाहरु व्यक्ति, परिवार, स्थानीय र राष्ट्रिय सरकार, क्षेत्रीय निकाय वा अन्तराष्ट्रिय संघसंस्थाहरुका उत्तरदायित्व र ती उत्तरदायित्वहरु बहन गर्ने तिनीहरुको क्षमता वारे पहिचान गराउने छ ।

५.विद्यमान अन्तराष्ट्रिय, राष्ट्रिय तथा स्थानीय कानूनी तथा शासन प्रणालीको गहन विश्लेषण एक्सन एडको धारणामा केन्द्रीत छ । तिनले राज्य वा गैर सरकारी संघसंस्थाहरुको मानवीय सुरक्षा र गरिव जनताको सहायता र रक्षालाई प्रत्याभूत गर्ने स्पष्ट दायित्वलाई स्थापित गर्दछ ।

६. प्रकोपबाट पीडित खासगरी सबै भन्दा बढी असहाय जनता कसरी विषयबस्तु निर्धारण तथा निर्णय प्रकियामा सकिय सहभागी हुन सक्छन र अन्य सम्बद्ध पक्षहरुसंग तिनीहरु आफ्नो अधिकार सम्बन्धमा छलफल गर्न सक्छन भन्ने वारे हामी सम्परिक्षण गर्नेछौं ।

७.एक्सन एडको विश्लेषणले ती जनसमूह तथा सामाजिक पक्षहरुको पहिचान गर्नेछ जस्का अधिकारहरु गम्भीर रुपमा कुन्ठित गरिएका हुन्छन । त्यसैले जातीयता, लिङ्ग, पुस्ता र असक्षमताले संकट अवस्थामा उच्च प्राथमिकता पाउदछन ।

८.महिलाहरुको संकटबाट उत्पन्न असर सामना गर्ने क्षमता प्रति आत्मविश्वास बृद्धि गर्दा हामी कसरी लिङ्गीय भूमिका र सम्बन्ध तथा असमान व्यवहारहरुले महिलालाई बढी पीडित बनाउादछ भन्ने तर्फ दृष्टिगत गर्नेछौं । उदाहरणका लागि, हामी यौनजन्य हिंसा र मानव बेचविखनका गतिविधिहरुको विश्लेषण गर्नेछौं । त्यसैले समस्याहरु संकट सम्बन्धी कार्यकमहरुद्वारा सम्बोधित गरिएका छन ।

९.अधिकार विश्लेषणले शक्ति, संस्कृति र अधिकार बीचको अर्न्तद्वन्द तथ्य समन्वय दुबैलाई सम्बोधित गर्दछ ।

- एक्सनएड संकट रणनीति २००३-२००७

**रणनीतिक उद्देश्यहरुः**

<u>१. क्षमता अभिबृद्धि</u> : प्रमुख प्रकोपका घटनाहरुमा स्थानीय सरकार र समुदायहरुलाई सहयोग गर्न आफ्ना कार्यगत क्षेत्रहरुमा पूर्व तयारी र तालीम प्राप्त जनशक्तिको उपलव्धतालाई सुनिश्चित गर्ने ।

<u>२. समूह र सञ्जाल निर्माण</u> : उद्धार, राहत, पुनर्स्थापना र पूर्व तयारी कार्य हुादाका बखत प्रभावकारी सरोकारका लागि र सहकार्यका लागि गैरसरकारी संस्था रसमूदायमा आधारित संस्थाका अतिरिक्त स्थानीय सरकारका निकाय (प्रजिअ र जिविस र गाविस) संग सुदृढ समूह र सन्जाल निर्माण गर्ने ।

<u>३.नीतिगत प्रभाव र जनवकालत</u> : नीति निर्माता र सन्चार जगतलाई प्रभावित गरी प्रकोप पीडित गरिव जनताको अधिकारको समर्थन गर्दै प्रकोप सम्बन्धी कार्यमा लिङ्ग र अधिकारको धारणालाई एक्यवद्ध गर्ने ।

<u>४.संकट सरोकार र श्रोत परिचालन</u> : आवश्यक्तानुसार राहत, पुनर्स्थापना र पूर्व तयारी सम्बन्धी कार्यहरुको कार्यान्वयन गरेर पीडित समुदायप्रति सरोकार देखाउने र तिनको समर्थन गर्ने ।

<u>५. ज्ञान र सुचना व्यवस्थापन :</u> अन्य राष्ट्रका कार्यकमहरु खासगरी एक्सनएड एशियाका कार्यकमसंग मूल ज्ञान र अभ्यासको आदान प्रदान गर्ने ।

## प्रकोप व्ययस्थापन रणनीति

**चरण -१ प्रकोप पूर्व तयारी । निवारण ( प्रकोप पूर्व ) :**

प्रकोप पूर्व तयारी एक्सन एड नेपालको प्रकोपग्रस्त क्षेत्रहरुमा बसोबास गर्ने समुदायको जोखिम र पीडा कम गर्ने रणनीतिक सरोकार हो । तसर्थ, यस्ले सक्रिय रुपमा प्रकोप ब्यवस्थापन गर्न सरकार, राहत प्रदान गर्ने निकाय र प्रकोप प्रभावित जनताको क्षमता बृद्धि ( पूर्व तयारी ) गर्ने रणनीतिक कार्य गर्नेछ ।

प्रकोप पूर्व तयारी अर्न्तगत नीति तथा अभ्यास परिवर्तनको पक्ष पोषणसंग सम्बन्धित उपाय,विभिन्न खतरा, संकट, जोखिम तथा क्षमता मूल्यांकन र विश्लेषण, जनचेतना अभिबृद्धि, सूचना ब्यवस्थापन, र संभावित प्रकोपका लागि आकस्मिक योजनाका रुपमा राहत । उद्धार सामाग्रीको भण्डारण पर्दछन । तयारीपनाको एक अंगको रुपमा निवारण अर्न्तगत जलाशय,बााध, नदी तटबन्ध निर्माण र बृक्षारोपण आदि कार्य पर्दछन । यी सबै उपायहरु प्रकोप प्रभावित जनताहरुको दिगो रुपमा जीवनयापनमा सुधार तर्फ उन्मुख छन । एक्सनएड नेपालले पूर्व तयारी र निवारण सम्बन्धी उपायहरुलाई देहाय बमोजिम कार्यान्वयन गर्नेछ ।

क. सडक नाटक, चलचित्र प्रदर्शन र पोष्टर पर्चाका माध्यमबाट जनचेतना : एक्सन एड नेपालले आमजनतामा संकट पूर्व तयारी र सरोकारका बारेमा तिनीहरुको अधिकार,उत्तरदायित्व र दायित्वका सम्बन्धमा चेतना अभिबृद्धि गराउनेछ । त्यसैगरी प्रकोप पूर्व तयारी,निवारण र सरोकार सूचना बारे जानकारी तथा सूचना आदानप्रदानको अवसर श्रृजना गर्नेछ । यस्का लागि एक्सन एड नेपालले नेपालमा उपलब्ध सञ्चार जगत, नाट्य समूह र आम सञ्चारका अन्य क्षेत्रहरुलाई परिचालन गर्नेछ ।

ख. क्षमता अभिबृद्धि तालीम, कार्यशाला,गोष्ठी : एक्सन एड नेपालले प्रकोप सम्बन्धी पूर्ण अवधारणा विकास गर्नेछ र यस उत्तरदायित्व बहन गर्ने नेपालका अन्य सम्बद्ध पक्षहरुको क्षमता बृद्धिको चाहना राख्दछ । एक्सन एड नेपालले राष्ट्रिय तथा क्षेत्रीय स्तरमा प्रकोप ब्यवस्थापन सम्बन्धी ज्ञानको आदानप्रदान लगायत शीप आर्जन गर्ने अवसर र क्षमता बृद्धि गर्ने अवसरलाई प्रोत्साहित गर्नेछ । यस्का लागि एक्सन एड नेपालले तालीम,कार्यशाला, प्रदर्शनी शिविर आदि आयोजना
गर्नेछ ।

ग. समुदायमा आधारित प्रकोप पूर्व तयारी कार्यक्रम कार्यान्वयन : एक्सन एड नेपाल प्रकोप पछिको सरोकार भन्दा प्रकोप ब्यवस्थापनमा पूर्व तयारीलाई बढी प्राथमिकता दिन्छ । यस्का लागि एक्सन एड नेपालले सदैव सम्भावित जोखिम, पीडाका लागि समुदायलाई तयार पार्ने र प्रकोप निवारण गर्ने रणनीति अख्तियार गर्नेछ । पूर्व तयारी अर्न्तगत दीर्घकालिन कार्यको क्षमता र कमीका बारेमा विश्लेषण र सो विश्लेषण उपयोग गरी स्थानीय पूर्वाबस्था,सबै दैवी प्रकोप सम्बन्धी कार्यक्रममा पूर्व तयारी सम्बन्धी कार्यक्रम समाबेश गर्ने र पूर्व तयारी योजनाको विकास गर्ने कुरालाई सुनिश्चित गर्नेछ ।

घ. सवालगत अनुसन्धान र प्रचार प्रसार अभियान : एक्सन एड नेपालले संकट तथा प्रकोप ब्यवस्थापनमा अधिकारमा आधारित अवधारणा विकासका लागि आवश्यक नीति निर्माण गर्नेछ

र कमी कमजोरी र सुधारको सम्भावनालाई पहिचान गर्नेछ साथै गरिब र असमर्थका पक्षमा नीतिगत पक्षपोषणका लागि उपलब्धिहरुलाई सञ्चारका माध्यमबाट प्रसारित गर्नेछ ।

ङ.मानवीय मापदण्ड र अधिकारको पुनर्स्थापनाका लागि नीतिगत पक्षपोषण र सहयोग : संकट तथा प्रकोपका स्थितिमा नियमित रुपमा इन्कार गरिने मानवीय मापदण्ड र अधिकारको पुनर्स्थापनाका लागि नीतिगत पक्षपोषण र सहयोग पनि एक्सनएड नेपालको कार्य षेत्र हुनेछ । यस अर्न्तगत द्वन्द समाधान, शान्ति निर्माण र निपुणता आदान प्रदान तथा शीप हस्तान्तरणका माधयमबाट आवश्यक आचार संहिताको निर्माण पर्दछन । एक्सन एड नेपालले नेपाल जस्ता अन्य राष्ट्रका कार्यक्रमका अनुभवबाट पनि सहयोग प्रदान गर्नेछ ।

च. राष्ट्रिय, क्षेत्रीय तथा अन्तराष्ट्रिय स्तरमा सम्बन्ध र सन्जाल : एक्सनएड नेपालले नेपालमा पडि कम गर्ने अतिरिक्त क्षमता बढाउन र प्रकोपका असर माथि विजय पाउनका लागि राष्ट्रिय, क्षेत्रीय तथा अन्तराष्ट्रिय स्तरमा सम्बन्ध र सन्जाल बनाउने प्रयास गर्नेछ । यसका लागि एक्सन एड नेपालले यस विषयमा कार्यरत राष्ट्रिय, षेत्रीय तथा अन्तराष्ट्रिय सन्जाल तथा निकायहरुसंग निकट सम्बन्ध राख्नेछ।

छ. स्थानीय सरकारी कार्यालय र निकाय (प्रजिअ र जिविस र गाविस) को सुदृढकिरण : जिल्ला प्रशासन जिल्ला विकास समिति, गाउा विकास समिति, जिल्ला रेडक्रस आदि स्थानीय निकायहरु प्रकोप व्यवस्थापन प्रक्रियामा एक्सन एड नेपालका क्रियाकलापहरुमा संयुक्त रुपमा सहभागी हुनेछन । दैवी प्रकोप उद्धार उेनमा परिकल्पना गरिउ सरह एक्सन एड नेपालले प्रकोप पीडितहरुलाई ति निकायहरुद्वारा प्रदान गरिने सेवालाई नियमित गर्न सहयोग गर्नेछ । यो सुशासन सम्बन्धी क्रियाकलापहरुको उउटा अंग हो । तसर्थ पूर्ब तयारी कार्यक्रमका प्रतयेक चरणहरुमा सुशासन मूलभूत विषयबस्तु हो ।

**चरण -२ प्रकोप राहत सहयोग (प्रकोपका समयमा)**

प्रकोप सरोकार राहत र सहयोग अर्न्तगत प्रकोपका समयमा जनताको जीउ धनको रक्षा संग सम्बन्धीत सबै क्रियाकलापहरु पर्दछन । यि क्रियाकलापहरुमा उद्धार कार्यक्रम, अल्पअवधिका लागि चिकित्सा र खाद्य सहयोग, तत्कालीन तथा दीर्घकालीन सरोकारका लागि स्थितिको मूल्याांकन लगायत संचार र यातायात, अस्थायी बन्दोबस्त, सुरक्षा, स्वास्थ्य सिविर आदि पर्दछन । सरोकारको प्रभावकारिता अघिनै बनाईएको आकस्मिक योजनामा निर्भर गर्दछ । जनताहरु कठिन अवस्थामा हुादा र हडतालका अवस्थामा अन्य संस्थाको उपस्थिति नहुादाको अवस्थामा एक्सन एड नेपाल प्रकोप राहत वितरण गर्ने कार्यमा पनि सहभागी हुन्छ ।

**चरण -३ पुनर्स्थापना र पुनर्निमाण (प्रकोप पश्चात- अल्पकालिन सरोकार)**

प्रकोपको समयमा मूल्यांकनकर्ता समूहको सिफारिश अनुसार अल्पकालीन तथा दीर्घकालीन पुनर्स्थापनाका कार्यक्रम बनाईनेछन । यसले स्थायी समाधान, जीवनयापनमा सहयोगी, मर्मत सम्भार, पुनर्निमाण, संस्थागत सुदृढीकरण, प्रकोपावस्थामा जनअधिकारको सुनिश्चितताका लागि आवश्यक कार्यक्रम तर्जुमा तर्फ प्रत्यक्ष ध्यान केन्द्रीत गर्दछ ।

**शेशन छ**
**शिर्षकः स्फियर परियोजनाको परिचय**

**उध्देश्यः**

**यस शेसनको अन्त्यमा सहभागीहरु वीच**

- स्फियर परियोजना के हो र यस्का न्यूनतम मापदण्डहरु के के हुन बताउन सक्नेछन्
- प्रकोपको अवस्थामा गैर सरकारी संस्थाहरुले अपनाउनु पर्ने आचार संहिताको बारेमा व्याख्या गर्न सक्नेछन्

**समयः** २ घंटा

**विधिः** मष्तिष्क मन्थन, लघु प्रवचन, छलफल

**सामाग्रीहरुः** सेतो पाटी, बोर्ड मार्कर, मल्टि मिडिया तथा ओभरहेड प्रोजेक्टर

**सहजीकरणका प्रक्रियाहरुः**

- सहभागिहरुलाई स्फियर परियोजनाको वारेमा के जान्नुभएको छ वा के थाहा पाउनु भएको छ भनी प्रश्न गर्ने
-सहभागिहरुले भनेको कुरा सेतोपाटीमा लेख्दै जाने
-सहजकर्ताले मल्टि मिडिया तथा ओभरहेड प्रोजेक्टरको माध्यमबाट छलफल गर्दै स्फियर परियोजना के हो, यस्को शुरुवात कसरी भयो, यसका न्यूनतम मापदण्डहरु के के हुन्, र गैर सरकारी संस्थाहरुले अपनाउनु पर्ने आचार संहिता के हो भनी व्याख्या गर्ने

**सहजकर्तालाई सुझाव** : सहजकर्ताले स्फियर सम्वन्धि मानविय घोषणापत्र तथा प्रकोप सहायता सम्वन्धि न्यूनतम मापदण्डहरु, २००४ संस्करण अध्ययन गर्ने, रात्रिको समयमा स्फियर सम्वन्धि जानकारी दिने भिडियो प्रदर्शन गर्ने

## शेसन छको लागि सन्दंभ सामाग्री तथा हातेपत्रहरु

### स्फियर परियोजना परिचय

स्फियर परियोजना भनेको मानविय सहायताका लगि संचालन समिति ९क्ऋज्च० तथा ९ख्इक्षऋभ० र ९क्षऋख्० नामक संस्थाको कार्यक्रम हो । उक्त परियोजनाको थालनी १९९७ मा मानविय सहायता कार्यक्रम संग सम्वन्धित मुल क्षेत्रहरुका लागि विश्वव्यापी न्यूनतम मापदण्डहरु तयार गर्नकोलागि गरिएको थियो । उक्त परियोजनाको लक्ष प्रकोपबाट प्रभावित मानिसहरुलाई प्रदान गरिने सहायताको गुणस्तर सुर्धानु तथा प्रकोपको स्थितिमा गरिने सहयोग सम्वन्धि मानविय प्रणालीको जिम्मेवारीपन बढाउनु हो । यसको पहल १९९७ मा मानवताबादी गैर सरकारी समुह, रेडक्रस र रेडक्रिसेन्ट अभियानबाट भएको थियो । तसर्थ यो मानवताबादी घोषणापत्र तथा प्रकोप सहायता सम्वन्धि न्यूनतम मापदण्डहरु विभिन्न व्यक्ति तथा निकायहरुको सामुहिक अनुभवबाट उत्पन्न भएका हुन् । तसर्थ यी कुराहरुलाई कुनै एउटा निकायको मात्र विचारलाई मात्र प्रतिनिधित्व गरेको हुनु हुदैन ।

स्फियर वास्तवमा दुई प्रमुख विश्वासमा आधारित छ । प्रथम : प्रकोप तथा द्वन्दबाट उत्पन्न मानविय पिडालाई निवारण गर्न हरसंभव पाइलाहरु चालिनु पर्दछ र दोश्रो प्रकोपबाट पिडित व्यक्तिहरुलाई ससम्मान वांच्ने अधिकार भएकोले सो सम्वन्धि सहयोग प्राप्त गर्ने अधिकार पनि छ । स्फियरमा प्रमुख पांच क्षेत्रहरु पानी तथा सरसफाई , पोषण, खाद्द सहयोग, आश्रय तथा स्वास्थय सेवाहरु मध्ये हरेकमा सहायता प्रदान गर्दा अपनाउनु पर्ने न्यूनतम स्तरहरुको पहिचान गरिएको छ । प्रकोप तथा द्वन्द पिडितहरुको आधारभूत अधिकारको संरक्षण गर्ने समेत उध्देश्य राखेर स्फियर परियोजना तयार भएको छ।

हालसम्म विश्वभरिका ८० वटा देशका ४०० भन्दा वढी संस्थाहरुले न्यूनतम मापदण्ड तथा प्रमुख सूचकहरुको विकासमा सघाएका छन् ।
मानवतावादी घोषणा पत्र

सिध्दान्तहरु

हामी मानविय आवश्यकता तथा यसको सर्वोच्चतामा आफनो संस्थालाई दोहरयाउंछौ । यसबाट हामीले द्वन्द वा प्रकोप बाट उत्पन्न हुने मानविय दुःख तथा पिडालाइ रोकथाम वा निवारण गर्न हरसंभव कदमहरु चालिनु पर्दछ त्यसरी प्रभावित नागरिकहरुको सहयोग तथा संरक्षण प्राप्त गर्ने अधिकार छ भन्ने विश्वासलाई जनाउंछौ ।

मानवतावादी घोषणा पत्रले निम्न सिध्दान्तहरुको आधारभूत महत्वलाई सुनिश्चित गर्छ

१. ससम्मान वांच्न पाउने अधिकार
२. लडाकु र गैर लडाकु विच भिन्नता
३. पुन स्वदेश नफर्काउने सिध्दान्त

**सबै क्षेत्रका लागि साझा मापदण्डहरु**

१. सहायता : प्रकोपबाट प्रभावित जनताहरुले सहायता कार्यक्रमको निर्धारण, तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन कार्यमा सक्रिय रुपले भाग लिन्छन्

२. प्रारम्भिक मूल्यांकन : प्रारम्भिक लेखाजोखाले संकटको स्थिति बुझ्न, जीवन सम्मान तथा स्वास्थ्य तथा जिविकोपार्जनको प्रष्ट विश्लेषण गर्न सघाउंछन जसले गर्दा सम्वन्धित अधिकारीहरुको परामर्शमा बाहय प्रतिक्रिया चाहिने वा नचाहिने र चाहिएमा त्यसको प्रकृती कस्तो हुनुपर्ने भनी निर्धारण गर्न सकिन्छ ।

३. सहायताकार्य : सम्वन्धित अधिकारीहरु आफनो नियन्त्रणमा रहेका क्षेत्रका जनताका संरक्षण तथा सहयोग सम्वन्धि आवश्यकताहरु पुरा गर्न असक्षम वा अनिच्छुक भएमा र मूल्यांकन तथा विश्लेषणले यी आवश्यकताहरु अपुर्ण रहको अवस्थामा मानविय सहायता कार्यको आवश्कता पर्छ ।

४. लक्ष्यिकरण : मानविय सेवा तथा सहयोगहरु प्रकोपबाट प्रभावित व्यक्ति वा समुहहरुको खतरा तथा आवश्यकताको आधारमा समान तथा निष्पक्ष ढंगले प्रदान गरिन्छ ।

५. अनुगमन : समस्याहरुप्रति प्रतिक्रिया जनाउने कार्यक्रमहरुको प्रभावकारिताको पहिचान गरि झन् व्यापक प्रसंगमा गरिने परिवर्तनहरुको निरन्तर अनुगमन गरिन्छ । जसको उध्देश्य कार्यक्रममा सुधार ल्याउनु वा आवश्यक भए खारेज गर्नु हुन्छ ।

६. मूल्यांकन: मानवसेवी कार्यको निष्पक्ष वा व्यवस्थित जांच हुन्छ त्यसको उध्देश्य अभ्यास तथा नितिमा सुधार गर्ने पाठहरु सिक्न तथा जिम्मेवारी बढाउनु हो

७. सहायता प्रदान गर्ने कार्यकर्ताका क्षमता तथा दायित्वहरु : सहयोगकर्मीसंग योजना बनाउन तथा प्रभावकारी ढंगले उपयूक्त कार्यक्रमहरु कार्यान्वयन गर्न उपयूक्त योग्यता, धारणा तथा अनुभव हुनु पर्छ ।

८. कर्मचारीहरुको सुपरिवेक्षण व्यवस्थापन तथा तिनलाई सहयोग : सहयोगकर्मीहरुले मानविय सहयोग कार्यक्रमहरुको प्रभावकारी कार्यक्रम सुनिश्चित गर्न सुपरिवेक्षण तथा सहयोग प्राप्त गर्छन ।

**पानी आपूर्ति, सरसफाइ तथा स्वास्थ्य प्रवर्धनमा न्यूनतम मापदण्डहरु**

प्रकोपको प्रारम्भिक चरणमा पानी तथा सरसफाई बांच्नकोलागि निर्धारक तत्व हुन् । प्रकोपबाट प्रभावित व्यक्तिहरु प्राय रोग लाग्ने वा रोगबाट मृत्यु हुने खतरा वढी हुन्छ। उक्त कुरा धेरै हदसम्म अपर्याप्त सरसफाइ, अपर्याप्त जल आपूर्ति तथा खराव स्वास्थ्य संग सम्वन्धित छ ।

प्रकोपको बेला जल आपूर्ति तथा सरसफाइ कार्यक्रमको मूख्य उध्देश्य असल स्वास्थ्य अभ्यासको प्रर्वधन,रोगबाहको जानकारी, सुरक्षित खानेपानीको प्रावधान तथा वातावरणीय स्वास्थ्य

खतराहरुको न्यूनिकरण एवं मानिसलाई सुस्वास्थ्य सम्मान,आराम तथा सुरक्षासाथ वांच्न दिने स्थितिहरु सृजना गरेर दिसा तथा मुखको माध्यमबाट हुने रोगहरुको संक्रमणलाई कम गर्नु हो ।

पानीको हक अन्य मानव अधिकारहरुसंग सम्वन्धित भएकोले शशस्त्र द्वन्दका बेला खानेपानीका मुहानहरु, तथा सिंचाइका निर्माणहरुमाथि आक्रमण गर्न, तिनलाई ध्वस्त पार्न, हटाउन वा अनपयोगी वनाउन निषेध गरिएको छ ।

पानी तथा सरसफाइ कार्यक्रमको उध्देश्य स्वास्थ्य संरक्षण गर्नकालाीग स्तरिय व्यक्तिगत तथा वातावरणिय स्वास्थ्यको सर्म्वधन गर्नु हो । स्वास्थ्य परिवर्तनको परिभाषा जनताका ज्ञान, व्यवहार तथा श्रोतको समिश्रण हो भनि गरिएको छ । यसका तीन प्रमुख कारकहरु छन् १. सुचना तथा जानकारकिो परस्पर आदानप्रदान २. समुदायहरुको परिचालन तथा ३. अत्यावश्यक सामाग्रीहरुको सुविधाहरुको प्रावधान

सवै व्यक्तिको पिउन, खाना पकाउन  तथा व्यक्तिगत र गाहर्स्थ प्रयोजनकालाीग पर्याप्त मात्रामा सुरक्षित तथा समान पहुंच हुनुपर्छ । सार्वजानिक धाराहरु पानी सम्वन्धि न्यूनतम आवश्यकता पुरा गर्न समर्थ हुने गरी घर परिवारको सक्दो नजीक रहनु पर्छ

**बांच्नकोलाीग पानीको आधारभूत आवश्यकता सम्वन्धि सरलीकृत तालिका**

| | |
|---|---|
| पिउन तथा खानमा | २.५ देखि ३ लिटर प्रतिदिन |
| आधारभूत स्वास्थ्य सम्वन्धि व्यवहारहरु | २ देखि ६ लिटर प्रति दिन |
| खाना पकाउनकोलाीग आधारभूत आवश्यकताहरु | ३ देखि ६ लिटर प्रति दिन |
| पानी सम्वन्धि कुल आधारभूत आवश्यकता | ७.५ देखि १५ लिटर प्रतिदिन |

**शौचालयहरुमा पहुंच तथा तिनको संख्या**

मानिसहरुकोलागि तिनको निवास नजिकै रातदिन जुनसुकै समयमा पनि छिटो, सुरक्षित तथा मान्य तरिकाले प्रयोग गर्न सुविधा हुने गरि पर्याप्त संख्यामा शौचालयहरु हुनु पर्छ । प्रति व्यक्ति २० शौचालय हुनुपर्छ । शौचालयको ढांचा आरामदायी, सुरक्षित र स्वस्थ्यकर हुनुपर्छ ।

त्यस्तै फोहरमैला व्यवस्थापन, रोगबाहक नियन्त्रण, ढलनिकास सम्वन्धि पनि आधारभूत मापदण्डहरु व्यवस्था गरिएका छन् ।

**खाद्द सुरक्षा, पोषण तथा खाद्द सहयोगमा न्यूनतम मापदण्डहरु**

पर्याप्त खानाको हरेक व्यक्तिलाई छ । उक्त अधिकारलाई अन्तराष्ट्रिय कानूनी दस्ताबेजहरुमा मान्यता प्रदान गरिएको छ र यसमा भोकबाट मुक्त रहने अधिकार छ । पर्याप्त खाना सम्वन्धि हकका प्रमुख बुंदा यसप्रकार छन् :

- व्यक्तिलाई खानाका आवश्यकता पुरा गर्ने मात्रामा खराव तत्व नमिसिएको, सम्वन्धित संस्कृतीमा मान्य हुने तथा गुणस्तरको खाद्द उपलव्ध हुनुपर्छ
- त्यस्तो खाना निरन्तर सुलभ हुनुपर्छ । यसले अरुको मानवअधिकार उपभोगमा वाधा पुरयाउनु हुदैन ।

शशस्त्र द्धन्दको बेला लडाकुहरुले खाद्द सामाग्री सो उत्पादन गर्ने कृषि क्षेत्र, अन्नवाली तथा पशुधनमाथि हमला वा सो नाश गर्न मनाही गरिएको छ ।

खाद्द सुरक्षा तव भएको मानिन्छ जव मानिसले सधै स्वस्थ्य तथा सक्रिय जीवनयापनकालागि भौतिक वा आर्थिक रुपमा सुरक्षित तथा पोषक खाना पर्याप्त मात्रामा प्राप्त गर्छन।

विश्व स्वास्थ्य शिखर सम्मेलनको कार्य योजना अनुच्छेद १, १९९६

प्रति व्यक्ति २१०० के क्याल आवश्यकता पर्छ । खाद्दवस्तुको आवश्यकता सम्वन्धि मूल्यांकन गर्दा इन्धनको पनि मूल्यांकन गर्नुपर्छ । स्वास्थ्यमा दुष्प्रभाव नपर्ने तथा बढी दाउरा संकलन गर्दा वातावरणमा प्रभाव नपर्ने गरी इन्धनको आपुर्ति हुनु पर्छ ।

खानाको पोका बलिया,चलाउन, भण्डारण गर्न तथा बांडन सुविधाजनक र वातावरणलाई असर नपुरयाउने, खानाका पोकाम मिति, पकाउने सर्वोतम विधि र पोषक तत्वहरुको विवरण टासिएको हुनुपर्छ । प्रत्येक घर परिवारसंग एउटा पकाउने भांडो, ४० लिटर क्षमताको पानी राख्ने भांडा, प्रति व्यक्ति प्रति महिना २५० ग्राम साबुन र पर्याप्त इन्धन हुनुपर्छ ।

**आश्रय, आवास तथा आखाद्द सामाग्रीहरु सम्वन्धि न्यूनतम मापदण्डहरु**

आश्रय तथा बास अखाद्द सामाग्रीहरु : कपडा , ओछयान तथा घरेलु समाग्रीहरु

हरेक व्यक्तिलाई पर्याप्त आवासको हक छ। उक्त अधिकारलाई अन्तराष्ट्रिय कानूनी दस्ताबेजहरुमा मान्यता प्रदान गरिएको छ । आवास सम्वन्धि हकमा सामान तथा सेवा जस्तै प्राकृतिक तथा सामान्य श्रोत, सुरक्षित खानेपानी, पकाउने, तताउने, र वाल्ने उर्जा, सरसफाई तथा धुलाई गर्ने सुविधा, खाद्द भण्डारण गर्ने सुविधा,कसिंगर व्यवस्थापन, ढल निकास र आपतकालिन सेवाहरु पनि पर्दछन् ।

मानिसहरुलाई पर्याप्त ठाउं, चिसो आद्रता, गर्मी, बर्षा, हावा वा स्वास्थ्यलाई हुने अन्य खतरा, संरचनागत खतरा, रोग सार्ने तत्व, बाट जोगिने सुविधाहरु प्राप्त हुनु पर्दछ ।

ढाकिएको भुईको क्षेत्र कम्तिमा प्रति व्यक्ति ३.५ मि २ वर्गमिटर हुनुपर्छ । हावापीबाट आवश्यक संरक्षण, गोपनियता तथा सम्मान प्रदान गर्न सक्ने अवस्था भएको हुनुपर्छ । सुत्न, लुगा धुन, लुगा फेरफार गर्न, शिशु, वालवालिका तथा विरामी परेकाहरुको स्याहार सुसार गर्न, खाद्दान्न पानी, अन्य घरेलु सामाग्री र अन्य सम्पती भण्डारण गर्न आवश्कताअनुसार भित्रै पकाउन र खान र घर परिवारको सामान्य भेला हुनको लाीग आवश्यक पर्याप्त ठाउं हुनु पर्दछ ।

महिाल वालवालिका, पुरुष तथा केटाहरु संग ठिक्क नाप मिल्ने आफनो संस्कृती मौसम तथा हावापानी सुहांउदो कम्तिमा पुरा एकजोर न्यानो, टिकाउ, लुगाफाटा, शिशु तथा दुइ वर्षसम्मका वालवालिकाको लागि कम्तिमा १०० सेमीको कम्वल छ , प्रति महिना प्रति व्यक्ति २५० ग्राम नुहाउने, २०० ग्राम लुगा धुने, रजस्वला महिलाको लागि कपडा, शिशुकोलाीग कपडा, १०० ग्राम दन्तमंजन, एउटा ब्रस, २५० मिली स्याम्पू, बच्चाको लागि २५० मिली लोसन, एउटा

काइयो, नङ. काटने सामान उपलव्ध हुनु पर्छ । थाल, भांडा, स्टिलको चम्चा, आदि पनि आवश्यकता अनुसार हुनुपर्छ ।

**स्वास्थ्य सेवाहरुमा न्यूनतम मापदण्ड**

अन्तराष्ट्रिय कानूनी दस्तावेजहरुमा मान्यता प्राप्त भए अनुसार प्रत्येक व्यक्तिहरुलाई स्वास्थ्य सम्वन्धि हक छ । स्वास्थ्य हक अर्न्तगत सुरक्षित पानी, तथा पर्याप्त सरसफाइमा पहुंच, सुरक्षित खानाको पर्याप्त आपूर्ति, पोषण तथा आवास, स्वस्थय वातावरणिय परिस्थिति, स्वास्थ्य सम्वन्धि शिक्षा तथा सुचनामा पहुंच, भेदभावरहित तथा मानव सम्मान र व्यक्तिगत आत्मसम्मानको प्रतिस्थापन पर्दछन् ।

उपचारकहरुले प्रति दिन ५० जना विरामी भन्दा बढी जांच्न .नपर्ने, ५०० देखि १००० जनामा एक स्वास्थय कर्मी, २००० जनामा एक सुडेनी, प्रति १० घरेलु भिजिटरलाई एक सुपरिवेक्षक ५०००० जनसंख्याकालाीग योग्य पांच स्वास्थ्यकर्मी, साथै मलम पट्टी, सुइ लगाउने ड्रेसिङ. गर्ने आवश्यक दक्ष स्वास्थ्यकर्मीहरु हुनु पर्दछ ।सरुवा रोगहरुको नियन्त्रण, खोपहरुको व्यवस्था, लाशको व्यवस्थापन, प्रजनन् सेवा सम्वन्धि व्यवस्था, आपतकालिन प्रसुती व्यवस्था, नसर्ने रोगहरु घाउचोटपटकको लागि व्यवस्था, एच.आइ.भी एडस, मनोवैज्ञानिक उपचारको व्यवस्था आदि हुनु पर्दछ ।

**अन्तराष्ट्रिय रेडक्रस तथा रेड क्रिसेन्ट अभियान तथा गैर सरकारी संस्थाहरुको लागि आचार संहिता**

१. मानविय आवश्यकता सर्वप्रथम आउंछ । मानविय सहयोग पाउने तथा प्रदान गर्ने हक भनेको आधारभूत मानविय सिध्दान्त हो ।

२. सहयोग पाउनेहरुको जाती, धर्म, वा राष्ट्रियतासम्वन्धि कुनै भेदभाव नगरी र अन्य कुनै विभेद  नगरी सहयोग प्रदान गरिन्छ । सहयोग सम्वन्धि प्राथमिकता आवश्यकताको आधारमा मात्र निर्धारण गरिन्छ ।

३. सहयोगको कुनै खास राजनितिक वा धार्मिक विश्वासलाई सर्म्वधन गर्न भनी गरिने छैन

४. हामी सरकारको बैदेशिक नितिका साधनको रुपमा काम नगर्ने प्रयास गर्ने छौं

५. हामी संस्कृती तथा संस्कारको सम्मान गर्नेछौं

६. हामी स्थानिय क्षमताका आधारमा संकट सम्वन्धि कार्यक्रमको विकास गर्ने प्रयास गर्नेछौं

७. राहत सहयोगको व्यवस्थापनमा कार्यक्रमबाट लाभ उठाउनेहरुलाई संलग्न गराउने उपायहरु खोजिनेछ ।

८. राहत सहयोगले प्रकोपबाट उत्पन्न हुने भावी खतरालाई कम गर्नुको साथै आधारभूत आवश्यकताहरु पुरा गर्ने प्रयास गर्नुपर्छ ।

९. हामी आफुले सहयोग गर्न चाहेको तथा आफुले श्रोत स्विकार गरेका दुवै निकायप्रति जिम्मेवार ठान्छौं

१०. आफना कृयाकलापबारे सुचना, प्रसार तथा प्रसार गर्दा हामीले प्रकोप पिडित व्यक्तिलाई निसहाय वस्तुका रुपमा नभै सम्मानित मानवका रुपमा हेर्नेछौ

**शेशन सात**
**शिर्षकः सहभागिमूलक संकटाभिमुख विश्लेषण, Participatory Vulnerability Analysis (PVA)**

**उध्देश्यः**

**यस शेसनको अन्त्यमा सहभागीहरुले**

- सहभागिमूलक संकटाभिमुख विश्लेषण र यसका सिध्दान्तहरु के हो बताउन सक्नेछन्
- सहभागिमूलक संकटाभिमुख विश्लेषण गर्ने तरिका सिक्नेछन्

**समयः** ९० मिनेट

**विधिः** मष्तिष्क मन्थन, लघु प्रवचन, छलफल

**सामाग्रीहरुः** सेतो पाटी, बोर्ड मार्कर, मल्टि मिडिया तथा ओभरहेड प्रोजेक्टर

**सहजीकरणका प्रक्रियाहरुः**

- सहभागिमूलक संकटाभिमुख विश्लेषण वा संकटाभिमुख विश्लेषण बारेमा के थाहा छ भनी सोध्ने , यदि कसैले विश्लेषण गरेको छ भने भन्न लगाउने
- सहभागिले भनेका कुरालाई छलफल गर्ने
- सहजकर्ताले सहभागिमूलक संकटाभिमुख विश्लेषण र यसका सिध्दान्तहरु बताइदिने
- सहभागिमूलक संकटाभिमुख विश्लेषण कसरी गरिन्छ र यसका तरिकाहरु सहभागीहरुले भनेको कुरालाइ आधार मान्दै स्पष्ट पार्ने

# शेशन सातकालागि सर्न्दभ सामाग्री र हाते पत्रहरु

**सहभागिता (Participatory)**
संकटाभिमुख तथा खतरामा पर्न सक्ने संभावना भएका समुदायहरु ऋनि यसका असरबाट जोगाउन जिम्मेवारी लिएर बसेका निकायहरुको सहभागिता ।

**संकटाभिमुख (Vulnerability)**
संकटाभिमुख भन्नाले खतरा तथा जोखिम तर्फ उन्मूख अवस्थालाई जनाउंदछ । जव जव परिस्थिति नियन्त्रण भन्दा बाहिर हुन्छ वा हुदै जान्छ संकटाभिमुख बढदै जान्छ ।

**विश्लेषण (Analysis)**
कुनै पनि घटना परिस्थितिको सुक्ष्म अध्ययन गरि अव के हुन सक्छ, कसरी हुन सक्छ, किन हुन्छ, के असर गर्छ, असरलाई कसरी क मगर्ने अथवा घटना हुन नदिन के गर्ने भन्ने बारे जानकारी गराउंदछ ।


**सहभागिमूलक संकटाभिमुख विश्लेषण के हो ? Participatory Vulnerability Analysis (PVA)**
सहभागिमूलक संकटाभिमुख विश्लेषण भनेको एउटा व्यवस्थित प्रक्रिया हो जाहां समुदायका मान्छेहरु र अन्य सरोकारवालाहरु बसेर सम्वन्धित समुदायको संकटाभिमुखको गहिरो छलफल र जांचबुझ गर्छन् र सोही समयमा संकटाभिमुखको बारेमा कार्य गर्न समुदायका मान्छेलाई उत्प्रेरित तथा शशक्त वनाउंदछन्। सहभागिमूलक संकटाभिमुख विश्लेषणको मुख्य उध्देश्य प्रकोप पूर्व तयारी र उद्धार तथा राहतलाई विकासको लामो प्रक्रियामा जोडनु हो ।

सहभागिमूलक संकटाभिमुख विश्लेषण एउटा गुणात्मक रुपमा संकटाभिमुखको विश्लेषण गर्ने तरिका हो जाहां संकटाभिमुख मानिसहरुको नै सहभागिता हुन्छ । यस विश्लेषणमा संकटाभिमुख के हो, यस्का कारणहरु के के हुन् , संकटाभिमुख समुहहरु को को हुन् र संकटाभिमुखलाई कम गर्नको लागि कार्य योजना तय गर्ने गरिन्छ।

संकटाभिमुख असमान शक्ति तथा श्रोत वितरणको उपज हो । संकटाभिमुखको बुझाइले व्यक्ति तथा समुदायलाई संकटमा पर्न नदिन के गर्ने, संकटमा पर्न गए यसको नकारात्मक असरबाट समुदायलाई कसरी जोगाउन सकिन्छ भन्ने कुरा समेत सचेत गराउंछ । यसको बुझाईले मानिसको आधारभूत अधिकार के हो यसको सुनिश्चितता कसले गर्नु पर्दछ भन्ने कुराको जानकारी दिन्छ । शक्ति असंतुलनको अवस्थालाई परिवर्तन गरि शक्तिहिन वर्गको पक्षमा काम गर्न प्रेरित गर्दछ । समाजमा विद्दमान शक्तिहिनता, अधिकारविहिनता, राजनैतिक शक्तिहिनता र विभेदजन्य व्यवहारले संकट वृध्दि गरिरहेको हुन्छ ।

सहभागिमूलक संकटाभिमुख विश्लेषण समुदाय स्तरमा, जिल्ला स्तरमा, क्षेत्रिय स्तरमा, राष्ट्रिय स्तरमा र अन्तराष्ट्रिय स्तरमा गरिन्छ ।

## सहभागिमूलक संकटाभिमुख विश्लेषण मोडेल




समुदायको बैठक, छलफल तथा विश्लेषण, स्थानिय सहजकर्तालाई तालिम, सहभागिमूलक पध्दती

सरोकारवालाहरुको लक्षित समुह छलफल, स्थानिय स्तरमा पैरवी, समन्वय र अभिलेख व्यवस्थापन

छानिएका विषयहरुमा अध्ययन अनुसंधान, राष्ट्रिय स्तरमा पैरवी, गोष्ठि, अनुगमन र भ्रमण

अन्तराष्ट्रिय गोष्ठि, नितिगत पैरवी, राष्ट्रविच प्राविधिक सहयोग, समन्वय

### सहभागिमूलक संकटाभिमुख विश्लेषणका मूख्य सिध्दान्तहरु

- सहभागिमूलक पध्दतिबाट सवैभन्दा संकटमा परेको मानिस तथा मानिसहरुको समुह पहिचान गर्नुपर्छ
- समुदायले बर्तमान तथा भविष्यमा भोग्नुपर्ने समस्याको समाधानका उपायहरु निकाल्नको लागि गरिव तथा पछाडि पारिएका समुदायको सहभागिता हुनु पर्छ
- सहभागिमूलक संकटाभिमुख विश्लेषण साध्य होइन समुदायको हितकोलागि परिवर्तन गर्ने कार्यहरु निर्माण गर्दछ ।
- संकटाभिमुखका श्रोतहरु र समाधानहरु समुदायको नियन्त्रणभन्दा बाहिर हुन्छन् र यसकालागि बहुआयमिक प्रक्रियाहरु अपनाउनु पर्दछ । म्याको र माइको स्तरको विश्लेषण हुनु पर्दछ ।
- खतरा र जोखिमलाई मात्र नहेरी सामाजिक, राजनैतिक, सांस्कृतिक, भौगोलिक, लिंगिय तथा आर्थिक निर्धारक तत्वलाई पनि ध्यान दिनु पर्छ
- यो अधिकारमुखी विकास पध्दतीमा आधारित छ ।
- विश्लेषण समुदायलाई जानकारी हुनुपर्ने र कार्यउन्मुख हुनुपर्छ । कार्य चाहिं अल्पकालिन तथा दिर्घकालिन योजनालाई जोडने हुनु पर्छ

## सहभागिमूलक संकटाभिमुख विश्लेषण पाइलाहरु

**पहिलो पाइला :**

**संकटाभिमुखको अवस्था विश्लेषण**

- संकटाभिमुखको अवस्था वा उपस्थिति
- कसरी भिन्न भिन्न मानिसले संकटाभिमुखको सामना गरिरहेका छन् ।
- बर्तमान चुनौती तथा संकटाभिमुख

**विधिहरु :**

- ऐतिहासिक पृष्ठभूमि , समय रेखा
- लक्षित समुह छलफल
- संकटाभिमुख नक्शांकन
- मौसमी पात्रो
- जिविकोपार्जन विश्लेषण

**आवश्यक सूचनाहरु**

- संकटाभिमुख सम्वन्धि गहिरो बुझाइ
- खतरा संग को बढी परिचित छ (संकटाभिमुख का तह, वर्ग र स्थानको पहिचान)
- खतराहरुको पहिचान, खतराको समय र खतरा घटने मात्रा ९ाचभत्रगभलअथ०
- खतरा घटना हुन सक्ने परिवर्तित प्रवृत्ती ९तचभलमक०
- संकटाभिमुखको फरकपना : लिंगीय, उमेर र जनजातिको हिसावले
- संकटाभिमुखको विशेषता बारेमा सहमति

**सहजकर्तालाई सुझाव**

- संकटाभिमुखको अवधारणालाई परिचित वा प्रस्तुत गर्ने
- समुदायलाई लक्षित समुह छलफल विधिद्धारा छलफलमा भाग लिन लगाउने र उदाहरणहरु दिन लगाउने । घटना अध्ययन गर्न महिलाहरुको, पुरुषरुको, युवाहरुको छुट्टा छुट्टै समुह पनि बनाउन सकिन्छ र केही समुहलाई समय रेखा, केहीलाई लक्षित समुह छलफल र केही लाई संकटाभिमुखको नक्शा बनाउन लगाउन सकिन्छ ।
- सहभागीहरुलाई समुदायले प्रकोप सम्वन्धि भोगेका अवस्थाहरुको समय रेखाबाट प्रस्तुत गर्नलगाई अन्य छलफल र संकटाभिमुख के हो भनी छलफल गर्न सकिन्छ । समय रेखाले को धेरै प्रभावित भयो र किन भयो भन्ने विश्लेषण गर्दछ र त्यसको कसरी सामना गरे भन्ने पत्ता लगाउने।

**दोश्रो पाइला**
**संकटाभिमुखको कारण विश्लेषण**

- संकटाभिमुखको कारण तथा मुख्य कारण पत्तालगाउने
- कारणहरुको प्राथमिकरण गर्ने

**विधिहरु**

- समस्या र उध्देश्य वृक्ष विश्लेषण
- अवधारणा नक्शांकन ९ अयलअभउत ꣿबउउष्लन०

**आवश्यक सूचनाहरु**

- संकटाभिमुखको गाह्रोपना वा  कठोरपना तथा त्यसका कारणहरु
- असुरक्षित अवस्थाहरु
- संकटाभिमुखको निर्धारक तत्वहरु
- संकटाभिमुखको कारणहरु
- कारणहरुको प्राथमिकता

**सहजकर्तालाइ सुझाव**

- पहिलो पाइलामा के गरिएको थियो एकछिन छलफल गरेर र संकटाभिमुखको कारणमा प्रवेश गर्ने
- समस्या वृक्ष मा प्रत्येक कारणको असर संग सम्वन्ध देखाउने र वढी असर छ भने रेखाद्धारा देखाउने
- लक्षित समुह छलफल विधि वा अवधारणा नक्शांकन विधिबाट यो सूचना लिन सकिन्छ ।
- असुरक्षित वातावरण, र केही कारणहरुले मानिसहरुलाई ससंकित वनाउन सक्छ जस्तो कि भौतिक वातावरण, सामाजिक सम्वन्ध (विकास सहयोग बाट बंचित समुह), भेदभाव, बंचितिकरण, असुरक्षा
- कारणहरु श्रोत र साधनमा पहुंचको कमी, अधिकार दावी गर्न सक्ने क्षमतामा कमी र निर्णय गर्ने क्षमतामा कमी हुन सक्छ ।
- मुख्य कारणहरु सवाल संग सम्वन्धित हुन सक्छन् जस्तै नीतिगत अवस्था, सुरक्षा सयन्त्रणको असफलता, परिवर्तित जिविकोपार्जन आदि

**तेश्रो पाइला**
**सामुदायिक कार्य योजनाको विश्लेषण**

- संकटाभिमुख घटाउनको लागि आवश्यक पर्ने श्रोत साधन, पूंजीहरु र रणनितिहरु के के अपानाएको छ थाहा पाउने

- संकटाभिमुख घटाउनको लागि बाहय सहयोगको आवश्यकता के लिएको छ थाहा पाउने

**विधिहरु**

- म्याट्रिक्स समुदायको सामना गर्न सक्ने क्षमता झल्किने गरि
- भेने डायग्राम
- समस्या र उध्देश्य वृक्ष
- अवधारणा नक्शांकन

**आवश्यक सूचनाहरु**

- मुख्य उध्देश्य संकटाभिमुख कम गर्न कार्ययोजना तय गर्नु
- सहभागीहरुको संकटाभिमुख सम्वन्धि धारणा बुझ्नु र यसले कसरी निर्णय प्रक्रियाम असर गर्छ
- सहभागीहरुको क्षमता थाहा पाउनु
- केले काम गरयो र के ले गरेन थाहा पाउनु
- के बाहय सहयोग प्राप्त गर्नुपर्छ
- कसरी उनीहरुले संकटाभिमुख कम गर्न सक्छन्

**सहजकर्तालाई सुझाव**

- सहभागिहरुको संकटाभिमुख के के हो र त्यसका कारणहरु के हुन् भनी छलफल शुरु गर्ने । समुदायले संकटाभिमुखकोलागि के गरेका छन्
- संकटाभिमुखको सामना गरिरहेको तरिकाहरु के के हुन लिस्ट तयार गर्ने

**पाइला चार**

**संकटाभिमुख विश्लेषणबाट कार्ययोजना तयार गर्ने**

- हस्तक्षेप गर्ने क्षेत्रहरुको प्राथमिकरण गर्ने
- कार्ययोजना बनाउने जस्मा मिति र जिम्मेवार व्यक्ति तोक्ने
-

**विधीहरु**

- संकटाभिमुख म्याट्रिक्स
- सामुदायिक कार्य योजना

**आवश्यक सूचनाहरु**

- प्रस्तावित गरेको कार्यले कसरी चाहे जतिको संकटाभिमुख घटाउंछ ।
- संकटाभिमुख कम भएको भन्ने कसरी महसुस गर्न सकिन्छ

- कस्तो खालको संकटाभिमुख र प्रकोप हुन सक्छ भन्ने भविष्यबाणी
- नयां चुनौतीहरु के के हुन त्यसले कसरी असर गर्छ र कसरी सामना गर्न सकिन्छ
- भविष्यको संकटाभिमुखको लागि वैकल्पिक योजना

**सहजकर्तालाई सुझाव**

- बर्तमान संकटाभिमुखको, खतराको, त्यसका कारणको, समुदायको क्षमताको र भविष्यमा गरिने कार्यको सारांस तय गर्ने
- सुरक्षित गर्ने र शशक्तिकरण गर्ने खालका रणनितीहरु र कार्यहरु के के छन् विचार गर्ने
- समुदायलाई उनीहरुको अधिकारको वारेमा शिक्षित बनाउने र विभिन्न निकायहरु जस्तै सरकारी कार्यालयहरुको पहुंच र उनीहरुको भूमिका थाहा पाउने

**मुख्य नतिजाहरु**

- समुदाय स्तरमा गरिने कार्यहरु के के हुन् र त्यसले कसरी संकटाभिमुख घटाउंछ र संकटाभिमुख घटिरहेको छ भन्ने समुदायले कसरी थाहा पाउंछन् स्पष्ट भएको हुनेछ ।
- जिल्ला स्तरमा गरिने कार्यहरु के के हुन् र त्यसले कसरी संकटाभिमुख घटाउंछ र संकटाभिमुख घटिरहेको छ भन्ने समुदायले कसरी थाहा पाउंछन् स्पष्ट भएको हुनेछ ।
- राष्ट्रिय स्तरमा गरिने कार्यहरु के के हुन् र त्यसले कसरी संकटाभिमुख घटाउंछ र संकटाभिमुख घटिरहेको छ भन्ने समुदायले कसरी थाहा पाउंछन् स्पष्ट भएको हुनेछ ।

**शेशन आठ**
**शिर्षकः सामाजिक नक्शा**

**उध्देश्यः**

**यस शेसनको अन्त्यमा सहभागीहरुले**

- सामाजिक नक्शा के हो र यसको महत्व बताउन सक्नेछन्
- सामाजिक नक्शा बनाउने तरिका सिक्नेछन्

**समयः** ९० मिनेट

**विधिः** मष्तिष्क मन्थन, लघु प्रवचन, छलफल र अभ्यास

**सामाग्रीहरुः** सेतो पाटी, बोर्ड मार्कर, मल्टि मिडिया तथा ओभरहेड प्रोजेक्टर

**सहजीकरणका प्रक्रियाहरुः**

- सहभागिहरुलाई सामाजिक नक्शा भनेको के हो भनी सोध्ने, सहभागीले भनेको कुरा सेतोपाटीमा टिप्ने
- सहभागीले भनेको कुरालाई समेटदै सामाजिक नक्शा भनेको के हो र यसको महत्व के छ भनी बताइदिने
- सहभागिहरुलाई कसैले सामाजिक नक्शा बनाउनु भएको छ भनी सोध्ने यदि कसैले बनाएको छ भने कसरी बनाएको छ भन्न लगाउने
- सहजकर्ताले सामाजिक नक्शा वनाउने तरिका वताइदिने
- सहभागिहरुमध्येबाट कुनै एक समुदायको सामाजिक नक्शा बनाउन लगाउने
- सहजकर्ताले नक्शा बनाउने प्रक्रिया तथा सामाजिक नक्शामा आउनुपर्ने कुराहरु आयो कि आएन भनी छलफल गर्ने

## सामाजिक नक्सा

सामाजिक नक्सो विभिन्न विधिहरुमध्येको एक हो । यस विधिको प्रयोग पश्चात अन्य विधिहरको प्रयोगमा सहजता आउने भएकोले पनि यसको प्रयोग सुरुमा गरिन्छ । यसलाई प्रवेश विधिको रुपमा पनि लिइन्छ, तर यसलाई सुरुमा नै गर्नुपर्छ भन्ने कुनै बाध्यता छैन, सूचनाको प्रकारअनुसार गर्न सकिन्छ ।

सामजिक नक्सालाई कतै गाउंको नक्सा पनि भन्ने गरिन्छ । कुनै पनि समुदायभित्र अवस्थित सामाजिक वस्तुहरु, घरधुरी, पाटी पौवा, मन्दिर, धारा, पोखरी, गुम्बा, पसल, विभिन्न सेवा केन्द्रहरु, मिल, घट्ट, आदिलाई नक्सा मार्फत प्रस्तुत गरिन्छ । माथि उल्लेख गरिए झैं सूचना संकलनको लागि मात्र प्रयोग नगरि समुदायका सदस्यहरु स्वयंलार्य आफ्नो गाउंठाउंमा रहेका सामजिक वस्तुस्थितिको बारेमा जानकारी गराउने र ती वस्तुहरुको प्रयोग के कसरी भइरहेको छ र कसरी हुनुपर्ने हो भन्नेबारे स्पष्ट तुल्याउंदै सशक्तिकरणको प्रक्रियामा थप तुल्याउंदै सशक्तिकरणको प्रक्रियामा थपबल पुऱ्याउनको लागि पनि सामाजिक नक्साको प्रयोग गर्ने गरिन्छ । यसैअनुरुप सामजिक नक्साले पनि सामाजिक वस्तुवारे सूचना संकलनमा जोड दिने नभई समुदाय के कस्ता सामजिक वस्तुहरु मौजुद छन्, ती वस्तुहरुको प्रयोग कसरी भइरहेको छ, ती वस्तुहरुमा गरीब तथा उपेक्षित वर्गको पहुंच के कति छ र ती वस्तुहरुको एक आपसमा कसतो अन्तरसम्बन्ध छ, गरीवीको कारणमा ती वस्तुहरुको भूमिका के छ र गरीबी निवारणमा ती सामजिक वस्तुहरुको उपयोग कसरी गर्न सकिन्छ भन्नेबारे छलफल तथा अन्तरक्रिया गरी समुदायको सदस्यहरुबीचबाटै योजनागर्ने कार्यहरुमा प्रोत्साहित गर्दै यसता कार्यहरुमा समुदायलाई नै सशक्त बनाउन सहयोग पुऱ्याउंछ ।

### उद्देश्यः

- समुदायमा भएका सामाजिक वस्तुस्थितिलाई नक्साको रुपमा प्रष्टसंग देखाउनु
- प्रत्येक घरधुरीको परिवार संख्या, महिला, पुरुष, बालक, युवा, जस्ता तथ्याङ्कहरु प्रस्तुत गर्नु
- प्रत्येक घरधुरी भित्र रहने जनसंख्या, पशुसंख्या, साक्षर निरक्ष संख्या, सीप भएका व्यक्तिहरुको संख्या, दीर्घरोगी, अपांग, पेशा जसता विविध सुचनाहरु बारे जानकार गराउनु ।
- माथि उल्लेखित देखाईएका सूचनाहरु छलफल तथा विश्लेषण गर्ने कार्यमा समुदायका सदस्यहरुलाई नै विशेष भूमिका निर्वाह गर्न, अझ गरीब तथा उपेक्षित वर्गलाई यो छलफलमा सहभागी तुल्याउन सहयोग पुऱ्याउनु ।

### प्रक्रिया :

सर्वप्रथम त सामजिक नक्साले के कति क्षेत्र ओगट्छ त्यसको निर्धारण गर्नु पर्दछ । यसको लागि कुन कुन गाउंमा लगभग कति घरधुरीहरु छन् कतिवटा टोलहरु छन्, गाउं वा टोल कतिको छरपष्ट रुपमा रहेका छन् त्यसबारे जानकारी हुनु आवश्यक छ, तब मात्र कत्रो क्षेत्रलाई ओगटेर सामजिक नक्सा तयार पार्ने हो आड्कल गर्नु सहज हुन्छ । यसको लागि समुदायमा नै गएर स्थानीय बासिन्दाहरुसंग छलफल चलाउनु पर्छ ।

हालसम्मको अनुभवको आधारमा पहाडी क्षेत्रमा टोलहरु धेरै छरपष्ट रुपमा रहेका छैनन् र घरधुरी संख्या पनि ६० भन्दा ज्यादा छैन भने एकै ठांउमा बसेर पनि सामजिक नक्सा तयार पार्न सकिन्छ । तर, सामजिक नक्साले ओगट्न सक्ने घर संख्याको सवालमा यति नै घरधुरीको

नक्सा एकै ठाउंमा बसेर तयार पार्न सकिन्छ भन्ने कुरा सुत्रको रुपमा लिन सकिन्छ । यसको लागि मूलतः समुदायमै गएर निर्क्योल गर्नु पर्दछ ।

एउटै वार्डमा थुप्रै ( कतै कतै त तीन चार सय नै) घरधुरीहरु हुने भएकोले टोल-टोललाइ छुट्याएर सजिलो हुने गरी नक्सा तयार पार्दा बढी तथ्यपुर्ण भएको अनुभव गरिएको छ । यदि समय पर्याप्त छ भने पहाडी गाउंहरुमा पनि एकै पटक सिंगो वार्डको वा त्यो भन्दा पनि ठूलो क्षेत्रको नक्सा तयार पार्ने पट्टि नलागी सानो सानो टोल (बढीमा ६० घरधुरीको) को नक्सा तयार पार्नु उचित हुन्छ । किनकि सामजिक नक्सा विधिको सिद्धान्त समुदायको नक्सा बनाएर सूचना लिनेमात्र नभई मुलतः यो प्रक्रियामा सबै जनताहरको सहभागीता बढाई सो कार्यमा सशक्त तुल्याउनु हो ।

सामजिक नक्सा बनाउनु भन्दा अगाडि एकै स्थलमा बसेर कुन-कुन टोलको नक्सा तयार पार्ने हो त्यस टोल वा गाउंहरुको प्रनिधित्व हुनेगरी त्यहांका व्यक्तिको (महिला, पुरुष, बालक, बृद्ध, जवान) उपस्थिति हुनु पर्दछ। जनसंख्या बारे छलफल गर्न महिलाहरु बढी सक्षम हुन्छन् भने केटाकेटी पनि उत्तिकै महत्वपूर्ण भएका उदाहरणहरु प्रशस्तै भेटिएका छन् । त्यसैले सामजिक नक्सा तयार पार्दा समुदायका बढीभन्दा बढी सदस्यहरुलार्य सहभागी तुल्याउनु पर्दछ । कतिपय बेला, महिला पुरुष एकै स्थानमा हुंदा महिलाहरु बोल्न हिचकीचाउने हुने स्थितिको सिर्जना हुने भएकोले महिलाहरुसंग भिन्दै, पुरुषहरुसंगै भिन्दै र केटाकेटीहरुसंग भिन्दै बसेर सामजिक नक्सा बनाउन पनि सकिन्छ ।

सामजिक नक्सा तयार पार्ने कार्य गर्न आवश्यक समुदायका सदस्यहरुको भेला भईसकेपछि निम्नानुसार कायृ गर्दै जानुपर्दछ :

- सहयोगीले उद्देश्य स्पष्ट बताईसकेपछि कुन घर वा स्थानमा बसेर नक्सा बनाउन लागिएको छ भुईमा, वा परिस्थिति अनुसार कागज वा अन्य साधनको प्रयोग गर्ने, एउटा सिन्काले सोही स्थान वा आफू बसेको स्थानलाई लक्षित गर्दै नक्सा कोर्न सुरुगर्ने र विस्तारै समुदायका व्यक्तिहरुलाई नै नक्सा कोर्ने कार्य अगाडि बढाउन प्रोत्साहित गर्ने । सहयोगीले सहयोगीको भूमिका निवाृह गर्नुपर्दछ । यो कार्यमा सिन्का हसतान्तरण (नेतृत्व हस्तान्तरण वा ९जबलमयखभच तजभ कतष्अप० सकेसम्म छिटो गर्नु पर्दछ ।
- नक्सा तयार भइसकेपछि एकपटक पुनः मन्दिर, पाटी, पौवा, चौतारी जस्ता त्यहां भएका सम्पूर्ण सामजिक वस्तुहरु नक्सामा उल्लेख भए नभएको जांच गर्ने । ती सामाजिक वस्तुहरु निम्न हुन सक्छन् :

| | | |
|---|---|---|
| घरधुरी | बाटो गोरेटो | मन्दिर |
| धारा | बंगैचा | विद्यालय |
| स्वास्थ्य चौकी | सेवा केन्द्रहरु | पसल |
| पूल | चौतारी | गुम्बा, माने, मस्जिद |
| पाटी, पौवा | मिल, घट्ट | कुलो |
| बिजुलीको खम्बा | गोठ | आदि |

- नक्सा पुर्णरुपमा तयार भईसकेपछि एकपटक पुनः जांच गर्ने, यतिवेला घर नं. र घरमूलीको नाम पनि मिलेको छ, छैन जांच गर्ने ।

- जांच भइसकेपछि आवश्यकतानुसार विभिन्न सूचनाहरु छलफल गर्न सकिन्छ, जस्तै : जनसंख्या, साक्षर संख्या, पशु संख्या, सीपवाला, आदि । यी विवरणहरु छलफल गर्दा विभिन्न वस्तुहरुको लागि भिन्दाभिन्दै अन्नहरुको प्रयोग गर्न सकिन्छ । जस्तो पुरुषको लागि मकै र महिलाको लागि भटमास (वा त्यस्तै अन्य अन्नहरु ।) यसोगर्दा बढी सरल हुनगई निरक्षर व्यक्तिहरुको पनि सहभागिता बढ्न जान्छ भने यो बढी दृष्यात्मक हुने भएकोले सशक्तिकरण प्रक्रियामा सहयोग पुग्दछ ।
- भुंइमा नक्सा तयार भइसकेपछि कागजमा उतार्ने ।
- एक पटक तयार भएको नक्सा समुदायका अन्य सदस्यहरु, जो उक्त नक्सा तयार पार्दा उपस्थित छैनन् उनहिरुलाई देखाएर नक्सा ठम्याउन सक्छन् कि सक्दैनन् भनी जांच गर्नु पर्दछ । यदि केही गल्ति कमजोरीहरु छन् भने सच्याउनु पर्दछ ।

**सम्भावित समस्या र समाधानका उपायहरु :**

- अधिकतम जनताहरुको सहभागिताको लागि अघिल्लो दिन गाउंको विभिन्न भागमा गएर सामाजिक नक्साको उद्देश्य प्रष्टसंग राखी कुनै वीच पर्ने ठांउमा, (समुदायकै सुझाव अनुसार) जम्मा हुने समय मिलाउनु पर्ने हुन्छ ।
- नक्सा बनाउदा सुरुवात राम्रो नभएमा पूर्ण नक्सा तयार नहुन सक्छ । यदि प्रत्येक टोलका व्यक्तिहरुको उपस्थिति नभएमा पनि यस्ता खाले समस्याहरु आइपर्न सक्छन् ।
- नक्सा बनाउने कार्यमा स्थानीय बासिन्दाहरुले सिन्का लिन (नेतृत्व लिन) हिच्किचाउने हुनसक्छ । किनकी समुदायका सदस्यहरुमा “हामीले पनि नक्सा बनाउन सक्छौं र” भन्ने धारणा हुनसक्छ । यसको लागि कि त यस कुरामा सहभागीहरुलाई विश्वस्त पार्न सक्नु पर्छकि उनीहरु पनि सक्षमछन् हैन भने सरल ढंगले ती स्थानीय व्यक्तिहरुले थाहा नै नपाउने गरी सिन्का हस्तान्तरण गर्नुपर्दछ ।
- कहिलेकाही एकै ठांउमा बसेर जनसंख्या जस्ता तथ्याङ्कहरु छलफल गर्दा सूचना छुट्ने वा अ-सूचना प्रवाह हुने अवस्था आईपर्न सक्छ । यदि यस्तो भएमा सम्बन्धित टोलमा गएर नै त्रिकोणात्मक जांच गर्नुपर्ने हुन्छ ।

**शेशन नवौं**
**शिर्षकः श्रोत नक्शा**

**उध्देश्यः**

**यस शेसनको अन्त्यमा सहभागीहरुले**

- श्रोत नक्शा के हो र यसको महत्व बताउन सक्नेछन्
- श्रोत नक्शा बनाउने तरिका सिक्नेछन्

**समयः** ३० मिनेट

**विधिः** मष्तिष्क मन्थन, लघु प्रवचन, छलफल र अभ्यास

**सामाग्रीहरुः** सेतो पाटी, बोर्ड मार्कर, मल्टि मिडिया तथा ओभरहेड प्रोजेक्टर

**सहजीकरणका प्रक्रियाहरुः**

- सहभागिहरुलाई श्रोत नक्शा भनेको के हो भनी सोध्ने, सहभागीले भनेको कुरा सेतोपाटीमा टिप्ने
- सहभागीले भनेको कुरालाई समेटदै श्रोत नक्शा भनेको के हो र यसको महत्व के छ भनी बताइदिने
- सहभागिहरुलाई कसैले श्रोत नक्शा बनाउनु भएको छ भनी सोध्ने यदि कसैले बनाएको छ भने कसरी बनाएको छ भन्न लगाउने
- सहजकर्ताले श्रोत नक्शा वनाउने तरिका वताइदिने
- सहभागिहरुमध्येबाट कुनै एक समुदायको श्रोत नक्शा बनाउन लगाउने
- सहजकर्ताले नक्शा बनाउने प्रक्रिया तथा श्रोत नक्शामा आउनुपर्ने कुराहरु आयो कि आएन भनी छलफल गर्ने

## श्रोत नक्सा

श्रोत नक्सा विधिले समुदायभित्र अवस्थित प्राकृतिका श्रोतहरुको अवस्था, ती श्रोतहरुको प्रयोग प्रकृया र प्रयोगकर्ताहरुबारे विश्लेषण गर्न सहयोग गर्दछ । प्राकृतिक श्रोतहरुमा पोखरी, कुवां पंधेरो, खोला-नाला, खोल्सा, झरना, चउर, वन, जंगल, डांडा, खानीहरु खेत बारी, आदी पर्दछ । सामजिक नक्सामा झैं सूचना संकलनको लागि मात्र श्रोत नक्सा विधिको प्रयोग नगरी समुदायका सदस्यहरु स्वयंकै सहभागितामा आफ्नो गाउं ठांउमा रहेका प्राकृतिक वस्तुस्थितिको बारेमा छलफल गर्दै ती वस्तुहरुको प्रयोग के-कसरी भई रहेको छ र वास्तवमा कसरी हुनुपर्ने हो भन्नेबारे स्पष्ट पारी सशक्तिकरणको प्रक्रियामा थप वल पुऱ्याउनको लागि गरिन्छ ।

प्राकृतिक वस्तुहरुमाथि समाजका कुन वर्गको पहुंच ज्यादा छ ती श्रोतहरुको कसलाई बढी फाइदा पुऱ्याइरहेको छ र गरीबी निवारण प्रक्रियामा यी श्रोतहरुको प्रयोग कसरी गर्न सकिन्छ भनी छलफल चलाउन सकिन्छ ।

### उद्देश्य :

- समुदायमा भएका प्राकृतिक वस्तुस्थितिलाई नक्साको रुपमा प्रष्टसंग देखाउनु
- प्राकृतिक श्रोतहरुको प्रयोग प्रक्रियावारे नक्साको सहयोगमा विश्लेषण गर्ने
- प्राकृतिक श्रोतहरुको सवालमा समस्या तथा अवसरहरुको विश्लेषण गर्ने

### प्रयोग प्रक्रिया :

श्रोत नक्सा विधिको प्रयोग प्रकृयाको सम्बन्धमा सामाजिक नक्सा विधि झैं नै गरिन्छ । तर, सामाजिक नक्सामा प्रत्येक घरधुरी देखाइन्छ भने यसमा टोलहरुलाई इंगित गर्दै कहांकहां प्राकृतिक श्रोतहरु छन् भन्ने कुरामा बढी छलफल हुन्छ । छलफलमा हुनुपर्ने सहभागिताको सवालमा भने सामाजिक नक्सा विधिमा जस्तै गरिन्छ ।

### सम्भावित समस्याहरु समाधानका उपायहरु :

यसमा पनि सामजिक नक्सा विधिमा जस्तै हुन्छ ।

**शेशन दशौं**
**शिर्षकः समय रेखा**

**उध्देश्यः**

**यस शेसनको अन्त्यमा सहभागीहरुले**

- समय रेखा के हो र यसको महत्व बताउन सक्नेछन्
- समय रेखा बनाउने तरिका सिक्नेछन्

**समयः** ३० मिनेट

**विधिः** मष्तिष्क मन्थन, लघु प्रवचन, छलफल र अभ्यास

**सामाग्रीहरुः** सेतो पाटी, बोर्ड मार्कर, मल्टि मिडिया तथा ओभरहेड प्रोजेक्टर

**सहजीकरणका प्रक्रियाहरुः**

- -सहजकर्ताले सहभागीहरुलाई समय रेखा के हो र कस्तो कस्तो सुचना लिइन्छ भनी एकछिन छलफल गर्ने
- समय रेखाको अर्थ, गर्ने तरिका तथा यस्को महत्व सहजकर्ताले बताइदिने
- कुनै एक समुदायको समय रेखाको अभ्यास गर्ने

## शेसन दसको लागि सन्दर्भ सामाग्री र हाते पत्र

### समय रेखा

**उद्देश्य :**

समुदायको ऐतिहासिक तथा घटनाक्रमाबारे छलफल तथा विश्लेषण गर्नु नै यस विधिको प्रमुख उद्देश्य हो । समुदायको ऐतिहासीक पक्ष कस्तो छ त ? वा उक्त समुदायले के कसतो इतिहास बोकेको छ भन्ने विषयवस्तु माथि सहभागीमूलक छलफल तथा विश्लेषणको लागि यो विधिको प्रयोग गरिन्छ ।

**महत्व**

समुदायको वारेमा धारणा वनाउन त्यस समुदायको इतिहास जान्न आवश्यक छ । इतिहास जानिसकेपछि मात्र त्यस समुदायमा कसरी काम गर्न सकिन्छ भन्ने जानकारी मिल्छ र काम सफल हुनमा सघाउ पुग्दछ ।

**सम्भावित समस्या र समाधानका उपायहरु :**

यस्तो छलफल गर्दा छलफलकर्ताहरु भावनामा बग्ने हुनसक्छ । उनीहरु आफ्नै कुराहरु बढी बताउन थाल्दछन् र कतिपय बेलामा आवश्यक नभएका विषयहरुमा कुरा हुन थाल्दछ। त्यस बखत सुचनाकर्तालाई प्रत्यक्ष हस्तक्षेप नगरी सूचनालाई आवश्यकता अनुसार मोढ्नु पर्ने हुन्छ । त्यसर्थ सूचनाकर्तालाई सबै विषयकोमिति थाहा नहुन सक्दछ र सुचना अपुरो हुन जान सक्छ । यस्तो वेलामा विभिन्न समयमा घटेका घटनाहरुलाई दांजेर मिति थाहा पाउनुपर्ने हुन्छ । जसतो भुंइचालो आएको साल, भुंइचालो आएको भन्दा यति वर्ष अगाडि वा यति वर्ष पछाडि काठमाण्डौंमा हिउं परेको साल (२००२ साल), रामेछापमा ठुलो पहिरो गएको साल भनेर पनि तुलना गर्न सकिन्छ र पछी अहिले पहिरो गएको  कति वर्ष भयो हेरेर मिति निकाल्न सकिन्छ ।

**समय रेखाको नमुना प्रति :**

| | | |
|---|---|---|
| वि.सं. १९७६ | - | यस वार्डमा सालु गा.वि.स.बुद्धिमान दमाई पहिरोले थिचेर मरेको । |
| वि.सं. १९९० | - | ठूलो भूकम्प आएको त्यहां भएको २४ घरहरु ढलेको । |
| वि.सं. २००२ | - | यो वर्ष निकै हिउं परेको, २ हप्तासम्म ३ फुट हिउं जमेको । |
| वि.सं. २००५ | - | यस गाउंका बीरमान स्याङ्तान आगलागीमा परेर मरेको । |
| वि.सं. २००७ | - | ठूलो महामारी फैलिएर मन्थलीमा ११ जना बच्चाहरु मरेको । |
| वि.सं. २०१७ | - | देशमा ठूलो भोकमरी र मानिसहरुले रुखका बोक्रा उसिनिएर खाएको । |
| वि.सं.२०२६ | - | यो वर्ष गाउंलेहरु मिलेर श्रमदानबाट बाटो खनेर माईस्थानसम्म जिप ल्याएको |
| वि.सं.२०३२ | - | रसायनिक मलको प्रयोग, उत्पादन तीनगुना बढेको, वरपरका गा.वि.स.का मानिसहरु समेत बाली भित्र्याएको हेर्न आएको |
| वि.सं.२०३६ | - | बजारको हाइस्कूलका विद्यार्थीहरुले जुलुस निकालेका |
| वि.सं.२०४४ | - | गा.वि.स.हरुमा दैवी प्रकोप सम्बन्धि तालिमको सूरुवात भएको । |
| वि.सं.२०४६ | - | जन आन्दोलन भएको, बहुदल आयो भनेर गरिबहरुले बंगूर बाटेर खाएका । |
| वि.सं.२०५० | - | पानी मिलको स्थापना |

**शेशन एघारौं**
**शिर्षकः मौसमी पात्रौ**

**उध्देश्यः**

**यस शेसनको अन्त्यमा सहभागीहरुले**

- मौसमी पात्रो के हो र यसको महत्व बताउन सक्नेछन्
- मौसमी पात्रो बनाउने तरिका सिक्नेछन्

**समयः** ३० मिनेट

**विधिः** मष्तिष्क मन्थन, लघु प्रवचन, छलफल र अभ्यास

**सामाग्रीहरुः** सेतो पाटी, बोर्ड मार्कर, मल्टि मिडिया तथा ओभरहेड प्रोजेक्टर

**सहजीकरणका प्रक्रियाहरुः**

- सहजकर्ताले मौसमी पात्रो भनेका के हो , मौसमी पात्रो बनाउनुको उध्देश्य के हो छलफल गर्ने
- मौसमी पात्रोमा कस्ता कस्ता सुचना लिइन्छ छलफल गर्ने र कसरी तयार गरिन्छ सोध्ने
- सहजकर्ताले सहभाहिरुको भनाई मिलाउंदै मौसमी पात्रोको अर्थ, महत्व र तयार गर्ने विधी बताइदिने
- कुनै एक समुदायको मौसमी पात्रो तयार गर्ने

## शेसन एघारको लागि सर्न्दभ सामाग्री तथा हाते पत्रहरु

### मौसमी पात्रो

**उद्देश्य :**

कुनै पनि समुदायमा विभिन्न मौसममा हुने गरेका विविध क्रियाकलापहरुलाई सरल रुपमा चित्रको माध्यमबाट देखाउनु नै मौसमी पात्रो विधिको प्रमुख उद्देश्य हो । यस विधिको सहयोगमा समुदायमा कुन समयमा कुन दैवी प्रकोपका घटनाहरु घट्छन् , कुन समयमा के कस्ता रोगहरु (मौसमी रोगहरु) लाग्दछन्, कुन महिनामा ऋणको आवश्यकता पर्दछ , कुन समयमा खानेकुराको कमी हुन्छ आदि जस्ता मौसमसंग सम्बन्धित विविध विषयहरुमा समुदायका सदस्यहरकै सहभागीतामा छलफल तथा विश्लेषण गरिन्छ ।

**महत्व :**

ग्रामीण समुदायमा कुन कुन समयमा के कसता क्रियाकलापहरु सञ्चालन गरिन्छन् भन्ने कुराको छलफल भएपछि मात्र सहभागीमूलक रुपमा विकासका कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ । जस्तो, कुन महिनामा बाढीको प्रकोप बढ्दछ , कुन महिनामा पुर्वतयारीका कार्य गरिन्छ, कुन महिनामा व्यवस्थापन कार्यहरु गरिन्छ जसता सूचनाहरुको ज्ञान हुन सकेमा दैवी प्रकोप सम्बन्धी कसता क्रियाकलापहरु कहिले सञ्चालन गर्नुपर्ने हो थाहा पाउन सकिन्छ ।

त्यस्तै उक्त समुदायमा कुन समयमा कसता रोगहरु, यसमा पनि विशेषगरी मौसमी रोगहरु, ले सताउने गरेको छ भन्नेबारे जानकारी भएमा त्यसबारे पूर्वतयारी गर्न सजिलो पर्नजान्छ । उदाहरणको लागि यदि जेष्ठ महिनामा बढी झाडाबान्ताले सताउने गरेको देखियो भने बैशाखमा नै आवश्यक रोकथामको लागि गोष्ठी, तालिम वा अन्य पूर्वतयारी गर्न सकिन्छ ।

**शेशन बाह्रौं**
**शिर्षकः प्रकोप स्तरिकरण**

**उध्देश्यः**

**यस शेसनको अन्त्यमा सहभागीहरुले**

- प्रकोप स्तरिकरण के हो र यसको महत्व बताउन सक्नेछन्
- प्रकोप स्तरिकरण गर्ने तरिका सिक्नेछन्

**समयः** ३० मिनेट

**विधिः** मष्तिष्क मन्थन, लघु प्रवचन, छलफल र अभ्यास

**सामाग्रीहरुः** सेतो पाटी, बोर्ड मार्कर, मल्टि मिडिया तथा ओभरहेड प्रोजेक्टर

सहजीकरणका प्रक्रियाहरु

- सहजकर्ताले सहभागिहरुलाई स्तरिकरण भनेको के हो र स्तरिकरण कसरी गरिन्छ भन्ने बारेमा छलफल गर्ने
- स्तरिकरणको अभ्यास कसैले गरेको छ भने भन्न लगाउने वा गर्न लगाउने
- सहजकर्ताले स्तरिकरण के हो, यो किन गरिन्छ र कसरी गरिन्छ भनेर व्याखया गरिदिने
- स्तरिकरणको नमुना अभ्यास गरेर देखाइदिने

# शेसन बाह्रकोलागि सर्न्दभ सामाग्री तथा हाते पत्रहरु

## प्रकोप स्तरिकरण

**उद्देश्य :**समुदायमा के कस्ता समस्याहरु विद्यमान छन्, ती समस्याहरमध्ये सबैभन्दा जटिल समस्या के हो र समुदायका सदस्यहरु कुन समस्यालाई प्राथमिकता दिन्छन् भन्ने विषयको विश्लेषणको लागि चाहना स्तरीकरण विधि उपयुक्त हुने महसुस गरिएको छ । तर, समस्याबाहेक अन्य विषयहरुमा पनि यसको प्रयोग गर्न सकिन्छ । विशेषगरी कुनैपनि वस्तुहरुको छनौट गर्नुपर्दा समुदायमा कुन चाहिं वस्तुलाई बढी प्राथमिकता दिईंदोरहेछ र बढी चाहना दिनुको पछाडिको कारणबारे बुझ्नु ने चाहना सतरीकरणको प्रमुख उद्देश्य हो । यसले समुदायले कुन कुरा मन पारउंछन् भन्दा कुन कुरा रोज्छन् भन्ने कुरालाई बढी प्राथमिकता दिन्छ । खासगरी रोजाई अवस्थासंग सम्बन्धित हुन्छ । यस विधिले कुनै पनि कुरा किन रोजिन्छ त्यसको सूचकहरु पनि देखाउंछ ।

**महत्व :**सबै ठाउंमा एकै प्रकारको चाहना हुन्छ भन्ने जरुरी छैन । त्यसको पछाडि त्यहांको सामाजिक आर्थिक, सांस्कृतिक तथा अन्य पक्षले प्रभाव पारेको हुन सक्छ । सामुदायिक विकास कार्यक्रम सञ्चालन गरिनु अघि यी कुराहरुबारे छलफल तथा विश्लेषण हुनु आवश्यक छ । अन्यथा समुदायको आवश्यकता र कार्यक्रममा भिन्नता पर्न गई उपलब्धिहिन हुन सक्छ । उदाहरणको लागि समुदायमा कुन समस्या बढी विकराल रुपमा रहेको छ वा समुदायको लागि पहिलो प्राथमिकतामा पर्ने (समाधानको लागि) समस्या कुन हो भन्ने थाहा पाएपछि मात्र समुदायलाई सोही कार्यक्रम अगाडि लैजान सहयोग गर्नुपर्ने हुन्छ ।

यस विधिको सहयोगवाट कुन चीजलाई किन प्राथमिकता दिईन्छ भन्ने मात्र नभई किन दिइन्छ भनी सूचक समेत पत्ता लगाईन्छ । साथै कुन सूचकको लागि कुन चाहिं बस्तु बढी महत्वपूर्ण छ भन्ने कुराको थाहा लाग्दछ । जस्तो, बाडीको प्रकोपले कुन कुन स्थानमा बढी विनास गर्दछ वा बढी प्रभाब पार्दछ भन्ने पनि थाहा पाईन्छ ।

यस विधिको सहयोगमा समस्या लगायत विभिन्न दैवी प्रकोपका घटनाहरु , व्यक्ति, स्थान, पशुपंक्षी, खानेकुरा, रुख, डालेघांस जस्ता विभिन्न विषयहरुको चाहना स्तरिकरण गर्न सकिन्छ ।

**प्रकोप स्तरिकरण :**

| | वाडी | पहिरो | आगलागी | भूकम्प | यूद्ध | माहामारी |
|---|---|---|---|---|---|---|
| वाडी | × | वाडी | वाडी | वाडी | यूद्ध | वाडी |
| पहिरो | × | × | पहिरो | पहिरो | यूद्ध | पहिरो |
| आगलागी | × | × | × | आगलागी | यूद्ध | आगलागी |
| भूकम्प | × | × | × | × | यूद्ध | माहामारी |
| यूद्ध | × | × | × | × | × | यूद्ध |
| माहामारी | × | × | × | × | × | × |
| | ४ | १ | १ | १ | ६ | २ |

**सन्दर्भ सामाग्रीहरु**


१. रामचन्द्र न्यौपाने प्रकोप ज्ञानमाला १, परिचय तथा व्यवस्थापने,, वातावरण तथा बाल सरोकार संस्था, नेपाल, असोज २५, २०६३

२. An Overview of Disaster Management, UNDP, UNDRO 2nd edition,1992

३. श्याम सुन्दर ज्ञवाली, प्रकोप व्यवस्थापन अभिमुखिकरण हातेपत्र, एक्शन एड नेपाल, २००५

४. राम प्रसाद भट्टराई, सहभागिमूलक प्रकोप व्यवस्थापन प्रशिक्षक प्रशिक्षण पुस्तिका,

५. Participatory Vulnerabilty Analysis, A step by step guide for field staff, International Emergency Team, Action Aid International, London UK

६. Community Based Disaster Risk Management , Field Practioner Hand book, Imelda Abarquez and Zubair Murshed, Asian Disaster Preparedness Centre, (ADPC)

७. महिला अधिकारकालागि वकालत तालिम निर्देशिका, एक्शन एड नेपाल, २०६३

८. Mary B, Anderson, Impact of disaster on poor, A background note submitted to submitted to Cornell University

९ं समुदायमा आधारित प्रकोप व्यवस्थापन कार्यक्रम पुस्तिका, नेपाल रेडक्रस सोसाइटी, कालिमाटी, काठमाण्डौ

१०. स्फियर परियोजना, मानवताबादी घोषणा पत्र तथा प्रकोप सहायता सम्वन्धि न्यूनतम मापदण्डहरु, नेपाल रेडक्रस सोसाइटी, एक्शन एड नेपाल, सेभ द चिल्ड्रेन एलायन्स नेपाल, लुथरन वर्ल्ड फेडरेसन, अक्सफाम जि.वी, नेपाल, प्राक्टिकल एक्शन नेपाल, नेपाली संस्करण २००६

११. सिंह राज उप्रेती, दैवी प्रकोप व्यवस्थापन

१२. कमल फुयाल, सहभागिमुलक ग्रामिण लेखाजोखा तालिम पुस्तिका


**प्रकोप संग सम्वन्धित स्लाइडहरु**

१. प्रकोपको पिडा

२. प्रकोपका अनुहारहरु, A major earthquakes hits, gujrat

३. स्फियर परियोजना

४. हेल्पम्यान कार्टुन

५. विस्थापित, Displacement

६. The other face of emergency

७. प्राकृतिक प्रकोप उध्दार तथा व्यवस्थापन, शाही नेपाली सेना

Mr. Dhruba Gautam (9851095808) and Mr. Ram Prasad Bhattarai (9851078802) will be good combination. Alternatively you can approach to Ms. Amrita Sharma (9841245514), Mr. Murari Pokharel (9841201072) and Mr. Laxmi Parajuli (9851082177) if they are available.

Mid level Trainers are Mr. Krishna Basyaoula, NRUSEC (9845063311), Mr. Sri Prasad Dawadi, (989845048262), Mr. Ravi Kiran Paudel, (9855055775) Mr. Deepak Lamichhane (9845046391)MDNGOCC, Mr. Krishna Ghimire (9845029795) …..

For the rest, I have not very good idea; you can consult to DPNet Niranjana Jee (014672165 – 9841221851) for the reference.

For the Training materials you can go to NSET Mr. Vijaya Upadhyay (9841443235), LWF Mr. Gopal Dahal (9851016527), OXFAM Mr. Bishnu Kharel, (9851011638), ECO Nepal Mr. Ramchandra Neupane (9841456005) and CARITAS Mr. Rajan Ghimire (9851060374 or 015538172) to get some training materials.